सर्वाधिक बिक्री हुने

# साप्ताहिक

सबैको लागि सम्पूर्ण पत्रिका

कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.




● वर्ष १५ ● अंक ४४ ● काठमाडौं, शुक्रबार, चैत ६, २०६६ ● SAPTAHIK ● Nepali National Weekly ● Friday, Mar 19, 2010 ● पृष्ठ २४ + ८ = ३२ ● मूल्य रु. १०/-



# निखिल र सञ्चिता विवाह गरेर मुम्बईमा

विदुर खतिवडा

विस्तृत पृष्ठ ५ मा



मध्यपृष्ठमा

बेबी

साप्ताहिक



## ● क्यासेट ●

### तरङ्ग




गीतकार लिल गुरुङले रचना गरेका आधुनिक गीतहरूको नयाँ संग्रह 'तरङ्ग' यसै सातादेखि श्रोतामाझ आएको छ। संग्रहमा बीबी अनुरागीले संगीतबद्ध गरेका गीतहरू सुन्न सकिन्छ। रचना संगीतले बजारमा ल्याएको यो संग्रहका गीत स्वरूपराज आचार्य, अञ्जु पन्त, सत्यराज आचार्य, कुमार सानु, मल्लिका कार्की, हेमन्त शर्मा तथा राहुल वैद्यले गाएका छन्।

### कोमल




गीतकार कोमल सयपत्रीका आधुनिक तथा पप गीतहरूको संग्रह 'कोमल' बजारमा आएको छ। संग्रहका गीत सुगम पोखरेल, धर्मेन्द्र सेवान, हेमन्त राना, इन्दिरा जोशी, रेश्मा सुनुवार, अरुण कार्की, सञ्जय किशोर तथा पुरुषोत्तम कोइरालाले गाएका छन्।

### युग




गायक सुमन वैद्यका पपगीतहरूको संग्रह 'युग' बजारमा आएको छ। आठवटा गीत रहेको यो संग्रहलाई रियाज म्युजिकले बजारमा ल्याएको हो। संग्रहका सबै गीतमा गायक वैद्यकै शब्द तथा संगीत रहेको छ। बिसन मानन्धर तथा सुनिल वर्देवाले संग्रहका गीतको संगीत संयोजन गरेका छन्।

## ● रंगमञ्च ●

### त्रिदेशीय गजल महोत्सव

झापाको दमक गएको शुक्रबार र शनिबार गजलमय बन्यो। तीन देश नेपाल, भुटान र भारतका गजल सर्जकहरू यातायात बन्दका कारण थुप्रै सास्ती बेहोरेर मात्र दमक आइपुगेको हेटौंडाकी गजलकार विमला कुसुमले बताइन्। गजलकार न परे, बन्द भएर पाएको सास्तीलाई पनि कार्यक्रममा रमाइलो गजल नै बनाएर सुनाए। कार्यक्रममा प्रमुख अतिथि थिए प्राज्ञ बूँद राना। रानाले गजल गाएर हललाई गुञ्जायमान बनाए। अर्का अतिथि तथा आकर्षक थिए– दार्जीलिङका संगीतकार मणिकमल क्षेत्री। कार्यक्रममा कैलालीका गजलकार त्रिवेणी र सिन्धुलीका गजलकार अमला अधिकारीको सवाल जवाफले श्रोताहरूलाई उफार्नु उफार्‍यो। कार्यक्रममा करिब ३ सय गजल स्रष्टाको उपस्थिति रहेको मायामितु न्यौपानेले बताइन्।

### नाटक र तस्बिरमा नयाँ नेपाल

गत शनिबार बबरमहलस्थित नेपाल आर्ट काउन्सिलमा डेनिस फोटोग्राफर स्टेफेन फ्रिहाइटले दुई दर्जन नेपाली युवालाई तालिम दिएपछि स्वतन्त्र रूपमा खिचिएका तस्बिरहरू ग्यालरीको भित्तामा टाँगिरहेका थिए। तिनै तस्बिरमा आधारित रहेर मण्डला थिएटरका कलाकारहरू 'फ्रिडम' (स्वतन्त्रता) शीर्षकको नाटक मञ्चन गरिरहेका थिए। ग्यालरीमा सामान्य मानिस तस्बिरमा बोलिरहेझैं देखिन्थ्यो। कोही तरकारी गोडिरहेका, कोही सडक बढारिरहेका त कोही चौतारीमा आरामले सुस्ताइरहेका। नेवारी परम्पराअनुसार जंकुको सम्मान थापिरहेकी बूढीआमै हुन् अथवा बेल विवाहमा रमिरहेका नेवार कन्या, सबैको अनुहार आ-आफ्नै प्रकारले अभ्यस्त देखिन्छन्। बाहिर ग्यालरीको ढोकैमा अनुहारमा सेतो पोतेका आधा दर्जन कलाकार अनुहार तथा हातको हाउभाउमार्फत मानिसको जन्म, चेतनाको विकास, थिचोमिचोको अनुभवदेखि स्वतन्त्रतासम्मको यात्रा नाटकमार्फत प्रस्तुत गर्ने क्रममा छन्। ढोकाबाट भित्र आइपुगेपछि एउटी युवती रेखाभित्र जकडिन्छिन्। धेरै प्रयासपछि उनी रेखाबाट बाहिर त निस्कन्छिन् तर उनका अघिल्तिर कोठाका बार र भित्ताहरू उभिन्छन्। २० मिनेट लामो उक्त नाटकमा कवि विष्णुविभु घिमिरेको 'आन्दोलन' शीर्षकको कवितासमेत प्रयोग गरिएको थियो। डेनिस सेन्टर फर कल्चर एन्ड डेभलप्मेन्ट (डीसीसीडी) को सहयोगमा आयोजित तस्बिर प्रदर्शनीमा अनिल श्रेष्ठ, अर्जन पुरी, उषा लामा, गणेश रिजाल, आयुष श्रेष्ठ, विष्णु पौडेल आदिले खिचेका तस्बिर छन्।

### गुरुकुलमा जनजाति कवि

फागुन महिनाको अन्तिम दिन गुरुकुलको सम नाटकघरमा श्रोता तथा दर्शकमाझ घेरिएका थिए कवि राजन मुकारुङ। जनजातिका प्रतिनिधि कवि मुकारुङले करिव डेढ घण्टा श्रोताहरूलाई आफ्ना सिर्जनामा भुलाइरहे। उनी दुई दर्जन कविताका साथ त्यहाँ उपस्थित थिए। उनले सुनाएका कवितामध्ये अधिकांशमा विद्रोह र आक्रोशको छनक मिल्थ्यो। कवितामा आउने राई/लिम्बू सांस्कृतिक शब्द र विषयलाई कविले वाचनको बीचबीचमा प्रष्ट्याएका थिए। उनलाई साथ दिंदै नायिका तथा मोडल नम्रता श्रेष्ठले 'झरी पर्दा...' शीर्षकको कविता वाचन गरेकी थिइन्। त्यस बाहेक अन्य तीन कविले समेत मुकारुङका एक-एक कविता वाचन गरी सहयोग गरेका थिए।

## ● ग्यालरी ●

### जुट्दैछन् पूर्वका चित्रकार

पूर्वाञ्चलभरिका चित्रकार, मूर्तिकार, लोक-कलाकारलाई एकै थलोमा एकजुट गर्ने उद्देश्यले नेपाल ललितकला मञ्चको पूर्वाञ्चल क्षेत्रीय कार्यसमिति गठन गरिएको छ। नवगठित कार्यसमितिले निकट भविष्यमै धरान, विराटनगर, झापा तथा काठमाडौंमा बृहत् प्रदर्शनी तथा कार्यशाला सञ्चालन गर्ने निर्णय गरेको छ। पूर्वाञ्चलका कलाकार तथा पूर्वाञ्चल युवा कला केन्द्रका संरक्षक कर्ण मास्के तथा नेपाल ललितकला मञ्चका केन्द्रीय अध्यक्ष शान्तकुमार राईको उपस्थितिमा गठन गरिएको समितिका अध्यक्षमा जीवनाथ पोखरेल छन्। श्रीकृष्ण जोशी उपाध्यक्ष रहेको समितिमा महेन्द्र राई सचिव, चुमिन हाङ उपसचिव, सरोजा खड्गी कोषाध्यक्ष तथा मञ्जु उदास सहकोषाध्यक्ष छन्। समितिका सदस्यमा देवलकुमार राई, जीवन पौडेल, हेमन्त थापा, सुशील शाक्य, आइस्था राई, श्याम ठकुरी, मिलन राई, पवन राजवंशी, अरविन सुब्बा, मञ्जु राई, बिगेन राई, मञ्जुल मितेर छन्।

### काठमाडौं कन्टेम्पोरेरीमा दुई चित्रकला

फ्रान्सेली चित्रकार इम्मा पोन्सार्टका चित्रकलाहरूको प्रदर्शनी 'रेमानेन्सेज' गत आइतबारदेखि सञ्चालन भैरहेको छ। झम्सिखेलस्थित काठमाडौं कन्टेम्पोरेरी आर्ट्स सेन्टरमा भोलि शनिबारसम्म जारी रहने यो प्रदर्शनीको आयोजना काठमाडौंस्थित फ्रान्सेली केन्द्रले गरेको हो। यसैगरी सोही ग्यालरीमा कलाकार सुनील सिग्देलका चित्रकलाहरूको प्रदर्शनी 'इन्फिल्टरेसन अफ डार्कनेस' आगामी शुक्रबारदेखि प्रारम्भ हुने भएको छ। उक्त प्रदर्शनी वैशाख ५ गतेसम्म जारी रहनेछ।

## ● लाइभ ●

### भोलिदेखि टुबोर्ग दोहोरी

लोकदोहोरी गीत-संगीतका पारखीलाई मनोरञ्जन प्रदान गर्ने उद्देश्यले भोलि शनिबारदेखि राजधानीमा टुबोर्ग दोहोरी प्रतियोगिता आयोजना सञ्चालन हुनेछ। प्रतियोगिता आगामी चैत १४ गते शनिबारसम्म जारी रहनेछ। एक साता लामो यो प्रतियोगिता भृकुटीमण्डपस्थित फनपार्कमा आयोजना गरिनेछ। लोकदोहोरी उत्थान संघले आयोजना गर्न लागेको यो प्रतियोगिताको चौथो संस्करण हो। प्रतियोगितामा नेपालभरिका दर्जनौं दोहोरी समूहले प्रतिस्पर्धा गर्दैछन्। प्रतियोगितामा प्रतिस्पर्धी समूहबाहेक हरेक दिन लोकदोहोरी गीत-संगीत क्षेत्रका लोकप्रिय गायक-गायिकाले आफ्ना कर्णप्रिय भाकाका साथ दर्शकलाई थप मनोरञ्जन प्रदान गर्नेछन्। भोलि शनिबार औपचारिक रूपमा कार्यक्रमको शुभारम्भ भएपछि त्यसै दिनदेखि दोहोरी भिडन्त पनि प्रारम्भ हुनेछ।

### वाटर किङ्गडममा न्यू इयर

नयाँ वर्ष २०६७ को अवसरमा धादिङको वाटर किङ्गडममा तीन दिने विशेष कार्यक्रम आयोजना गरिनेछ। गत शनिबार राजधानीमा आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइए अनुसार चैत ३० गतेदेखि वैशाख १ गतेसम्म आयोजना हुने 'न्यू इयर मेघा इभेन्ट २०६७' शीर्षक राखिएको उक्त कार्यक्रममा गीत, संगीत, नृत्य, डिजे सेसनसँगै हास्यव्यंग्यात्मक कार्यक्रम पनि सञ्चालन गरिनेछ। कार्यक्रममा डिजे तेन्जिङको नेतृत्वमा डिजे सेसन सञ्चालन गरिनेछ भने धिरज राई, एड्रियन प्रधान, नलिना चित्रकार, सिने गुरुङ, प्रमोद निर्वाण, आरती आचार्य तथा सांगीतिक समूह द भिक्ट्रीले गीत-संगीत प्रस्तुत गर्नेछन्। हास्यकलाकार आरपी भट्टराईको हास्यप्रस्तुति रहने उक्त कार्यक्रममा वाटर गेम, र्‍याफ्टिङ, बिच भलिबल, सन बाथ, फेसन सो जस्ता कार्यक्रम पनि सञ्चालन गरिनेछ। नयाँ वर्षलाई राजधानीबाहिर गएर नयाँ शैलीमा उल्लासमय वातावरण साथ मनाउन त्यहाँ कार्यक्रम आयोजना गर्न लागिएको आयोजक मेकर एडभरटाइजिङ मार्केटिङ एन्ड इभेन्ट म्यानेजमेन्टले जनाएको छ।

## ● पुस्तक ●

### हाम्रो जाति हाम्रो थर

संगीतकार बुलु मुकारुङ हाम्रो जाति हाम्रो थर नामक पुस्तकमार्फत् सामाजिक अन्वेषकका रूपमा देखापरेका छन्। नेपालको बहुभाषिक, बहुजातिय, बहुसांस्कृतिक एवं बहुधार्मिक छविलाई केलाउदै मुकारुङले प्रस्तुत पुस्तकमा नेपालका विविध जाति-जनजातिहरूको चिरफार गर्ने प्रयत्न गरेका छन्। समाज विज्ञानमा चासो राख्ने र नेपाली समाजलाई नजिकबाट नियाल्न चाहनेहरूका लागि यो पुस्तक गतिलो खुराक हुन सक्छ।

### कथा र व्यथाको यात्रा

मित्रसेन दाहाल आफ्नो नयाा कृति कथा र व्यथाको यात्रा लिएर पाठकसामु आएका छन्। दाहालले यो कृतिलाई चार खण्डमा विभाजित गरेका छन्। पहिलो खण्ड जीवन र जगत्, दोस्रो खण्ड रोग र स्वास्थ्य, तेस्रो खण्ड विगत र वर्तमान तथा चौथो खण्ड राजनीति र विकाससाग सम्बन्धित छ। आत्मपरक स्मरणहरूको यो सँगालो कतिपय ठाउामा लेखकको आत्मकथा हो कि जस्तो लाग्छ। विद्यार्थी पुस्तक भण्डार, काठमाडौंले प्रकाशित गरेको यो पुस्तक मृगौला रोगीहरूप्रति समर्पित छ। पुस्तकको मूल्य २ सय ५० रुपैयाा छ।

### आधुनिक पञ्चतन्त्र

कथाकार परशु प्रधान लामो समयपछि बालकथाहरू लिएर सार्वजनिक भएका छन्। उनका बालकथाहरू आधुनिक पञ्चतन्त्रका नाममा तीन खण्डमा विभाजित छ। पहिलो खण्डमा आठवटा, दोस्रो खण्डमा छवटा र तेस्रो खण्डमा पााचवटा कथा छन्। पहिलो खण्ड ३२ पृष्ठको, दोस्रो खण्ड ३६ पृष्ठको र तेस्रो खण्ड ४४ पृष्ठको छ। पहिलो र दोस्रो खण्डको मूल्य ५५ रुपैयाा र तेस्रो खण्डको मूल्य ६० रुपैयाा छ। यी तीनवटै पुस्तक पैरवी प्रकाशनले प्रकाशित गरेको हो।



## तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### यो साताको पञ्चाङ्ग

चैत ७ गते : चैते छठ, ८ गते : विश्व निद्रा दिवस, जातीय उत्पीडनविरुद्ध विश्व दिवस, ९ गते : विश्व पानी दिवस, १० गते : सेतो मछिन्द्रनाथ रथयात्रा, चैते दसैं, ११ गते : रामनवमी, विश्व क्षयरोग दिवस, १२ गते : विश्व दासत्वमोचन दिवस।

### मेष

पहिलो भेटमै अरूको मन जित्न सकिनेछ। बोलीको प्रभाव एवं पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाा काम पाइने योग छ। आफन्तहरूबाट सहयोग मिल्नेछ। भाग्यले साथ दिनेछ। कुरा काट्नेहरू धेरै भएकाले सजगता अपनाउनुहोला। आफन्तहरूका लागि सञ्चित धन खर्च हुनसक्छ।

### मिथुन

काममा सफलता मिल्नेछ भने सोच्ने शक्ति बढ्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाा काम पाइने योग छ। भेटघाटमा मन रमाउनेछ पहिलो भेटमै प्रभावित हुनेहरू प्रशस्तै हुनेछन्। सन्तानको सफलताले प्रसन्न तुल्याउनेछ। आइतबार र सोमबार खर्च विवाद एवं चिन्ता बढ्ने देखिन्छ।

### सिंह

नैराश्यता एवं उदासीनता बढ्नेछ भने काममा अवरोध आउनाले मन चिन्तित हुनसक्छ। समयमा निर्णय नहुँदा हात परेको काम पनि फुत्कनेछ। स्वास्थ्य कमजोर रहनेछ। लेनदेनमा विवादको सामना गर्नुपर्ला। आइतबारदेखि बुधबारसम्म प्रयास गर्दा केही काममा सुधार आउनेछ।

### तुला

मन प्रसन्न रहनेछ भने पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाा काम पाइने योग छ। अध्ययनमा सफलता मिल्नेछ। पहिलो भेटमै अरूलाई विश्वास दिलाउन सकिनेछ। अकस्मात् नसोचेको समस्याले सताउन सक्छ। लेनदेनमा विवाद बढ्नेछ। स्वास्थ्यमा समस्या देखा पर्न सक्छ।

### धनु

गलत विचार बढ्नेछ भने काममा अवरोध आउन सक्छ। समयमा निर्णय नहुँदा समस्या उत्पन्न हुनेछ। अध्ययनमा अवरोध आउनेछ। रिसको वेग बढ्नेछ। शरीरमा चोटपटक लाग्न सक्छ। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। मंगलबार र बुधबार प्रसन्नता बढ्ने तथा काममा सुधार आउने योग छ।

### कुम्भ

पराक्रम् बढ्नेछ भने अधुरा काम पूरा हुने तथा नयाा काम पाइने योग छ। बोलीको प्रभाव बढ्नेछ।सजिलै अरूलाई विश्वास दिलाउन सकिनेछ। यात्रा रमाइलो हुनेछ। नयाा मित्रको अगमनले मन हर्षित हुनेछ। अध्ययनमा मन जानेछ। प्रतिस्पर्धामा जित हुनेछ। महत्त्वपूर्ण काम हात पार्न सफल हुनुहोला।

### वृष

खर्च एवं विवाद बढ्नुका साथै मन अशान्त रहन सक्छ। काममा अवरोधको सामना गर्नुपर्ला। कुरा काट्नेहरू सक्रिय रहनेछन्। अरूको काम धेरै गर्नुपर्ला। आइतबारदेखि मान-सम्मान पाइने, काममा सुधार आउने तथा शरीरमा स्फूर्ति बढ्ने देखिन्छ। अरूलाई विश्वास दिलाउन सकिनेछ। यात्रा रमाइलो हुनेछ।

### कर्कट

मान-सम्मान पाइने योग छ। धेरै काम पूरा हुनेछन्। मन प्रसन्न रहनेछ। आफन्तहरूको सहयोग पनि जुट्नेछ। नयाा मित्रको आगमनले मनोबल बढ्नेछ। ठूला व्यक्तिका साथ हुने अन्तर्क्रियाले मनोबल बढाउनेछ। अध्ययनमा सफलता मिल्नेछ। प्रेमको बन्धन कसियो हुनेछ। आइतबार र सोमबार खर्च, विवाद एवं चिन्ता बढ्ने देखिन्छ।

### कन्या

स्वास्थ्य कमजोर रहनेछ। मनमा अनेक कुरा खेल्नुका साथै काममा अवरोध आउने देखिन्छ। गलत विचार बढ्नेछ। समयमा निर्णय नहुँदा हात परेको काम पनि फुत्कन सक्छ। विश्वास गरेकाहरूले धोका दिनेछन्। लेनदेनमा विवाद बढ्नेछ। आइतबारदेखि भाग्यले साथ दिनेछ भने भेटघाटमा मन रमाउनेछ।

### वृश्चिक

पहिलो भेटमै अरूलाइ विश्वास दिलाउन सकिनेछ। पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाा काम पाइने योग छ। मंगलबार र बुधबार स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ। धनमाल हराउन सक्छ भने शरीरमा चोटपटक पनि लाग्नसक्ने सम्भावना छ।

### मकर

घरेलु समस्याले सताए पनि निरन्तरको प्रयासले लक्ष्यमा पुग्न सकिनेछ। पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाा काम पाइने योग छ। पहिलो भेटमै अरूलाइ विश्वास दिलाउन सकिनेछ। तपाईंको लगनशीलता एवं इमान्दारिताको प्रशंसा धेरैले गर्नेछन्। रोगले सताउने भएकाले खानपानमा विचार पुऱ्याउनुहोला।

### मीन

नैरास्यता एवं उदासीनता बढ्नेछ भने कुरा काट्नेहरू सक्रिय हुनेछन्। धनमाल हराउन सक्छ। झूटा आरोप लगाउने प्रयत्न होला। अरूको सेवा धेरै गर्नुपर्ला। शनिबारदेखि पराक्रम बढ्ने, अधुरा काम पूरा हुने तथा नयाा काम पाइने योग छ। आफन्तहरूले सहयोग गर्नेछन्। सवारी साधन एवं घर-जग्गाको बन्दोबस्त हुनसक्छ।

# अमेरिकी प्रतिवेदनमा नेपाल

अमेरिकी विदेश मन्त्रालयले वार्षिक राष्ट्रगत मानवअधिकार प्रतिवेदनहरू (कन्ट्री रिपोर्ट्स अन ह्युमन राइट्स प्राक्टिसेज) बिहीबार, मार्च ११ मा वासिङ्गटन डीसीमा सार्वजनिक गरेको छ। अमेरिकी कंग्रेसको निर्देशनमा तयार पारिएका यो प्रतिवेदनले मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र अनुसारका अन्तर्राष्ट्रिय स्तरमा स्थापित व्यक्तिगत, नागरिक, राजनैतिक तथा श्रमसम्बन्धी अधिकारहरूका सम्बन्धमा समीक्षा गरेको छ।

'मानव अधिकारको विषय समयको परिधिमा सीमित हुँदैन, तर हाम्रो प्रयास भने अहिले र यही यसको रक्षा गर्नुपर्छ भन्ने मान्यतामा आधारित हुनुपर्छ। प्रविधिको विकासले अधिकारका उल्लंघनकर्तालाई सहयोग गरेको छ, तर यसले त्यस्ता मानिसहरूलाई पनि सहयोग गरेको छ जो ती उल्लंघनकर्ताहरूका कायरतालाई उजागर गर्न प्रयासरत छन्।' वासिङ्टन डीसीमा प्रतिवेदन सार्वजनिक गर्नेक्रममा अमेरिकी विदेशमन्त्री हिलारी क्लिन्टनले भनिन्, 'वर्तमान विश्वमा खाद्य असुरक्षा, जलवायु परिवर्तन, महामारी रोगहरू, आर्थिक संकट र हिंसात्मक अतिवादजस्ता चुनौतीहरू विद्यमान् छन्। यी चुनौतीहरूले हाम्रो मानवअधिकारको अनुभूतिलाई प्रभावित पार्छन् र विश्वको राजनैतिक परिवेशलाई निर्धारित गर्छन्, जसभित्र रहेर हामीले दीर्घकालीन रूपमा मानवअधिकारको प्रवर्द्धन गर्नुपर्छ।'

२००९ को नेपालसम्बन्धी प्रतिवेदनमा उल्लेखित केही महत्वपूर्ण बुँदा निम्न छन् :

- मानवअधिकार हननकर्ताले दण्ड नपाउनु, प्रेसमाथिको आक्रमण, स्वेच्छाचारी पक्राउ र पुर्पक्षका लागि लामो समयसम्म थुनामा राखिनु गम्भीर समस्याका रूपमा रहे।
- माओवादी कार्यकर्ता स्वेच्छाचारी र गैरकानुनी रूपमा घातक बलको प्रयोग र अपहरणमा संलग्न रहे। हिंसा, जबरजस्ती रकम असुली र धम्कीहरू वर्षैभरि जारी रहे। विशेष गरी भारतीय सीमानजिक तराईक्षेत्रमा विभिन्न सशस्त्र समूहले नागरिक, सरकारी अधिकारी, विशेष जातीय समूहका मानिस, एक-आपसमै र माओवादी कार्यकर्तामाथि आक्रमण गरे।
- बृहत् शान्ति-सम्झौतामा व्यवस्था भएअनुसार माओवादीले कब्जा गरेका केही सम्पत्ति त फिर्ता गरे, तर गैरकानुनी तवरले कब्जा गरेका कतिपय जग्गा र अन्य सम्पत्ति आफ्नै नियन्त्रण कायम राखे तथा थप केही सम्पत्ति पनि कब्जा गरे। वर्षैभरि बृहत् शान्ति-सम्झौताको प्रतिकूल माओवादी तथा उसका भातृसंगठनहरूले ज्यादतीहरू कायम राखे। उनीहरूले व्यवसायी, मजदुर, स्वतन्त्र नागरिक तथा गैरसरकारी संस्थाहरूबाट नियमित रूपमा जबरजस्ती रकम असुली गरे। व्यक्ति वा कम्पनीहरूले रकम बुझाउन नचाहादा वा असमर्थ हुादा माओवादीका तर्फबाट आउने प्रतिक्रिया हिंसात्मक वा धम्कीपूर्ण रह्यो।
- दसवर्षे माओवादी युद्धका बेला बेपत्ता पारिएका मानिसहरूको अवस्था अज्ञात नै रह्यो। सन् २००३ मा माओवादीसम्बद्ध भएको शंकामा काठमाडौंको महाराजगन्ज ब्यारेकमा थुनिएका ४९ जना बेपत्ता बन्दीका बारेमा ओएचसीएचआरको प्रतिवेदनमाथि सरकारले केही कदम चालेन। न त सन् २००१ र २००४ बीच बर्दिया जिल्लाबाट बेपत्ता पारिएका कम्तीमा १ सय ७० जनाका बारेमा ओएचसीएचआरको प्रतिवेदनका सम्बन्धमा नै केही कदम चालियो।
- न्यायको वितरणमा हुने ढिलाइ गम्भीर समस्याका रूपमा रह्यो।
- महिलामाथिको हिंसा र मानव बेचबिखन (खासगरी महिला र बालिकाहरूको) निरन्तर रह्यो।
- देशभरि सञ्चारकर्मी र पत्रकारमाथि सशस्त्र समूह तथा राजनैतिक दलहरूले सुनियोजित रूपमा लक्षित आक्रमण गरे। विशेषगरी महिला पत्रकारहरूमाथिको आक्रमण बढ्यो। तराईका जातीय तथा राजनैतिक समूहहरूले उनीहरूको आन्दोलनको खबर प्रमुखताका साथ प्रकाशित नगरेको भन्दै पत्रिकाहरू कब्जामा लिने र जलाउने काम गरे। साथै बन्दको बेला पत्रिका वितरणमा बन्देज लगाउने तथा पत्रिकामा नेपाली भाषाका सामग्रीमा रोक लगाउने प्रयास गरे।

## मंगोल सुन्दरीका प्रतिभा



शान्ति लुकाऔं कहाँ... गीतमा सृष्टि श्रेष्ठले प्रस्तुत गरेको नृत्यमा गीतको भावनालाई उनको अभिनयले सार्थकता प्रदान गरेको देखिन्थ्यो। विदेशी लवाइ-खवाइलाई आत्मसात् गरी अघि बढेको वर्तमान नेपाली समाजले आफ्नो मौलिक परिचय गुमाएको यथार्थलाई वकतृत्वकलामार्फत चित्रण गरेकी प्रनिशा श्रेष्ठको प्रस्तुति होस् वा अभिभावकक भएर पनि एक्लो महसुस गर्ने छोरीको पीडालाई शब्दहरूमा पोखेकी ब्रिटी गुरुङको प्रस्तुतिले उपस्थित निर्णायक एवं दर्शक प्रभावित भएको देखिन्थ्यो। साम्तेन लामा र पेमा ल्हामु शेर्पाको गायकी पनि जमेको देखिन्थ्यो। मारुनी, झ्याउरे, नेवारी, भोजपुरीदेखि आधुनिक नृत्यसम्म होस् वा भूकम्प र ग्लोबल वार्मिङजस्तो संवेदनशील विषयअन्तर्गतको प्रस्तुतिबाट मिस मंगोल-२०१० मा सहभागी ४० जना प्रतिस्पर्धीले आ-आफ्नो क्षमतालाई मञ्चमा प्रस्तुत गरी ट्यालेन्ट राउन्डमा प्रतिस्पर्धा गरेका थिए। त्रिपुरेश्वरस्थित वर्ल्ड ट्रेड सेन्टरमा मिस मंगोल-२०१० अन्तर्गतको ट्यालेन्ट राउन्ड गत शनिबार सम्पन्न भएको थियो। मिस ट्यालेन्ट एवार्डका लागि मात्र नभएर प्रतिस्पर्धीहरूले फाइनल प्रतिस्पर्धाका लागि २५ प्रतिशत अंक बढी जोड्ने प्रयास गरेका थिए। एक्सन इन्टरटेनमेन्ट प्रालिको आयोजनामा सञ्चालन हुने मिस मंगोल-२०१० को अन्तिम प्रतिस्पर्धा भोलि शनिबार दिउँसो प्रज्ञाभवनको डबलीमा सञ्चालन हुनेछ।



● सम्पादकीय ●

# अपहेलित उपभोक्ता

संसारभरिका आमउपभोक्तासरह नेपाली उपभोक्ताले पनि गत सोमबार विश्वव्यापी रूपमै उपभोक्ता–अधिकार दिवस मनाए । सूचना–प्रविधिको बढ्दो प्रयोग र विश्वव्यापी सञ्जालले उपभोक्ताहरूको नैसर्गिक अधिकारलाई आजभोलि थप बहसको विषय बनाएको छ । अहिले सबै किसिमका राजनैतिक, आर्थिक, सामाजिक एवं सांस्कृतिक अधिकारको सेरोफेरोमा उपभोगसम्बन्धी अधिकारले पनि महत्त्वपूर्ण स्थान बनाउदै गएको छ । आफूसाग भएको धन वा अवसर प्रयोग गरेर आफ्ना लागि आवश्यक उपभोग्य वस्तुहरूको सुलभ र निर्वाध प्रयोग गर्न पाउने अधिकार नै उपभोक्ताहरूको नैसर्गिक अधिकार हो । यस्तो अधिकारलाई कतिपय मानवअधिकारसम्बन्धी अभिसन्धिले नागरिकको प्राथमिक अधिकारका रूपमा व्याख्या पनि गरेका छन् । नेपालको सन्दर्भमा सरकार र अन्य सामाजिक संगठनहरूले जतिसुकै वकालत गरे पनि सबैभन्दा निरीह अवस्थामा रहेको अधिकार भनेकै उपभोक्तासम्बन्धी अधिकार हो । सम्बन्धित निकायले गर्नुपर्ने अनुगमनको कमी, सुदृढ आपूर्ति सञ्जालको अभाव तथा व्यवसायीहरूको मनोमानीपूर्ण व्यवहारका कारण नेपालमा उपभोक्तासम्बन्धी अधिकार ओझेलमा परेको अनुभव हामी सबैले गर्दै आएका छौं । दैनिक उपभोग्य वस्तु एवं सेवासाग सम्बन्धित कुराहरू उपभोक्ताले कसरी र कुन मूल्यमा पाउनुपर्छ भन्ने कुरामा नेपालका कुनै पनि राजनैतिक दल तथा अन्य संघ–संस्थाले चासो देखाएको अहिलेसम्म अनुभव गर्न सकिएको छैन । हाम्रो सन्दर्भमा भन्ने हो भने सरकार वा व्यापारी जो कसैले पनि कुनै पनि उपभोग्य वस्तु वा सेवाको मूल्य निर्धारण गर्दा होस् वा मूल्य वृद्धि गर्दा, त्यसमा जनताको पक्षमा सरोकार राखिएको अहिलेसम्म देखिएको, सुनिएको छैन ।

त्यसो त नेपालमा उपभोक्तासम्बन्धी अधिकार संरक्षण गर्न आवश्यक सबै किसिमका कानुन अस्तित्वमा छन्, तर सम्बन्धित निकायको अनुगमनको अभावमा त्यस्ता कानुन प्रयोजनविहीन देखिएका छन् । त्यस्ता कानुनले नेपालमा म्याद नाघेका उपभोग्य वस्तुहरूको बिक्री–वितरणमा रोकलगायत अन्य सेवा–सुविधाहरूको निर्वाध उपयोगका बारेमा देखिएका तगाराहरूलाई निष्क्रिय बनाउन सकिने व्यवस्था गरे पनि सम्बन्धित निकायको ढिलासुस्ती र आलटालका कारण नेपाली उपभोक्ताहरू सदैव ठगिँदै आएका छन् । कुनै पनि वस्तु वा सेवाको उपलब्धतालाई नै ठूलो कुरा मान्ने नेपाली समाजले त्यस्तो वस्तु वा सेवाका लागि खर्च गरेको रकम उचित कि अनुचित भन्ने विषयमा कसैले बोलिदिएको अहिलेसम्म सुनिएको छैन । यस्तो स्थितिमा उपभोक्ताहरूको अधिकार छायाँमा पर्नु स्वाभाविक हो । जबसम्म हामीकहाा उपभोक्ताहरूको हकहितका लागि आवाज उठाउने वा अनुगमन गर्ने निकायहरू सक्रिय हादैनन् तबसम्म उपभोक्ता अधिकार दिवसको सार्थकता रहनेछैन ।

समयमै संविधान साप्ताहिक/पाक्षिक पत्रिका राष्ट्रिय सञ्जालको आह्वान।

● चिठीपत्र ●

## कसरी बन्छ संविधान ?

२०६७ सालको जेठ महिनाभित्रमा नेपालमा नयाँ संविधान निर्माण कार्य पूरा गर्ने लक्ष्य लिइएको छ तर दलीय खिचातानीले त्यो केवल सपना होला जस्तो भएको छ । कहिले संविधान सभा भवन परिसरमा धर्ना-जुलुस त कहिले संसद अवरुद्ध भएको हामी देखिरहेका छौं । संविधान सभाका प्रतिनिधि यस्ता छन् जो एउटा जातको, क्षेत्रको मात्र प्रतिनिधित्व गर्छन् । संविधानसभामा पार्टीले टीका लगाएर पठाएकासम्म छन् जसबाट हामीले कस्तो संविधानको अपेक्षा गर्ने ? सभासदहरू गाउँ-गाउँमा भोट माग्न आएका थिए, त्यसपछि उनीहरूको आगमन भएको छैन ।

रायसल्लाह, सुझाव संकलन गर्न आएका दिन पनि दुर्गम क्षेत्रमा नपुगी सहरी क्षेत्रको राय मात्र संकलन गरी उनी फर्किए । कसरी लेख्छन् उनीहरूले त्यो दुर्गम गाउँको कथा-व्यथा ? सरकारी ढुकुटी मात्र सिद्धिएको छ उनीहरूको तलबमा तर पनि भनेजस्तो काम भएको छैन । त्यसैले अब सरकार ढाल्ने र फाल्ने काममा ध्यान केन्द्रित नगरी संविधान निर्माणमा लाग्ने बेला आएको छ ।

**टीकाराम अर्याल, स्याङ्जा**




## प्रशंसा र सिर्जना

तपाईं अरूको प्रशंसा गर्न कत्तिको सिपालु हुनुहुन्छ ? कसैको प्रशंसा गर्नु यस्तो कला हो जसलाई सदुपयोग गर्न सक्ने हो भने गरिएको प्रशंसाले केवल प्रशंसित व्यक्ति मात्र खुसी हुँदैन कि यसले प्रशंसा गर्ने व्यक्तिमा पनि आत्मसन्तुष्टि प्रदान गर्छ । अरूको खुलेर प्रशंसा गर्ने व्यक्ति अभिमान रहित हुन्छ । यसको अर्थ यो होइन कि ठाउँ-कुठाउँ अरूको प्रशंशा गरियोस् । सफा मनले कसैको प्रशंसा गर्दा प्रशंसित पात्र खुसी हुनु त स्वाभाविक हो । यसबाहेक उसको कार्यकुशलतामा समेत बुद्धि हुन्छ । यो कलालाई गहकिलो पुरस्कारका रूपमा पनि लिन-दिन सकिन्छ । सामान्यतया हामी कसैको राम्रो पक्ष देखेर खुसी त हुन्छौं नै त्यसमाथि प्रशंसाका दुई शब्द बोल्नु सुनमा सुगन्ध ठहर्छ । कसैको प्रशंसा गर्दा केही कुरामा विचार भने पुर्‍याउनुपर्ने हुन्छ । उही महिलालाई पार्टी समारोहमा जान लागेका बेला तपाईं कति चिटिक्क पर्नुभएछ भन्दा खुसी होलिन् तर आफू वा परिवारका अन्य सदस्य बिरामी परेको अवस्थामा तिनै प्रशंसाका वाक्य मन नपर्ने हुन्छ । प्रशंसाको सार्थकता हुँदैन । त्यसैगरी कोही सिकिस्त भएको अवस्थामा कसैले लगाएको पोशाक तथा सौन्दर्यसामग्री आदिको प्रशंसा गरियो भने उसलाई मन नपर्न सक्छ ।

साधारणतया पोशाक तथा केशको स्टाइल, गरगहना, ब्याग, जुत्ता आदि प्रशंसाका विषय बन्छन् । त्यसबाहेक कसैको नाक, आँखा, ओठ आदि पनि प्रशंसाका विषय बन्छन् । कसैको स्वर, स्वभाव, प्रतिभा आदि प्रशंसाका विषय हुन् । अफिसमा आफ्ना सहकर्मीले गरेको राम्रो कामको प्रशंसा गर्ने हो भने उसको कार्यकुशलतामा वृद्धि हुन्छ र समग्र संस्थाकै हित हुन्छ फलस्वरूप कालान्तरमा हरेक कर्मचारीको हित हुन्छ । केटाकेटीले राम्रो अक्षर लेखे, राम्रोसँग पढे वा राम्रो अंक ल्याए प्रशंसाका रूपमा स्यावासी दिने हो भने उनीहरूमा अझ राम्रोसँग लेखपढ गर्ने हौसला मिल्छ । गरिएको प्रशंसाले व्यक्तिमा ऊर्जा थपिरहेको हुन्छ ।

महिलाहरू त प्रशंसाका भोका हुन्छन् भन्दा पनि फरक नपर्ला । उनीहरू आफूले प्रत्येक छाक खाना पकाउँदा होस् वा चिया बनाउँदा खाने व्यक्तिले प्रशंसा गरिदिए हुन्थ्यो भन्ने आशामा हुन्छन् । त्यसैले कसैले प्रशंसा गरिदिने हो भने उनीहरू अझ हौसिएर उक्त कार्यहरू गर्न थाल्छन् । महिलाहरू यही आशा लिएर ऐना अगाडि बसेर श्रृंगार गर्छन् कि उनको प्रेमी वा श्रीमानले उनको प्रशंसा गरून् ।

प्रशंसा गर्नुको अर्थ उनलाई फुर्काइएको छ जस्तो नलागोस् । सटिक प्रशंसा गरियो भने सुनमा सुगन्ध नै थपिन्छ । त्यसैगरी प्रेमको मामिलामा प्रशंसाले संवाहकै रूपमा काम गर्छ । प्रेमी-प्रेमिका एक-अर्काको प्रशंसा गरेरै थाक्दैनन् । त्यही प्रशंसा कहिले कविता बन्छ, कहिले गीत, कहिले काव्य, कहिले उपन्यास । त्यसैले सिर्जनाको ठूलो हिस्सा पनि हो प्रशंसा । त्यसैले आजैदेखि कसैको प्रशंसामा २-४ शब्द बोल्न किन कन्जुस्याइँ गर्ने ?

**–प्रतिभा शर्मा 'रेग्मी'**

● तीतो सत्य ●

- यो संसारमा प्रेमभन्दा ठूलो वस्तु अरू छैन । सत्यले नै असत्यलाई, प्रेमले क्रोधलाई आत्मीयताले हिंसालाई शान्त गर्छ । यी सनातन नियम सबैका निम्ति हुन् । प्रेमले कहिल्यै दावी गर्दैन, लिदैन, दिइनै रहन्छ । अर्थात् दिनु यसको स्वभाव हो । प्रेमले सहन्छ । विरोध गर्दैन, न यसले बदला नै लिन्छ ।
- जहाँ पवित्रता छैन, त्यहाँ प्रेम हुँदैन । विश्वास, आकांक्षा रूपमा परिवर्तीत हुने प्रेम हो । प्रेम असीम होस्, कुनै वस्तु, व्यक्ति वा परिस्थितिमा बाँधिएको नहोस् । जो सबैका निम्ति बराबर होस् । सीमित प्रेम स्वार्थ हो ।
- प्रेमको प्रेरणा पाएर नै मानिसले सोच्छ । अनि जस्तो आदेश त्यसबाट पाउँछ त्यस्तै किसिमसँग आफूलाई सजाउँदै लान्छ । प्रेमले पापी तथा अपराधीहरूलाई समेत सुधार्छ ।
- त्यो श्रीमान् जसले आफ्नी श्रीमतीलाई प्रेम गर्छ, उसले आफैलाई प्रेम गर्छ । प्रेम त्यस्तो हतियार हो जसको प्रयोगले शत्रु पनि मित्र बन्छ ।

**सन्तोष भुजेल**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*

*–सम्पादक*

● सहर चर्चा ●

# रहरले बनायो लोकगायक



उनले यतिको लोकप्रियता पाउँछु भनेर सोचेका थिएनन् तर आज लोक तथा दोहोरीमा पुरुषोत्तम न्यौपानेको नाम कहलिएको छ । उनले गाएका लोकगीतहरू गाउँदेखि सहरसम्म जनजिब्रोमा झुन्डिन पुगेका छन् । स्याङ्जाको श्रीकृष्णगण्डकी बलाम बेल्टारीमा जन्मिएका गायक न्यौपानेले विद्यालयका अतिरिक्त क्रियाकलापहरूमा लोकगीत गाएर शिक्षक, विद्यार्थी तथा अभिभावकको मन जित्दै आएका थिए । उनलाई गायक नै बन्छु भन्ने थिएन । रहरले गाउन थालेका न्यौपाने अन्ततः लोकगायनको क्षेत्रमा स्थापित बन्न पुगे ।

वीरेन्द्र मा.वि.का शिक्षकद्वय नारायण र रेसम न्यौपानेको करकापले ०४६ सालमा रेडियो नेपालमा स्वर परीक्षा दिन गएका गायक न्यौपानेले त्यसपछि भने गीत गाउने जोस र जाँगर देखाए । पहिलो पटक त्यही वर्ष रेकर्ड भएको बलाम देवीथानले लोकप्रियता हासिल गर्‍यो । पहिलो गीतमै सफलता पाएका न्यौपानेले त्यसपछि भने कहिल्यै पछाडि फर्केर हेर्नुपरेन । ०५१ सालमा रेडियो नेपालमा जागिरे भै पोखरा आएपछि न्यौपानेले सफलताको खुड्किलो उक्लिँदै गए । २२ वटाभन्दा बढी एल्बम निकालेर १ हजारभन्दा बढी लोक तथा दोहोरी गीतमा स्वर भरिसकेका गायक न्यौपानेलाई गायनमा ख्याति कमाउन राजधानीनै बस्नुपरेन । पोखरालाई कर्मथलो बनाउँदै आएका न्यौपाने भन्छन्- 'मेहनत गरेर काममा इमान्दारपूर्वक लाग्ने हो भने मोफसलमै बसेर पनि नाम कमाउन सकिन्छ ।'



● मोडल वाच ●

# प्रतीक्षाको उचाइ

मोडलिङका लागि सुन्दर अनुहार तथा मिलेको शरीर पहिलो आवश्यकता मानिन्छ । यसबाहेक अग्लो उचाइलाई पनि उत्तिकै महत्व दिइन्छ । पोखराकी स्थायी बासिन्दा प्रतीक्षा त्रिपाठीलाई मोडलिङमा प्रवेश गर्ने अवसर उनकै शारीरिक उचाइले दिएको छ । ५ फिट ८ इन्च अग्ली प्रतीक्षा विगत एक वर्षदेखि मोडलिङमा रमाइरहेकी छिन् । पोखराबाटै मोडलिङयात्रा प्रारम्भ गरेकी प्रतीक्षा केही महिनाअघि काठमाडौं आएर पहिलो पटक मिस्टर एन्ड मिस काठमाडौं २००९ मा सहभागिता जनाएकी थिइन् । प्रतियोगितामा एउटा शीर्षक उपाधि जितेपछि उत्साहित भएकी प्रतीक्षा अहिले म्युजिक भिडियोमा समेत अभिनय गर्न थालेकी छिन् । विज्ञापन, फेसन शो तथा म्युजिक भिडियोलाई बढी प्राथमिकता दिने उनको योजना छ । १८ वर्षीया प्रतीक्षाको शारीरिक बनावट पनि उत्तिकै आकर्षक छ । ३३/२४/३० शारीरिक बनावटकी प्रतीक्षा अहिले प्लस टु तहमा अध्ययनरत छिन् । भविष्यमा सफल मोडल बन्ने लक्ष्य लिएकी प्रतीक्षाका तस्बिरहरू ई-कलेजमोडल डटकममा हेर्न सकिन्छ ।

● मुखाले ●

जुनसुकै अवस्थामा पनि जेठ १४ भित्रै संविधान ल्याउनुपर्छ, अन्यथा हाम्रो क्षमतामाथि प्रश्न उठ्छ ।

**शेरबहादुर देउवा**

लडाकुको टुंगो नलागुन्जेल संविधान बन्दैन ।

**ईश्वर पोखरेल**

नेपाल बसोबासका लागि योग्य मुलुक होइन भन्ने प्रचार हुन थालेको छ ।

**डा. प्रकाशशरण महत**

स्वार्थ छाडेर सहमति गरौं ।

**सुवास नेम्वाङ**

माओवादी लडाकु र पुनर्स्थापनाको मुद्दा बहसमा आइरहेका बेला लडाकुको संख्या नै यकिन छैन भन्न मिल्छ राष्ट्रसंघले ?

**प्रेमबहादुर सिंह**

कांग्रेसको समर्थन मनपरी गर्नलाई होइन ।

**डा. नारायण खड्का**

नेताहरूले विष रोपेका छन् ।

**डी.बी. कार्की**

उदार प्रजातन्त्रले मात्र नेपालीहरूको समस्या समाधान गर्न सक्दैन ।

**प्रदीप गिरी**

तत्काल सहमति खोज्न नसके भिडन्त अनिवार्य छ ।

**डा. बाबुराम भट्टराई**

लडाकुको सेना प्रवेशले राष्ट्र विखण्डन हुन सक्छ ।

**छत्रमानसिंह गुरुङ**

# निखिल र सञ्चिता

## विवाह गरेर मुम्बईमा

अन्ततः नायक निखिल उप्रेती र नायिका सञ्चिता लुइटेलले विवाह गरेका छन् । उनीहरूले अज्ञात स्थलमा अत्यन्तै सानो पारिवारिक जमघटमा विवाह गरेका हुन् । हाल उनीहरू दुवै जना मुम्बईमा छन् । निखिल-सञ्चिताको प्रेमप्रसंगले नेपाली चलचित्र उद्योगलाई तताए पनि उनीहरूको यो प्रेमको गन्तव्य बिन्दु विवाह हुन नसक्ने धेरैको ठम्याइ थियो । 'उनीहरूबीच प्रेम छ भन्ने थाहा थियो', दुवै कलाकारसँग निकट रहेका एक कलाकारले विवाह भएको थाहा भएपछि आश्चर्यचकित भएको बताउँदै भने- 'तर विवाह हुनका निम्ति केही प्राविधिक कारण बाधक देखेको थिए ।' उनका अनुसार प्रेमसम्बन्ध गहिरो भएपछि यस्ता बाधाहरू स्वतः हट्ने रहेछन् ।

नेपाली चलचित्र उद्योगमा राजेश हमाल र करिश्मा मानन्धरको केमेस्ट्री मिलेको भनेजस्तै निखिल र सञ्चिताको जोडी पनि मिल्दो मानिन्छ । सात वर्षअघि उनीहरूको पहिलो चिनजान भएको थियो । प्रारम्भिक सम्बन्ध कटु रहे पनि बिस्तारै सुमधुर बन्दै गएको सम्बन्ध तीन वर्षअघि गहिरो प्रेममा पुगेको थियो । एकातर्फ वैवाहिक सम्बन्ध-विच्छेद गरेर बसेकी नायिका सञ्चिता र अर्कातर्फ असहज वैवाहिक सम्बन्धबाट निकास खोजिरहेका नायक निखिलबीच सम्बन्ध गाढा हुँदै गयो ।

'खासमा हामीले विवाह गरेको १३ महिना भैसकेको छ', गत आइतबार मुम्बई प्रस्थान गर्ने क्रममा एयरपोर्टमा भेटिएका निखिल उप्रेतीले साप्ताहिकसँग भने- 'यो कुरा व्यक्तिगत भएकाले हामीले सार्वजनिक गर्न चाहेनौं ।' यस विषयमा मुम्बईमै रहेकी नायिका सञ्चिता लुइटेलसँग पनि प्रतिक्रिया मागिएको थियो । 'हामीले विवाह गरेको साँचो हो ।' टेलिफोन कुराकानीमा नायिकाले भनिन्- 'यो विषयलाई सार्वजनिक गर्दा केही अप्ठ्यारो पर्ला कि भनेर चुप लागेर बसेका थियौं, अब लेखिदिनुभए हुन्छ ।'

मुम्बईमा एक फ्लाट लिएर सँगै बसेका यी नायक-नायिकाले ५ वर्ष लामो प्रेमसम्बन्धलाई वैवाहिक रूप दिएको बताए । 'मेरो पहिलो घरबार बिग्रिएकाले सञ्चितासँग विवाह गरेको होइन,' कूटनीतिक शैलीमा निखिलले भने- 'दाम्पत्य जीवनमा केही असन्तुष्टि त भैहाल्छ, सञ्चिता र म एक-अर्कालाई प्रेम गर्थ्यौं, त्यसैले पनि विवाहको बाटो रोजिएको हो ।' नायक



निखिल उप्रेतीले करिब ७ वर्षअघि कोपिला उप्रेतीसँग प्रेमविवाह गरेका थिए । कोपिला र निखिल दुवै उप्रेती नै भए पनि उनीहरूले पारिवारिक विद्रोह गर्दै विवाह गरेका थिए । निखिलको परिवारले उनको त्यो विवाहलाई हालसम्म पनि स्वीकार गर्न नसकेको निकटस्थ स्रोत बताउँछ ।

निखिल र सञ्चिताले आफूखुसी १३ महिनाअघि अर्थात् गत वर्षको फागुनमा विधिवत् विवाह गरेको बताए, तर दुवैका परिवारले आफूखुसी गरेको विवाहलाई मान्यता नदिने बताएपछि गत माघ ६ गते बुधबार श्रीपञ्चमीका दिन उनीहरूले सानो घरेलु जमघटमा फेरि टीकोटालो गरेका थिए । पारिवारिक सूत्रका अनुसार केही दिनअघि मात्र सञ्चिताको अनुपस्थितिमै दुवै परिवारका बाबुआमा (सम्धी-सम्धिनी) ले अर्को एक कार्यक्रममा भेट गरेका थिए ।

'हामी दुवै धार्मिक प्रवृत्तिका भएकाले पनि नजिक भयौं', नायिका सञ्चिताले भनिन्- 'उहाँले एक दिन मलाई मन पराएको कुरा बताउनुभयो, मलाई पनि उहाँ मन पर्थ्यो, त्यसैले सम्बन्ध सहजै अगाडि बढ्यो ।' निखिल विवाहित भएको सञ्चितालाई थाहा थियो, यस आधारमा उनले निखिललाई घर-व्यवहार मिलाएर परिवारसँग कुराकानी गरेर मात्र विवाह गर्ने प्रस्ताव राखेकी थिइन् । त्यसअनुसार निखिलले पनि सबै कुरा मिलाएको बताएपछि अब साथै बस्ने तयारीमा उनीहरू पुगेको बताइन्छ । घर बनाए पनि विगत एक वर्षयता निखिल घर नगई दिदीको घरमा बस्थे ।

विगत चार वर्षयता निखिल र उनकी श्रीमती कोपिलाबीच निरन्तर असमझदारी बढ्नुले पनि निखिल र सञ्चिताबीचको सम्बन्ध जीवनसाथीको हदसम्मका लागि बढेको थियो ।

'हामी राम्रा साथी बन्यौं, त्यसपछि यो सम्बन्धलाई जीवनसाथीमा परिणत गर्ने निर्णय गर्‍यौं,' निखिलले भने- 'सुख-दुःखका हरेक कुरा आपसमा सेयर गर्ने क्रममा एक-अर्कालाई राम्रोसँग बुझ्यौं ।' निखिल र सञ्चिताले विवाह गरिसकेको तथा उनीहरूबाट एक सन्तान जन्मिसकेको बजार हल्ला चलेको भए पनि त्यो निराधार भएको निखिल बताउँछन् । निखिलले भने- 'म नेपाली चलचित्र उद्योगबाट केही समयका लागि रेस्ट गर्न चाहन्छु, अब दुईवटा भोजपुरी चलचित्र सकेर केही समय उपचार र आराममा बिताउने योजनामा छु ।' विवाहित जीवन बिताइरहेका निखिल र वैवाहिक सम्बन्धलाई विच्छेद गरेर बसेकी नायिका सञ्चिताबीचको यो सम्बन्ध सहजै अघि बढ्न गाह्रो भएकाले पनि दुवैले विवाहको कुरा लामो समयसम्म लुकाउनुपरेको बताए । हामीले चोखो माया गरेका हौं, तर भन्न डरायौं, नायिका सञ्चिताले भनिन्- 'अब डर छैन, शून्यबाट नै नयाँ जीवन प्रारम्भ गर्दैछौं ।'

पाँच वर्षअघि सोभित बस्नेतद्वारा निर्देशित 'चोर-सिपाही' को सुटिङताकादेखि नै निखिल र सञ्चिताको मित्रता घनिष्ठ बनेको थियो । चोर-सिपाहीमा दुवै जना नायक-नायिकाको भूमिकामा थिए । निखिल र सञ्चिताको जोडी जम्ने भनिए पनि यी दुईले एक-अर्काको जोडी बनेर अभिनय गरेका चलचित्रको संख्या जम्मा ६ मात्र छ । चोर-सिपाहीपछि मर्यादा, दाग, युद्ध, विजयपथ, माया त माया होमा उनीहरू दुवै एक-अर्काको जोडीका रूपमा देखिएका छन् ।









# एसएलसी परीक्षा : एक अनुभव



पछि गएर यथार्थ थाहा पाउनु वा पछुताउनुभन्दा पहिले नै सावधान रहे पक्कै पनि केही फाइदा पुग्छ।

**सागर शर्मा**

एसएलसी परीक्षा आउन एक हप्ता पनि बाँकी छैन। चैतको १२ गतेदेखि हुने यो परीक्षामा लाखौं विद्यार्थी समावेश हुँदैछन्। एसएलसी परीक्षामा विद्यार्थीहरू आत्तिने समस्या प्रशस्तै देखिन्छ। नगरेको गल्ती पनि आफूमाथि आइलागेर कतै परीक्षा केन्द्रबाट बाहिरिनुपर्ने पो हो कि भन्ने डर पनि धेरैलाई हुन्छ। एउटा यथार्थ के हो भने एसएलसी परीक्षाका बेला धेरै विद्यार्थी आत्तिन्छन्, तर तिनै विद्यार्थीले परीक्षा सकिएपछि यो पनि विद्यालयमा लिइने सामान्य परीक्षासरह रहेको थाहा पाउँछन् अनि आत्तिन नपर्ने रहेछ भन्ने महसुस गर्छन्। पछि गएर यथार्थ थाहा पाउनु वा पछुताउनुभन्दा पहिले नै सावधान रहे पक्कै पनि केही फाइदा पुग्छ।

एसएलसी परीक्षामा समावेश हुँदा म आफ्नो कक्षामा सबैभन्दा सानो थिएँ, खासै एसएलसी दिने विद्यार्थीजत्तिको पनि देखिन्नथेँ। नेपालको त्यसबेलाको कानुनका कारण मैले मेरो वास्तविक उमेरभन्दा डेढ वर्ष बढाएर एसएलसी परीक्षा दिएको छु, जुन उमेर मेरो नागरिकतामा पनि कायम छ। सानै उमेरमा एसएलसी परीक्षा दिँदा मलाई रमाइलो पनि अनुभव भएको थियो।

पहिलो दिन परीक्षाहलमा प्रवेश गर्दा गणित शिक्षक दीपक थापालाई सम्झिरहेको थिएँ। म उहाँले 'सबै कुरामा आनन्द लिन सिक, सफलता तिम्रै हातमा हुनेछ' भनि सिकाउनुभएको पाठलाई मैले अनुसरण गरिरहेको थिएँ अनि परीक्षाहलमा आत्मविश्वासका साथ प्रवेश गरेको थिएँ।

सो दिन गेटबाहिर रहेका सुरक्षाकर्मीको कडा व्यवहारबाट मलगायत केही विद्यार्थीलाई गाह्रो भएको थियो, तर मेरो दाइको अनुभव मसँग भएकाले खासै हतोत्साही भने भइनँ। परीक्षाहलमा परीक्षा निरीक्षकले सौहार्दपूर्ण व्यवहार नै गरेका थिए। उनीहरूले राम्रो स्वभावका साथ कापी दिने, नबुझेको प्रश्न बुझाइदिने तथा जिल्ला शिक्षा कार्यालयले दिएको निर्देशन बताइदिने गरेका थिए। कुनै परीक्षा निरीक्षकले प्रश्नमा प्रिन्ट मिस्टेक भै नबुझिएर सोध्दा पनि खासै चासो नदेखाउँदा भने अलि नरमाइलै लागेको थियो। वास्तवमा यस्तो व्यवहार ठीक होइन, परीक्षामा विद्यार्थीहरू हतोत्साहित नहुन् भनेर राम्रो वातावरणको सिर्जना गरिनुपर्ने ठाउँमा विद्यार्थीहरूको मनोबल घटाउने कार्य गर्नु ठीक होइन।

आफ्नो तयारीअनुरूपको परीक्षा दिइसकेपछि परीक्षा हलबाट बाहिरिइयो। साथीहरूसँग परीक्षाका विभिन्न पक्षमा छलफल भयो, परीक्षा राम्रो-नराम्रो भएको विषयमा पनि सोधपुछ भयो। यत्तिकैमा एक जना साथी परीक्षाकेन्द्र अलि 'टाइट' भएको गुनासो गर्दै थिए। 'ओहो ! हाम्रो हलमा त कस्तो टाइट गऱ्या, एक जनालाई त रेस्ट्रिकेट नै गरिदियो। मैले पनि एउटा प्रश्न नजानेर यसो पछाडि हेरेको पाँच मिनेट उठाइदियो, धेरै कडा पो रहेछ।' साथीले यसो भनिरहँदा मलाई भने अनौठो लागिरहेको थियो। मैले दायाँबायाँ नगरेर हो वा के भएर हो, मलाई त परीक्षा दिन सहज नै भैरहेको थियो। यथार्थ यही नै हो, यदि आफूले गल्ती गरिँदैन भने केही पनि गाह्रो हुँदैन। ममा पहिलो दिनमै पाएको अनुभवबाट पछिका परीक्षा पनि राम्रो गर्न आत्मविश्वास थपिएको थियो।

वास्तवमा मेरो एसएलसी परीक्षालाई टेस्ट परीक्षाको अनुभवले पनि सघाइरहेको थियो। प्रायः सबै पक्षका बारेमा पहिले नै बोध भएकाले होला, एसएलसी परीक्षा पनि विद्यालयमै लिइने गरेको परीक्षासरह लागेको थियो। टेस्ट परीक्षामा आफूले भोगेको कमजोर पक्षलाई तिखार्दै लैजाँदा एसएलसी परीक्षामा राहत मिल्ने रहेछ। आफ्नै टेस्टको अनुभवलाई एसएलसी परीक्षाका लागि पृष्ठपोषणका रूपमा लिनाले आत्मविश्वास बढ्छ।

घरको वातावरणले पनि परीक्षामा महत्त्वपूर्ण भूमिका खेल्छ। आफ्ना छोराछोरीलाई यति नै अङ्क ल्याउनुपर्छ भनेर अनावश्यक 'टर्चर' दिनु पनि राम्रो होइन। मलाई घरबाट पनि राम्रै वातावरण मिलेको थियो। मेरो बुबाले राम्रोसँग तयारी गर्दै शतप्रतिशतको 'टार्गेट' गर्नुपर्छ, तर त्यसकै बारेमा भने चिन्ता लिइरहनु हुँदैन भनेर सुझाव दिनुभएको थियो। उहाँले भन्ने गर्नुभएको 'वर्तमानलाई राम्रो बनाउँदा भविष्य आफैं राम्रो हुन्छ' भन्ने भनाइ मेरा लागि फलदायी नै सावित भएको थियो।

# परीक्षाको तीन घण्टा व्यवस्थापन

विद्यालय एवं कलेजको परीक्षा सामान्यतः तीन घण्टाको हुन्छ। यही तीन घण्टा नै विद्यार्थीले पाउने प्राप्तांकसँग जोडिएको हुन्छ। यो समयलाई व्यवस्थित तरिकाले प्रयोग गरे उच्च अंक हासिल गर्न सकिन्छ। उत्तरपुस्तिका प्राप्त भएपछि प्रश्नपत्र वितरण नगरुञ्जेलसम्म उत्तरपुस्तिकामा रोल नम्बर, विषय र अन्य आवश्यक विवरण भर्नुपर्छ। यो समयभित्र आफूलाई चाहिने कलम, सार्पनर, क्यालकुलेटरजस्ता सामान मिलाउनुपर्छ। उत्तरपुस्तिकाको दायाँबायाँ मार्जिन तान्ने र आफ्नो सिटनजिक बस्ने नयाँ साथीसँग परिचय गर्ने अथवा पुराना साथीलाई अभिवादन गर्ने। परीक्षा हलमा बस्ने निरीक्षकलाई पनि अभिवादन गर्नुपर्छ। यसो गर्नाले परीक्षा अवधिमा उनको सहयोग लिन सजिलो हुन्छ। निरीक्षकले पानीको व्यवस्था, थप उत्तरपुस्तिका उपलब्ध गराउने र बाँकी समयका बारेमा जानकारी गराएर सहयोग गर्न सक्छन्।

परीक्षा प्रारम्भ भएको घण्टी बज्नेबित्तिकै प्रश्नपत्र वितरण हुन्छ। प्रश्न पाउनासाथ ध्यानपूर्वक पढ्नुपर्छ। प्रश्नपत्र विभिन्न समूहमा वर्गीकरण गरिएको हुन्छ। करिब १५ मिनेट प्रश्नपत्र पढेर आफूले सबैभन्दा राम्रो लेख्न सक्ने समूह पहिचान गरी लेख्न थाल्नुपर्छ। सुरुमै राम्रो उत्तर लेख्न नसके कापी जाँच्ने परीक्षकमा नकारात्मक असर पर्न सक्छ। यसबाट परीक्षार्थीले पाउने अंकमा पनि प्रभाव पर्छ। त्यसैले सबैभन्दा राम्रो लेख्न सकिने समूह छनौट गरी क्रम मिलाएर उत्तर लेख्दै जानुपर्छ।

प्रश्नको अंकका आधारमा उत्तर लेख्न समय दिनुपर्छ। सामान्य नियमअनुसार १ अंकको प्रश्नका लागि डेढ मिनेट समय खर्च गर्न सकिन्छ। छोटो प्रश्नका लागि त्योभन्दा कम समय दिँदा हुन्छ। उत्तर निश्चित रूपमा सही भएको प्रश्नको जवाफ लेख्न पनि कम समय लाग्छ।

प्रश्नले जे सोधेको छ त्यसको मात्र उत्तर लेख्नुपर्छ। अर्को प्रचलित नियमअनुसार ५ अंकको प्रश्नको उत्तर एक पेजमा लेख्न सकिन्छ। धेरै कुरा थाहा छ भनेर आवश्यकताभन्दा बढी लेख्न थालियो भने समय अभाव भएर सबै प्रश्नको हल गर्न नपाउँदा कम अंक प्राप्त हुन्छ। त्यसैले पनि एक पेज लेख्न आठ मिनेटभन्दा बढी समय खर्च गर्नु हुँदैन। यदि लेखिरहेको उत्तरको बुँदा सम्झिन समस्या परे अर्को प्रश्नको हल गर्नतिर लाग्नुपर्छ। यसो भन्दैमा लेख्ने बित्तिकै केही नसोची अर्को प्रश्नको उत्तर खोज्नु पनि बुद्धिमानी होइन। ५ अंकको प्रश्नका लागि कम्तीमा ५ मिनेट ध्यान दिनैपर्छ।

समयमै सबै प्रश्नको उत्तर लेखिसकेर पनि १५ मिनेट समय बाँकी रहन्छ। यो १५ मिनेट भने लेखिसकेका उत्तर आफैंले जाँच्ने र अघि सम्झन नसकेका बुँदा थप्न सकिन्छ तथा जानेर-नजानेर भएका गल्ती सच्याउन सकिन्छ।

**– रविन राचलिका**


हाईट बढाउने ?
३ महिनामा ४" उचाई बढाउने
- केश झर्न तुरुन्तै रोकी उमार्ने
- १ महिनामा चाहेजती ब्रेष्ट बढाउने र घटाउन
- जस्तो सुकै उमेर अनुसार चाउरीपन हटाउन
- तीलकोठी, डण्डीफोर, चायापोतोको लागि
- १ महिनामा ६ देखि १० किलो मोटोपन घटाउन
- प्रेशर, सुगर, ढाड दुखाईको लागि (आयुर्वेदिक उपचार)
नेचुरल हेल्थ केयर
ललितपुर, लगनखेल, (पाटन हस्पिटल अगाडी)
फोन : 5004046, 5550195
मोवाइल : 9851112675

20% Discount on MONTESSORI Training
- Montessori Training
- Primary Teacher Training
- In-charge/coordinator Training
- Child Care Training
Job Assured.
CTF Nepal
Bagbazar, Yeti Plaza (Opp.to P.K)
01-2004747,01-4265637
E-mail: ctfnepal@gmail.com

चिरा
महिलाहरुको पेट तथा छातीमा देखिने दाग/सेतो धर्साको सफल उपचार।
जाँड-रक्सी सुर्ति, चुरोट छुटाउने ब्राण्डेड 'हर्बल चुर्ण'
- मोटोपना घटाउन/तौल बढाउन
- चाँया-पोतो, डण्डिफोर साथै चाउरीपना हटाउन
- कपाल सम्बन्धी कस्मेटिक उपचार
"A Complete Herbal Concern"
फ्रि डेलिभरि
सम्पर्क: डिल्लीबजार, ओरालो
4438630, 4442133
98511-10326, पोखरा: 98461-37418
चितवन: 98451-59169, हेटौंडा-97450-35945

होटल तालिम विशेष छुटमा
२००३ मा स्थापित
नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक
Worldwide valid Certificate
Japan, UK, Australia, Canada, Europen देशमा Working Visa, Student Visa मा जानेलाई Part time & Full time job को लागि SPECIAL CLASS भैरहेछ।
COOK, WAITER, Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy etc.
- ३ महिने कुकमा FREE ENGLISH LANGUAGE
- थप Industrial Training लाई Star Hotel मा पठाइने
- आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
- जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने।
- Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम
Vissa Processing for Aboard Study U.K. Australia
ATHTIN बाट स्विकृत प्राप्त
र्‍याडीसन होटल ट्रेनिङ्ग सेन्टर
बागबजार,पि.के.क्याम्पसपछिको दोस्रो घर रत्नपार्क तर्फ
4247165, 2200889, 9841-891131
साहारा होटल तालिम सेन्टर
(Sahara School of Hospitality Mangement and Toursim Nepal)
नयाँ बानेश्वर, शिवदर्शन हल अगाडि, ओखरवोट मार्ग
2040782, 016200757, 98510-93629
र्‍याडीसन होटल तालिम सेन्टर
नयाँ बानेश्वर, BICC को पानी ट्यांकी अगाडी
4464720, 9841-891131, 98510-93629

BTMS Job Assured
BTMS Training
(Business Task Management Skills)
levelwise courses
Classes are Running
CTF Nepal
Bagbazar, Yeti Plaza (Opp.to P.K)
01-2004747,01-4265637
E-mail: ctfnepal@gmail.com

कस्मेटिक सर्जरी
- शरीरमा भएको दाग, कोठी, मुसा, ट्याटु, अप्रेशन पछिका दागहरू हटाउन
- नाक, कान, आँखा सम्बन्धी कष्मेटिक सर्जरी
- मंगोलियन आँखाको उपचार
- अनुहारको चाउरीपन हटाउन (BoTOX TREATMENT)
- स्तन सम्बन्धी कष्मेटिक उपचार
- टाउकोमा केश उमार्न
नेपाल प्लाष्टिक सर्जरी अस्पताल
हरिसिद्धि, ललितपुर
५२५०६६५, ९८०३८८३५७७

छिटो गर्नुहोस
नि:शुल्क १० जना
८ वा ९ पास / ९ ,१० वा SLC फेल / उमेर नाघेका / जागिरे गर्दै.....
१ वर्षमानै SLC पास गर्ने हो ?
प्राईभेट TEST/ SLC
067 मा नयाँ भर्ना
समय:– बिहान/दिउँसो
माध्यम:–नेपाली/अंग्रेजी
D.E.O.- काठमाण्डौ र EIA नेपाल बाट स्वीकृती प्राप्त
बिस्तृत जानकारीको लागि
कोसेट ओपन स्कुल
२१६०७३६, ९८४१२६४५१४
लाजिम्पाट (प्रहरी बिट सँगै)
कामना स्कुल
४६००३३५, ४६०१८७८, ९८४१२६८४०९
कोटेश्वर, चोक

ENGLISH LANGUAGE TRAINING
छिटो अनि राम्रोसँग American Method मा सिकाइने १मात्र English, Japanese, Spanish, Chinese, German तथा French Language Training सँचालन गरिदैछ।
३ महिना भित्र राम्रोसँग बोल्न सक्ने बनाउने विश्वास दिलाउछौं।
BUD LANGUAGE INSTITUTE
जमल रानी पोखरी, विश्वज्योति हलमगै
Tel: - 4249576

खुल्यो ! खुल्यो !! खुल्यो !!!
१००% प्राक्टीकल
नेपालमै पहिलो पटक
CCTV, Security System, Fire alarm control system, Embedded System Design, Mastering 8051 Microcontroller तथा Electrical, Electronic विषयहरुमा अनुभवी इन्जीनियर तथा दक्ष प्राविधिकद्धारा प्रशिक्षणको तालिम खुल्यो। धमाधम भर्ना लिइदैछ, सिट सिमीत छ।
प्राविधिक तालिम तथा अनुसन्धान केन्द्र प्रा.लि,
अद्वैतमार्ग, पुरानो बसपार्क,काठमाण्डौ
४२४६९३६, ९८०२०३१७६६

होटल तालिम भारी छुटमा
छैटौं बर्ष पुरा गरी सातौं बर्षमा प्रवेश गरेको उपलक्ष्यमा भारी छुटका साथ
कुक, वेटर, वार, हाउसकिपीङ्ग, तालिमहरु
- कुक तालिममा वेटर/वेट्रेस फ्रि
- वेटर तालिममा वार ट्रेनिङ्ग फ्रि
- वेटर, वार ट्रेनिङ्गमा हाउसकिपिङ्ग फ्रि
- स्पेशल कुक तालिममा भारी छुट
साथै
स्पेशल अरविक कुक तालिम गल्फ देश जानेहरुका लागि
EMTC नयाँबानेश्वर, थापागाउँ ☎ 4483969

होटल तालिम मोडर्नमा
Switzerland & UK बाट
अनुभव प्राप्त गरी आउनुभएका प्रशिक्षक द्वारा पनि प्रशिक्षण दिईन्छ
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver,Domestic Helper तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center Pvt. Ltd. महाराजगञ्ज बसुन्धरा पुल- Ktm
Ph:- 4363215, 9721315801

100 % रोजगार मूलक
होटल तालिम
- कुक - वेटर - हाउसकिपिङ्ग
अंग्रेजी/नेपाली दुवैमा थप प्राक्टिकल पाँचतारेमा अंग्रेजी भाषा नि:शुल्क
७ वर्षे अनुभव ४/५ स्टारमा कार्यरत प्रशिक्षक
विशेष छुट प्याकेज
KMDC
(कामना मेनपावर डेप्लप्मेन्ट सेन्टर प्रा.लि.
कोटेश्वर चोक, ४६०१८७८/४६००३३५

# एसएलसीमा सफलताका लागि

शिव मुखिया



परीक्षामा कसरी उत्कृष्टता हासिल गर्ने ? अधिकांश विद्यार्थीलाई यही प्रश्नले घोचिरहेको होला । हुन पनि विद्यालयतहको १० वर्षे पढाइलाई बिट मार्ने अवसर मात्र होइन, चुनौती पनि हो यो । त्यसैले यो परीक्षालाई विद्यार्थीहरूले विशेष महत्व दिने गरेका छन् । जे होस्, परीक्षामा कसरी उत्तीर्ण गर्ने भन्दा पनि उत्कृष्टता हासिल गर्नेतर्फ सार्थक प्रयास गर्नुपर्छ ।

परीक्षामा उत्कृष्टता हासिल गर्न घोकाइले मात्र पुग्दैन । गहन अध्ययन यसको पहिलो सर्त हो । गहन रूपमा अध्ययन गर्नेले परीक्षामा सजिलै उच्च अंक हासिल गर्न सक्छन् । साथै, आत्मविश्वास, लगनशीलता एवं निरन्तरको अभ्यासले नै उत्कृष्टता हासिल गर्न मद्दत मिल्छ ।

**आत्मविश्वास** : आत्मविश्वास नभएका मानिसले कुनै पनि क्षेत्रमा सफलता हासिल गर्न सक्दैनन् । विश्वमा ठूला-ठूला सफलता प्राप्त गरेका मानिसहरूका पछाडि आत्मविश्वासले काम गरेको पाइन्छ । मानवीय सोच र प्रयासलाई उच्चतम बिन्दुमा पुर्‍याउने मुख्य कडी आत्मविश्वास नै हो । अतः परीक्षामा सफलता प्राप्त गर्न पनि आत्मविश्वास आवश्यक हुन्छ । परीक्षा हलमा पुगेपछि कतिपय विद्यार्थी आफूले जानेको कुरा पनि बिर्सन्छन् । उनीहरू डरले काम्ने, चिढिनेजस्ता प्रवृत्ति देखाउँछन् ।

कतिपय विद्यार्थी आफैंले लेखेको जवाफमा विश्वास गर्दैनन् । अनि, अरूले लेखेको हेरेर सार्ने प्रयत्न गर्छन् । अर्थात् आफूलाई कमजोर मानेर पनि उनीहरू परीक्षामा राम्रोसँग लेख्न सक्दैनन् । यो सबै आत्मविश्वासको कमी हो ।

विद्यार्थीहरूले आफूले जानेको कुरालाई परीक्षामा कुशलतापूर्वक लेख्न आत्मविश्वास अपरिहार्य हुन्छ । परीक्षामा सर्वोत्कृष्ट अंक हासिल गर्छु भन्ने दृढ संकल्प गर्नुपर्छ । यस्तो नतिजा हासिल गर्न म सक्षम छु भन्ने भावना हुनुपर्छ । यही आत्मविश्वासका कारण उनले सफलता प्राप्त गर्न सकिन्छ ।

**लगनशीलता** : लगनशीलता सफलताको अर्को कडी हो । अध्ययनमा लगनशील भएर लाग्ने विद्यार्थीले परीक्षाको समयमा पछुताउनुपर्दैन । कुनै पनि विषयमा जान्न उत्सुक हुने, जान्नका लागि प्रयास गरिरहने बानीले विद्यार्थीलाई परिपक्क बनाउँछ । मन लागेको बेला पढ्यो, अरू बेला वास्तै नगर्ने बानी धेरैमा हुन्छ । यसो गर्दा उनीहरूले जानेको कुरा पनि बिर्सन सक्छन् । त्यसैले आफूले अध्ययन गर्ने विषयमा निरन्तर लाग्नुपर्छ । नजानेको र अप्ठ्यारो विषय आउनासाथ पुस्तक फ्याक्नु हुँदैन । बरु त्यही अप्ठ्यारो कुरा जान्ने निरन्तर प्रयास गर्नुपर्छ ।

योजनाबद्ध ढंगले अध्ययन गरेको कुरा बुझ्न सजिलो हुन्छ । दिनहुँ नयाँ कुरा पढ्दै जादाँ अगाडि पढेका कुरालाई पनि बेला-बेला सम्झनुपर्छ र अभ्यास गर्नुपर्छ । आफूले नजानेका कुरा साथीहरूसँग छलफल गरेर जान्न सकिन्छ । अभिभावक एवं शिक्षकको सहायताले पनि नजानेका विषयहरू जान्न मद्दत मिल्छ । यस्तो लगनशीलताले सधैं सफलतातर्फ डोर्‍याइरहेको हुन्छ ।

**निरन्तर अभ्यास** : एउटा भनाइ छ, 'पढेर जानेको भन्दा परेर जानेको काम लाग्छ ।' विद्यार्थीले यो भनाइलाई मनन गर्न आवश्यक छ । किताबको कीरो भएर मात्र हुादैन । पढेका कुरालाई व्यावहारिक जीवनमा लागू गर्न सकिएन भने त्यो शिक्षा व्यर्थ हुन्छ । आफ्नै अनुभवबाट प्राप्त गरेको ज्ञान दिगो हुन्छ । घोकेको कुरा क्षणिक मात्र हुन्छ । पाठ्यक्रम अध्ययन गर्दा अभ्यासद्वारा गर्नु धेरै उत्तम हुन्छ । आफूले कुन विषय अध्ययन गर्दैछु, यसबाट के कुरा जान्ने ? भन्ने मानसिकता अध्ययन गर्नुअघि नै तय गर्नुपर्छ । अनि अध्ययन गर्ने विषयलाई बुादागत रूपमा टिपोट गर्नुपर्छ । यसरी टिपोट गर्दा नबुझिएको कुरा शिक्षकसँग सोधेर वा साथीहरूमाझ अन्तर्क्रिया गरेर बुझ्नुपर्छ । अध्ययन गरेको ज्ञानलाई व्यावहारिक रूपमा प्रस्तुत गर्ने प्रयास गर्नुपर्छ । विद्यालयमा अध्ययन गरेका कुरा घरमा आएर अभ्यास गर्नुपर्छ । आफ्नै अभ्यासद्वारा प्राप्त ज्ञान स्मरणमा राख्न तथा परीक्षामा मौलिक रूपमा अभिव्यक्त गर्न सकिन्छ ।

गणितजस्तो प्रयोगात्मक विषयको अभ्यासबाट अध्ययन प्रारम्भ गर्नुपर्छ । अन्य विषय अध्ययन गर्दा विद्यार्थीहरू बसेर छलफलको माध्यमबाट गर्नु लाभदायक हुन्छ । आफूले अध्ययन गरिसकेपछि ती विषयका बारेमा मनन गर्नुपर्छ । अध्ययन गरेको कुराबाट मैले के-के जानें भनेर आँखा चिम्लेर मनन गर्नुपर्छ । नजानेको कुरा जान्न पुनः अध्ययन गर्नुपर्छ ।

**चिन्ता होइन, चिन्तन राम्रो** : परीक्षाको घडीमा धेरैजसो विद्यार्थीलाई चिन्ताले सताउँछ । त्यस्तै परीक्षा नजिकिादै जादाँ पनि उनीहरूमा चिन्ता बढ्दै जान्छ । हुन त सबै विद्यार्थीमा नै परीक्षाको बेला तनाव सिर्जना हुन्छ, तर यसैलाई चिन्ताका रूपमा लिए परीक्षासमेत बिग्रने डर हुन्छ । त्यसैले विद्यार्थीले तनाव कम गर्दै कसरी परीक्षामा राम्रो गर्ने भन्नेतर्फ ध्यान मोड्नुपर्छ । सकारात्मक सोच एवं परिश्रमको फल मीठो हुन्छ भन्ने कुरा पनि बुझ्नुपर्छ ।

परीक्षाका बेला शारीरिक कम्पन महसुस हुन्छ । यद्यपि तनाव धेरै बढ्नुको कारण अध्ययनमा कमजोर हुनु नै हो । धेरैजसो विद्यार्थी परीक्षाको समयमा मात्र पाठ घोक्छन् । एकातिर परीक्षाको तनाव अर्कातिर अध्ययनको भारले उनीहरू मानसिक रूपले थाक्छन् । त्यसैले पढेका कुरा सजिलै ग्रहण गर्न सक्दैनन् । फलतः उनीहरू थप अतालिन्छन् । परीक्षामा कसरी लेख्ने भन्ने भयले उनीहरूमा गम्भीर चिन्ता उत्पन्न गर्छ । त्यसैले, पछि पछुताउनुभन्दा समयमै मेहनत गर्नु बुद्धिमता हुन्छ ।

सुरुदेखि नै पाठयोजना र समयतालिका बनाएर अध्ययन गर्ने बानी बसाल्नुपर्छ । नियमित अध्ययन गर्ने विद्यार्थीलाई परीक्षामा बढी मानसिक भार हुादैन । अघि नै अध्ययन गरेका विषयलाई स्मरण गर्नका लागि मात्र किताब एवं नोट हेर्नुपर्ने भएकाले उनीहरू परीक्षामा के लेख्ने भन्ने चिन्तामा हुादैनन् । योजनाबद्ध र नियमित अध्ययन गर्ने विद्यार्थीले परीक्षाको समयमा पाठ घोक्नु होइन, विगतमै अध्ययन गरेको पाठका सम्बन्धमा चिन्तन गर्नुपर्छ ।

# बानेश्वरमा रमाइलो विज्ञान मेला

विज्ञानलाई घोक्ने विषय मात्र सम्झिएकी सम्झना श्रेष्ठले यो क्षेत्रमा निकै रमाइला क्रियाकलाप पनि हुन सक्ने कुरा थाहा पाएकी छिन् । उनले गत शुक्रबार बानेश्वरमा आयोजित विज्ञान मेला हेर्ने क्रममा रोचक जानकारीहरू पाइन् । मेलाको पहिलो स्टलमा बसेको युवा वैज्ञानिकलाई सुरुमा सम्झनाले जादुगर मानेकी थिइन् । ती वैज्ञानिकले एउटा लोटामा खुकुरी प्रहार गरेर लोटालाई माथि उठाएको देख्दा सबै दर्शकले वैज्ञानिकलाई जादुगर माने । दर्शकहरूले पनि यसरी नै लोटामा खुकुरी हानेर लोटा उठाई रमाइलो गरे । लोटाभित्र चामल राखिएको थियो । खुकुरी प्रहार गर्दा चामलले खुकुरीलाई कस्छ । यसरी कस्सिएको खुकुरीसँग लोटा पनि उठ्छ, जादुगर वैज्ञानिक श्वेता चालिसेले भनिन् ।

रमेश पराजुली मेलामा जलवायु परिवर्ननको स्टलबाट खोलानालाका कारण हिमाल पग्लिएको कुरा सुनाउन व्यस्त थिए । ढल बग्ने खोलामा जलविहार गर्ने रमाइलो कार्यक्रम बनाए त्यहाँ फोहोर फाल्ने काम कम हुने रमेशले बताए । कोटेश्वरबाट आएकी ज्योति बस्नेतले मेलामा आफ्नो दाहिने आँखा बढी प्रयोग हुने कुरा थाहा पाइन् । त्यहाँ राखिएको विशेष यन्त्रमार्फत कसको कुन आँखा बढी प्रयोग हुन्छ भन्ने कुरा जाँच्न भुवन पाण्डे खटिएका थिए । भुवनका अनुसार ८० प्रतिशत मानिस दाहिने आँखे हुन्छन् ।

युवा वैज्ञानिक रिजन कार्कीले भने पनौतीको गोरखनाथ डाँडाको मोडल मेला स्टलमा राखेका थिए । गत माघमा त्यहाँ जाँदा उनले तीन थरीको उकालो देखे । पहिलो भिरालो बाटो, दोस्रो माटो खनेर बनेका खुड्किला र तेस्रो ढलान गरिएका खुड्किला थिए । यी तीनमध्ये कुन बाटोमा हिंड्न सजिलो र आरामदायी हुन्छ भनेर उक्त मोडल बनाइएको हो । रिजनका अनुसार कम ढल्किनुपर्ने भएकाले माटो खनेर बनेका खुडकिला चढ्न सजिलो हुन्छ । हाइकिङ र ट्रेकिङ क्षेत्रमा यस्तै खुडकिला बनाए पदयात्रीहहरूलाई सजिलो हुने राजन प्रजापतिको दाबी छ । उक्त अवसरमा पहाडमा ढुवानी गर्ने प्रविधि पनि प्रदर्शन गरिएको थियो ।


Build your career in Pharmaceutical Market
MR Training
Class Starts: 29th March 2010 (Morning/Day/ Evening shift)
Eligibility: Students of Science & Management
Job Placement for excellent Student
The Only Medical representative training institute in Nepal.
NMSF Tinkune, Kathmandu, Ph : 016204795

Language & Computer
English: Elementary, Intermediate, Advanced & Special Courses
(Supervised by P. Swoveet, free books, cassettes, audio-visual/ interactive method..)
Japanese/German/Chinese/French/Spanish.. classes
Computer: Basic/Advanced/Accnt./Graphic..
TOEFL / IELTS / SAT/GRE Pre.
(Free Books/ materials/ Lab & Online practice/ weekly tests)
Study Abroad: USA, UK, Canada, Australia .. Wide range of courses, Free counselling ..
Our Products: Language books/Cassettes/CDs/Video DVDs ....
Easy Learning Language Book, Cassettes/CDs Basic to Advanced
Eagle Eye UN POL (SAT) Prepn. Book with audio CD Price: Rs. 280/-
Upto date Essays for TOEFL/IELTS 201 Essays Rs.188/-
Face to Face Language Videos Price: Rs. 160/-
Interactive English Language Videos Price: Rs. 260/-
Boost Vocabulary Enhance word power Basic to Advanced Price: 50 & 60/-
-OLC's Publications, ph. 4-247897
O'seas Academy (OLC) Head office Bag Bazar, 4-268945 OLC Jamal-Branch, 4-244741
(Institute run by P. Swoveet! Other institutes called OLC don't belong to us!)

आकर्षक व्यक्तित्व
Acupuncture, (VASTU)
• अनुहार गोरो बनाउन (Roop Amrit)
• डण्डीफोर, चायापोतो, चारीपना हटाउने
• स्तन घटाउन, बढाउन, टाइट गर्न (Cream)
• YOKO (Height) बढाउन
लिङ्गको लम्बाई, मोटाई बढाउन
स्खलन रोक्न (Handsum up)
• केश झर्न रोकी उमार्न (Oil)
• रक्सी, चुरोटको कुलत छुटाउन
• मोटापा घटाउन, बढाउन
• ढाड दुखाई कम गर्ने चुम्बकीय (Belt)
Abking Pro Suna Belt, Home Jogger
Free Home Delivery
TELE-SHOP INTERNATIONAL
सम्पर्क Thamel, Galkopakha
98030-87729, 97213-19662

100% फिट्नेस
स्तन बढाउने, घटाउने तथा टाईट र आकर्षक बनाउन सकिने ।
अनुहार पोतो, चायाँ, डण्डीफोर, दाग तथा मुसा हटाउने ।
यौन शिघ्र स्खलन, उत्तेजना नहुने लिङ्गको लम्बाई तथा मोटाई बढाउन ।
4276068, 9803502259

आवश्यकता

निर्यात उद्योगको लागि काँटी र क्रुसले बुन्न जान्नेहरु तथा JUKI सिलाइ मेशीन जान्नेहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।
सम्पर्कः रेणुजी, फोन ४२६००७३, ४२६९७०१
फोन गर्ने समयः १०-५ बजे (शनिबार बन्द)

# अग्लो झोलुंगो पुल हेर्न भीड



कुस्मा- पर्वतको सदरमुकाम कुस्माबजारदेखि कटुवाचौपारी गाविस जोड्ने मोदिखोलामा निर्मित मुलुककै अग्लो झोलुङ्गे पुल हेर्न आउनेहरूको भीड लागेको छ। आवतजावतमा सुविधा पुऱ्याउन र जिल्लालाई पर्यटकीय रूपमा विकसित गराउने उद्देश्यका साथ निर्माण गरिएको पुल हेर्न दैनिक २ हजारभन्दा बढी आन्तरिक तथा बाह्य पर्यटक आउने गरेका छन्।

खोलाको बीच भागमा पिलर नै नराखी निर्माण गरिएको उक्त पुल हेर्न मात्र नभएर पुल निर्माणका बारेमा सोध्न पनि सर्वसाधारण आउने गरेका छन्। पुलको अवलोकन गर्न पोखरा, चितवन, तनहुँ, स्याङ्जा, पाल्पा, बाग्लुङ, म्याग्दी, मुस्ताङ आदि जिल्लाबाट सर्वसाधारणहरू आइरहेका छन्।

१ करोड ४५ लाख रुपैयाँमा निर्मित उक्त पुल सञ्चालनमा आएपछि सर्वसाधारणलाई आउजाउमा सुविधा पुगेको छ। पुल सञ्चालनपछि कटुवाचौपारी, पीपलटारी, शंकरपोखरी, थापाठाना, कार्किनेटा, खौलाकुरी, ठुलीपोखरी, मुडिकुवा आदि गाविसका स्थानीय बासिन्दाहरूले आफूले उत्पादन गरेका तरकारी, दूध, फलफूल बेच्न कुस्मा बजार आउने गरेका छन्। पुलको लम्बाइ ३ सय ४४ मिटर र उचाइ १ सय ३५ मिटर छ।

पुलको बीच भागबाट माछापुच्छ्रे, धौलागिरि, अन्नपूर्ण हिमाल देखिने हुँदा विदेशी पर्यटकको आगनमा वृद्धि हुने निश्चित रहेको पुलका परिकल्पनाकार सूर्यप्रकाश पौडेलले बताए। पुल धेरै लामो भएकाले बीचमा हल्लिए पनि अधिकांशले पुलको बीच भागमा बसेर आनन्द लिने गरेका छन्। पोखरादेखि मोटरसाइकलमा पुल हेर्न आएका पदम गुरुङले यति लामो पुल पहिलो पटक देखेको बताए।

पुल हेर्न आउनेहरूले पुलको बीच भाग र छेउको फोटो खिचेर लाने गरेका छन्। 'पुल लामो भएर क्यामेरामा फोटो कैद गर्न समस्या पऱ्यो,' चितवनबाट आएका सौरभ शर्माले भने, 'त्यही भएर आधा-आधा भाग फोटो खिचेर पछि कम्प्युटरमा लगेर जोड्छु।'

**बन्जिजम्प पनि सुरु गरिने**

भोटेकोसीमा मात्र सञ्चालित साहसिक खेल बन्जिजम्प यहाँ पनि सुरु गरिने भएको छ। पुल सञ्चालनमा आएलगत्तै बञ्जिजम्प सञ्चालन गर्ने कार्य सुरु गरिएको शिव शर्मा पौडेलले बताए। पौडेलका अनुसार बञ्जिजम्पका बारेमा सम्बन्धित निकायमा जानकारी गराइसकिएको छ।

बञ्जिजम्प सुरु गरेपछि पुलमा बिहान र बेलुका आवतजावत बन्द गरिनेछ। पुलमा दुर्घटना हुन सक्ने खतराले गर्दा वारि र पारि एक-एक जना सुरक्षा गार्ड राख्ने तयारी भैरहेको पनि समितिका अध्यक्ष पौडेलले जानकारी दिए।

**–विमल खतिवडा**

# छमछमीमा छानिए एघार



बुटवल– 'सानैदेखि साँचेको सपना पूरा हुने विश्वासमा छु,' राष्ट्रिय स्तरको नृत्य प्रतियोगिता 'छमछमी'को पहिलो चरणको छनौटमा सफल भएपछि कपिलवस्तु मधुवनकी यशोदा जीसी भन्दै थिइन्- 'जीवनमै सबैभन्दा खुसी र उत्साहित छु।' पेसाले शिक्षिका र रेडियो कार्यक्रम प्रस्तोता भए पनि लगाव नृत्यमा भएकाले प्रतियोगितामा भाग लिएको र भविष्यमा एक सफल नृत्य कलाकार बन्ने धोको मनमा गडेको यशोदाले बताइन्। बुटवलकी रजनी कर्माचार्य पनि छमछमीमा छनौट भएपछि दंग छिन्। स्थानीय स्तरको डान्स आइडलमा द्वितीय भएकी रजनी राष्ट्रिय स्तरको प्रतियोगितामा भाग लिएर बुटवलको नाम राख्न चाहेको बताउँछिन्।

नेपाल टेलिभिजनको आयोजनामा सुरु भएको राष्ट्रव्यापी खुला नृत्य प्रतियोगिताको शुक्रबार र शनिबार बुटवलस्थित बालमन्दिरमा भएको लुम्बिनी अञ्चलस्तरीय अडिसनमा १ सय २९ जनाले भाग लिएका थिए, जसमा बुटवलका मुकेश गुरुङ, किशोर थापा, सुरेश पाण्डे, रेनिशा श्रेष्ठ र रजनी कर्मचार्य, कपिलवस्तुका होमबहादुर रोका, यशोदा जीसी, विनोद न्यौपाने तथा नवलपरासीका टोपबहादुर भुजेल छनौटमा पर्न सफल भए।

छनौटमा नपरे पनि आफ्नो नृत्यमा रहेको कमजोरी सुधार्ने अवसर मिलेकाले दुःख नलागेको नारायणगढबाट आएका रोहित पाण्डे तथा बुटवल कालिकानगरकी सहिमा श्रेष्ठले साप्ताहिकलाई बताए। पोखरा, नेपालगन्ज, सुर्खेत, धनगढी, झापा, धरान जनकपुर, बुटवल र हेटौडा र काठमाडौंको अडिसन राउन्डमा छनौट भएकाबीच हुने दोस्रो चरणको छनौटमा २० जना र तीमध्येबाट उत्कृष्ट १० जनाबीच दर्शक मतका आधारमा विजेता छनौट गरिनेछ।

**–टोपराज शर्मा**

# अनिताले जितिन् रक क्लाइम्बिङ



पोखरा- डरलाग्दो चट्टानमा उक्लिरहेका युवतीहरू देखेर सबै दंग थिए। ठाडो चट्टान माथि र तल डरलाग्दो भीरबीच उनीहरू डोरीको सहायताले चढिरहेका थिए। उनीहरूको साहस देखेर चट्टान आरोहण गर्न आएकाहरू दंग पर्नु स्वाभाविक थियो। महिला सशक्तीकरण नेपाल तथा थ्री-सिस्टर्स ट्रेकिङ एजेन्सीको संयुक्त आयोजनामा गएको साता सराङकोटको मेथ्लाङन डाँडोमा चट्टान आरोहण प्रतिस्पर्धामा प्रतियोगिता नै आयोजित भयो। आरोहण ट्रेकिङसँग सम्बद्ध युवतीहरूले प्रतिस्पर्धा गरेका थिए।

पोखरामा साहसिक पर्यटनको विकास गर्न पहिलो पटक आयोजित प्रतियोगितामा १८ जना युवतीले प्रतिस्पर्धा गरेका थिए। पहिलो चरणपछि १० जना फाइनल राउन्डका लागि प्रतिस्पर्धा गरेका थिए। दुई दिनसम्म चलेको प्रतियोगितामा भोजपुरकी अनिता राई उपाधि जित्न सफल भइन्। उनले २२ मिटर अग्लो चट्टान ९ मिनेट १२ सेकेन्डमा पूरा गर्दै उपाधि जितेकी हुन्। प्रतियोगितामा डोल्पाकी लालमाया शाही ११ मिनेट १० सेकेन्डमा आरोहण गरी द्वितीय भइन् भने मनाङकी मुना गुरुङ १२ मिनेट १६ सेकेन्डमा चट्टान आरोहण गरी तृतीय घोषित भइन्। २२ मिटर अग्लो चट्टानमा काठमाडौं पोखरा, भोजपुर, सोलुखुम्बु डोल्पा, म्याग्दी नवलपरासी, स्याङ्जा, तनहुँ तथा कालिकोटका युवतीहरूले प्रतिस्पर्धा गरेका थिए।

**– शिव शर्मा**

# चुन पहरा चढ्न ओइरो

तनहुँ- बन्दीपुर-६ विमलनगरस्थित चुनपहरा चढ्ने पर्यटकको चाप बढेको छ। आरोहणका लागि पुस १५ देखि चैतको पहिलो सातासम्म उपयुक्त समय भएकाले पर्यटक बढेको सिद्ध गुफा विकास समितिका अध्यक्ष लालकुमार श्रेष्ठले बताए। पृथ्वी राजमार्गछेवैमा पहरा भएकाले आरोहण गर्नेहरूलाई रमाइलो अनुभव हुने अध्यक्ष श्रेष्ठको ठम्याइ छ। उनले स्वदेशी तथा विदेशी पर्यटकका लागि पहरा चढ्न अहिलेसम्म कुनै शुल्क नलिने गरिएको बताए। श्रेष्ठले पर्यटकको चाप बढ्दै गएकाले पहरा वरपर आकर्षक र व्यवस्थित बनाउन समितिले सामान्य शुल्क लिने तयारी गरी रहेको बताए।

चुन पहरा चढ्न भिन्न-भिन्न १० वटा पहरे बाटो बनाइएको छ। १ सय ७० मिटर लम्बाइको सबैभन्दा लामो र ७० मिटर लम्बाइको सबैभन्दा छोटो बाटो रहेको समितिले जनाएको छ। चट्टान आरोहण गर्न स्वदेशी तथा विदेशी पर्यटक गरी यहाँ दिन बिराएर करिब १५-२० जनाको समूह आउने अध्यक्ष श्रेष्ठले जानकारी दिए।

नेपाल पर्वतारोहण प्रशिक्षक संघ गौरीधारा काठमाडौंबाट बेला-बेलामा चट्टान आरोहण तालिमका लागि चुन पहरा ल्याइने गरिएको प्रशिक्षक तुलसिं



गुरुङले बताए। उनले पहरावाट तल हेर्दाको दृश्य पनि आकर्षक रहेको बताए।

चट्टान आरोहण गर्न हेलमेट, डोरी, सुरक्षित पेटी, चट्टानमा लगाउने जुत्ता, चक पाउडर आदि सामग्री आवश्यक हुन्छ। काठमाडौंबाट पृथ्वी राजमार्गको १ सय ३० किलोमिटरको दूरीमा पर्ने विमलनगर बजारबाट यो पहरा राजमार्गमा चल्ने सवारी साधनबाटै देख्न सकिन्छ।

**–पूर्ण विके**



# नोकियाका नयाँ मोडलहरू

मोबाइल फोन सेटको उत्पादनमा अग्रणी रहँदै आएको नोकिया ब्रान्ड नेपाली उपभोक्ताहरूमाझ निकै लोकप्रिय छ। नेपालस्थित आधिकारिक विक्रेता नियोटेरिक नेपालले हालैमात्र नोकियाका विभिन्न मोबाइल फोनसेट बजारमा भित्र्याएको छ।

## एक्स-३



नोकियाले उत्पादन गरेको यो म्युजिक फोनमा लगातार २६ घण्टा म्युजिक प्ले गर्न सकिन्छ। यो सेटमा डेडिकेटेड म्युजिक की छ। ३ दशमलव २ मेगापिक्सेल क्यामेरासहितको यो सेटले १६ जीबी मेमोरी कार्ड सपोर्ट गर्छ। एफएम तथा जीपीआरएस सुविधासहितको यो सेटमा २ हजार फोनबुक इन्ट्रि गर्न सकिन्छ।

**बजार मूल्य : १२,८९०।-**

## एक्स-६



नोकिया एक्स-६ सेटमा ५ मेघापिक्सल क्यामेरा, जीपीआरएस, ब्लुटुथ तथा वाईफाई सुविधा छ। यो टचस्क्रिन सेट हो। अनलिमिटेड फोन बुक इन्ट्रिसहितको यो सेटमा लगातार ३५ घण्टा संगीत सुन्न सकिन्छ। यो टचस्क्रिन सेटले १६ जीबी मेमोरी कार्ड सपोर्ट गर्छ।

**बजार मूल्य : ३६,१५०।-**

## एन १६१६



**सस्तो मूल्यमा पनि एफएमसहितको मोबाइल सेट बोक्न चाहनेहरूका लागि नोकियाको एन १६१६ मोबाइल सेट उपयुक्त हुनसक्छ । रंगीन डिस्प्लेसहितको यो सेटमा धेरै फिचर समेटिएको छैन ।**

**बजार मूल्य : २,६१०।-**

## एन २२२०



साइड स्लाइड गर्न मिल्ने नोकिया एन २२२० मोडलको मोबाइल सेटमा भिजी क्यामेरा उपलब्ध छ। एफएम रेडियो सुन्न मिल्ने यो सेटको आन्तरिक मेमोरी क्षमता ३० एमबी छ।

**बजार मूल्य : ४,८४०।-**

## ई-७२



नोकियाको ई-७२ सुविधायुक्त मोबाइल सेट हो। यो सेट इमेल, इन्टरनेट चलाउनेहरूका लागि विशेष उपयोगी हुनसक्छ। यसको किबोर्ड कम्प्युटर किबोर्डको फर्म्याटमा तयार गरिएको छ। अटो रेटेर सेन्सर, अप्टिकल ट्र्याक प्याड यसका थप विशेषता हुन्। वाईफाई तथा ब्लुटुथसहितको यो सेटमा २ सय ५० एमबी आन्तरिक मेमोरी छ। ५ मेगापिक्सेल क्यामेरासहितको यो सेटमा भिओआईपी र ए-जीपीएसजस्ता सुविधा पनि छन्। अफिस प्याकेज उपलब्ध यो सेटले १६ जीबी मेमोरी सपोर्ट गर्छ।

**बजार मूल्य : ३४,८६०।-**

## म्युजिक एक्स्प्रेस ५५३०



**नोकियाको ५५३० मोडलको मोबाइल सेट म्युजिक एक्स्प्रेस प्रविधिमा आधारित छ । गुणस्तरीय संगीत सुन्न यो सेट निकै उपयोगी छ । ३ दशमलव २ मेगापिक्सेल क्यामेरा, वाईफाई, जीपआरएस तथा एफएम यसका थप सुविधा हुन् । यो सेटले १६ जिवी मेमोरी कार्ड सपोर्ट गर्छ ।**

**बजार मूल्य : १९,८३०।-**

## एन-६३०३



एक जीबी मेमोरी कार्डसहित पाइने नोकिया एन-६३०३ मोडलको सेटले थप ४ जीबी मेमोरी कार्ड सपोर्ट गर्छ। ३ दशमलव २ मेघापिक्सेल क्यामेरासहितको यो सेटमा ब्लुटुथ, एमपीथ्री, एफएमजस्ता सुविधा उपलब्ध छन्।

**बजार मूल्य : ११,८९०।-**



## नेपाल आउन चाहन्छन् आदित्य



राम्रा गायक अनि कार्यक्रम प्रस्तोताका रूपमा समेत दरिलो परिचय बनाएका आदित्यनारायण झाले हिन्दी चलचित्र 'श्रापित' मार्फत नायकका रूपमा डेब्यु गरेका छन्। आउँदो मार्च १९ मा प्रदर्शन हुने उक्त चलचित्र नेपाली दर्शकहरूले पनि उत्तिकै मन पराउने आदित्यको दाबी छ। साप्ताहिकसँगको टेलिफोन वार्तामा उनले चलचित्रमा आफ्नो भूमिका सशक्त र फरक रहेको बताए। 'प्रायः नवनायकहरू कलेज रोमान्स र लभ स्टोरी फिल्मबाट डेब्यु गर्छन्,' नायक आदित्यले भने- 'मेरो चलचित्रमा एक्सनसँगै हरर र एडभेन्चर पनि समेटिएको छ।' चलचित्रको कथाका सम्बन्धमा सोधिएको प्रश्नमा उनले प्रेमिका बनेकी नायिका श्वेता अग्रवाल (काया) को परिवारलाई लागेको पुस्तौनी श्रापबाट छुट्कारा दिलाउन नायकले गर्ने प्रयास श्रापितमा समेटिएको बताए। बालकलाकारका रूपमा झन्डै आधा दर्जन चलचित्रमा अभिनय गरिसकेका आदित्यले प्रशंसकहरू आफूलाई नायकको भूमिकामा हेर्न निकै उत्साहित पाएको बताए।

'चलचित्रमा रहेका सात गीतमध्ये चारमा मेरो स्वर छ,' उनले भने, शीर्ष गीत 'श्रापित हुआ...' को शब्द र संगीत पनि मेरो हो। चलचित्र प्रदर्शन नहुँदै उनलाई थुप्रै चलचित्रको लर्को लागेको छ, तर उत्कृष्ट कथा छनौट गरेर थोरै चलचित्रमा मात्र अभिनय गर्ने आदित्यले बताए। 'सम्भवतः मे-जूनबाट मेरो अर्को चलचित्रको सुटिङ सुरु हुन्छ,' उनले भने। करिब पाँच पटक नेपाल भ्रमण गरेका आदित्यले तन्नेरी भएपछि भने समय निकाल्न सकेका छैनन्। 'नेपाल जाने निकै रहर छ,' उनले भने, 'व्यस्तताले गर्दा समय निकाल्न सकेको छैन।'

**-निर्मल श्रेष्ठ**

## दीपकलाई मन पर्ने धरान



करिब ११ वर्षअघि चलचित्र निर्देशन थालेका दीपक श्रेष्ठ अहिले व्यस्त निर्देशकका रूपमा चिनिन्छन्। २० भन्दा बढी चलचित्र निर्देशन गरिसकेका श्रेष्ठले नेपालमा सिक्वेल चलचित्रको परम्पराको थालनी गर्ने श्रेय पनि पाएका छन्। हिम्मत-२ तथा पापी मान्छे-२ जस्ता सिक्वेल चलचित्रमार्फत उनले चलचित्र क्षेत्रमा नौलो परम्पराको थालनी गरेका हुन्। पछिल्लो समयमा चलचित्र 'भुल्नै सकिनँ' निर्देशन गरिरहेका श्रेष्ठ पहिलो पटक चलचित्रको छायांकनका क्रममा आफ्नो गृहनगर धरान पुगेका छन्। नेपाली चलचित्रको छायांकन काठमाडौं तथा पोखरामा बढी हुने परम्परालाई तोड्दै उनी पहिलो पटक धरान पुगेका हुन्। 'धरानमा चलचित्र छायांकन गर्ने मेरो धेरै पुरानो योजना थियो,' उनी भन्छन्– 'धरान पनि चलचित्रका लागि राम्रो लोकेसन हो। हामीले यसको प्रयोग गरेका छैनौं।' धरानमा अढाई महिनासम्म छायांकनमा व्यस्त रहने उनको योजना छ। धरानमा चलचित्रको छायांकन गरेर चलचित्रको बजार खोज्न लागेको त होइन भन्ने *साप्ताहिक*का धरान प्रतिनिधि भीषण राईको जिज्ञासामा श्रेष्ठको जवाफ थियो– 'होइन, मुख्यतः चलचित्र राम्रो र दर्शकको रोजाइमा पर्ने खालको हुनुपर्छ, त्यत्तिकै चलिहाल्छ नि!'

## के गरूँ, के गरूँ भयो



गायक सत्यराज आचार्यलाई अहिले सुझाव चाहिएको विषय उनको दाह्री र केशसँग पनि सम्बन्धित छ। भाइ स्वरूपराज आचार्य 'क्लिन सेभ' गरेर हिंडे पनि सत्यलाई भने दाह्री पाल्ने र कपाल लामो बनाउने सौख छ। 'दाह्री किन पालिरहेको?' उनको ठाडो जवाफ थियो- 'उम्रने भएकाले।' अर्को प्रश्न- 'उम्रन अरूको पनि उम्रन्छ, सबैले पाल्दैनन् नि?' उनले हाँस्दै भने- 'मलाई सुहाउँछ कि जस्तो लाग्छ, त्यसैले।' अहिले यो प्रश्नोत्तर बासी भैसकेको छ। अहिले सत्यको दाह्री-जुङ्गा सफाचट छन्, अनि केश पनि छोटो गरी काटिएका छन्। चलचित्र 'आचार्य'मा बाबु भक्तराज आचार्यको चरित्र निर्वाह गर्ने क्रममा तीन महिनादेखि उनी दाह्री, जुँगा र केश काटेर बसेका छन्। गत साता मात्र उक्त चलचित्रको अन्तिम सेड्युलको छायांकन सकेर सत्यराज सिक्किमबाट फर्किएका छन्। उनलाई फेरि सोधियो- 'अब के गर्ने विचार छ? दाह्री, जुँगा, केश पाल्ने कि यही रूपलाई निरन्तरता दिने?' उनले जिब्रो लेप्राउँदै भने- 'ख्वै, के गरूँ, के गरूँ भैरहेको छ। तपाईं के सुझाव दिनुहुन्छ?' दाह्री उनको, जुँगा उनको, कपाल उनको, उनले पालून् वा फालून् इच्छा पनि उनको।

## एक्सन सिग्देल



आर्यन सिग्देल आफ्नो पहिचान परिवर्तन गर्ने लहडमा छन्। मोडलिङ गर्दा दर्जनौं रोमान्टिक गीतमा रोमान्टिक मोडल भएर देखा परेपछि चलचित्र 'हिम्मत', 'किस्मत', 'मौसम', 'मेरो एउटा साथी छ' आदि चलचित्रमा रोमान्टिक नायक भएर देखिए। राजेश हमालले जस्तो 'हे' भनेर नकराए, विराज भट्टले जस्तो दुई-चार जना भिलेनको करङ नभाँचे वा निखिल उप्रेतीजस्तो उफ्रेर किक नहाने कलिउडको चलचित्रमा लामो रेसको घोडा भइन्न भन्ने ज्ञान आर्यनलाई भएछ। कलिलो मुहारका यी कलिला नायकले अन्ततः निधो गरेछन्, आइन्दा रोमान्टिक मात्र बन्दिनँ, एक्सन पनि गर्छु। दिनहुँ जिमक्लब धाएर उनले आफ्नो ट्राइसेप्स र बाइसेप्स पनि बढाए। ज्यान बनाउन फलामका ढिक्का उचाल्न थालेपछि आर्यनको ज्यान अहिले रोमान्टिक नायकको जस्तो नभै एक्सन नायकको जस्तो देखिन थालेको छ। ए, त्यसैले पो रहेछ उनले रेखा थापाको चलचित्र 'हिफाजत' र रमेश गुरुङ 'कर्मा'को चलचित्र 'बन्दी'मा ज्यान देखाएरै एक्सन गरेको। लौ है, कुन्नि के पो नाम फेरेर आर्यन राखेका यी आर्यन मुखाकृतिका नायकले कुनै दिन नाम परिष्कृत गर्ने क्रममा आफ्नो नाम 'एक्सन सिग्देल' राख्ने त होइनन्।

## सुन्दरीका सुन्दर कुरा

केही न केही गरेर हडकडेली समाजमा चर्चामा रहने २००६ की मेगा मोडल वसन्ती पुन अहिले गायिकाको नयाँ परिचयसहित फेरि चर्चामा छिन्। स्थानीय कार्यक्रमहरूमा यदाकदा आफैं गिटार बजाएर गाउने पुनबाट एकैपटक सिडी विमोचनको निम्तो पाउँदा कतिपय आश्चर्यमा समेत परेका थिए। झन्डै दुई महिनाको नेपाल बसाइमा आठवटा गीत रेकर्ड गरी बजार प्रवर्द्धनसमेतको जिम्मा सुम्पिएर उनी यता फर्किएकी हुन्। रिबेल क्रिएसनले बजारमा ल्याएको सिडी 'सहारा' को विमोचन भने उनले हडकडमै गरिन्। सिडीको नाम सहारा किन त? गीत-संगीतप्रेमीहरूलगायत सडक बालबालिकाहरूका लागिसमेत सहारा बनोस् भन्ने उनको चाहना छ। सिडी बिक्रीबाट संकलन हुने सम्पूर्ण रोयल्टी रकम टुहुरा सडक बालबालिकाहरूका सहयोगार्थ प्रदान गरिने पुनले बताइन्।

आठवटा गीत संकलित सिडीका शब्द तथा संगीत पनि वसन्तीकै हुन्। गीत रेकर्डिङमा उनले धक नमानी पैसा खर्च गरिन्। आठवटा गीतलगायत एउटा म्युजिक भिडियोका लागि उनले करिब ६ लाख रुपैयाँ खर्च गरेको बताइन्। हडकडमै राम्रा स्टुडियो हुँदाहुँदै किन नेपाल? भन्ने प्रश्नमा उनले 'कमाएको पैसा आफ्नै देशमा खर्च होस्' भन्ने उद्देश्य रहेको बताइन्।



## हिरो सविन



अग्लो छन्, ज्यान पनि खाइलाग्दो छ, उमेर पनि सुहाउँदो छ, अनुहार पनि राम्रै छ, त्योभन्दा पनि उनी फेसनेबल छन्। यति भएर पनि उनी चलचित्रमा नायक भएका छैनन्। 'कलेज' होस् वा 'घरबेटी बा' उनको अभिनय दिनानुदिन निखारिँदै गएको छ। निर्देशक नवराज आचार्य भन्छन्- 'सविनको एक्टिङ अचेल धेरै राम्रो भएको छ।' सविनसँग सोधियो- 'किन चलचित्रमा नआएको?' उनले जवाफ दिए- 'अफर नआई कसरी हिरो बन्ने? म कसैलाई मलाई हिरो बनाउनुस् भन्दै चाप्लुसी गर्न जान्नँ।' यो वर्ष मात्र नेपाली चलचित्रमा १६ जना नयाँ नायकको आगमन भयो। दुई दर्जनभन्दा बढी म्युजिक भिडियोका मोडल सविन श्रेष्ठ त्यसमा परेका छैनन्, तर सविनलाई त्यसको कुनै सुर्ता छैन। किनभने नवराज आचार्यले आगामी वर्ष निर्देशन गर्न लागेको चलचित्रमा सविन पनि नायक हुने भएका छन्। आचार्यका अनुसार हाल स्क्रिप्ट लेखने क्रममा रहेको चलचित्रमा एउटा चरित्र छ, जसमा सविन सुहाउँछन्। भनेपछि सविन अर्को वर्ष नायक बन्ने कुरा पक्का?

## छायांकनमा जस्ट फर यू

उत्तरगया फिल्म्स प्रा.लि.को कथानक चलचित्र 'जस्ट फर यू' को छायांकन प्रारम्भ भएको छ । उपत्यका वरपरका स्थानहरूमा छायांकन भैरहेको जस्ट फर यूमा राजेश हमाल, अरूणिमा लम्साल, राजेश ढुङ्गाना, जयकिसन बस्नेत, राजेन्द्र बस्नेत, बालदीप राई, उमेश खड्का, मोहमुद आलम आदिको मुख्य भूमिका रहनेछ । त्रिकोणात्मक प्रेमकथामा आधारित चलचित्र जस्ट फर यूमा रामभक्त श्रेष्ठ, श्रीकृष्ण तिमल्सिना, ज्ञानु अवालेको लगानी भने द्वन्द्व कुमार श्रेष्ठ, संगीत हरि लम्साल, नृत्य कविराज तथा निर्देशन राजु अर्याल र दिनेश पौडेलको रहनेछ ।

## दुई मुटु एक धड्कन

मिराज सिने मुभिजका लागि विश्व नेपाल र गंगा तिवारी निर्माता रहेको चलचित्र 'दुई मुटु एक धड्कन' को बुटवल वरपर छायांकन भैरहेको कुरा निर्देशक राजेन्द्रकुमार थापाले बताएका छन् । रमित ढुङ्गाना, पुजना स्त्री, प्रशान्त तिवारी, शिव आचार्य, अशोक प्रधान, राजु सेवा आदि कलाकार संलग्न चलचित्र दुई मुटु एक धड्कनमा द्वन्द्व कुमार श्रेष्ठ एवं नृत्य मनोज हमालको छ ।

## अन्त्यतिर कलंक

समसामयिक विषयमा आधारित चलचित्र 'कलंक' को छायांकन अन्तिम चरणमा पुगेको कुरा निर्देशक सोम जिसीले जानकारी गराएका छन् । श्रीविन्धवासिनी फिल्म्स प्रालिका लागि दिनेश श्रेष्ठ, कृष्णबहादुर थापा तथा कृष्टल निर्माता रहेको चलचित्र कलंकमा धीरेन शाक्य, जानु अर्याल, विनोद परियार, स्मृति श्रेष्ठ, रवि गिरी आदि कलाकारको मुख्य भूमिका छ ।

## सकियो मन परेपछि

नवनिर्देशक सुमन दाहालद्वारा निर्देशित चलचित्र 'मन परेपछि' को छायांकन सम्पन्न भएको छ । निखिल उप्रेती, रमित ढुंगाना, कल्पना शाही तथा दिनेश डिसीले मुख्य भूमिका निर्वाह गरेको यो चलचित्र प्रेमकथामा आधारित छ । दीपक रमणले निर्माण गरिरहेको यो चलचित्रमा राम-जनकको द्वन्द्व निर्देशन छ ।

## राजबल्लभको अप्रेसन

चलचित्र 'स्वर' को छायांकनका क्रममा घाइते भएका नायक राजबल्लभ कोइरालाको अनुहारको अप्रेसन सफल भएको छ । गत साता ललितपुरको बी एन्ड बी अस्पतालमा सफलतापूर्वक अप्रेसन भए पनि यी व्यस्त नायक अझै केही समय काममा फर्कन पाउनेछैनन् । चिकित्सकहरूका अनुसार उनले अझै केही दिन आराम गर्नुपर्नेछ । प्रसन्न पौडेलद्वारा निर्देशित उक्त चलचित्रको द्वन्द्व दृश्य छायांकनका क्रममा किक लागेर राजबल्लभको देब्रे गालाको हड्डी भाँचिएकाले अप्रेसन गर्नुपरेको हो ।

## साहसी तयार

मुनाल फिल्म्स प्रालिको ब्यानरमा निर्माण भैरहेको चलचित्र 'साहसी' तयार हुने क्रममा छ । पोखरा तथा वरपरका स्थानहरूमा छायांकन भएको उक्त चलचित्रको छायांकन दुई महिनाअघि सम्पन्न भएको निर्माता भोजबहादुर गुरुङले जनाएका छन् । चलचित्रमा राजेश हमाल, भोजबहादुर गुरुङ, गणेश उप्रेती, स्नेहा शर्मा, शर्मिला श्रेष्ठ, गोपालमान, राजेन्द्र अधिकारी, ज्याक गुरु, छवि सुवेदी, योग बज्राचार्य, कुलप्रसाद गुरुङ तथा बालकलाकार देवी गुरुङको अभिनय हेर्न पाइनेछ ।

## आलोकको सम्पादन सकियो

निर्देशक आलोक नेम्वाङद्वारा निर्देशित दोस्रो चलचित्र 'कोही

## • फिल्मी खबर •

मेरो'को सम्पादन कार्य सम्पन्न भएको छ । उक्त चलचित्र गीतिएल्बम उत्पादक तथा वितरक म्युजिक डटकमका सञ्चालक राजेश बंसलले निर्माण गरिरहेका छन् । चलचित्रमा आर्यन सिग्देल, सञ्चिता लुइँटेल, झरना बज्राचार्य, सुबोध थापा आदि कलाकारको मुख्य भूमिका छ ।

## तयार हुँदै फर्स्ट लभ

थुप्रै म्युजिक भिडियो तथा विज्ञापनमा निर्देशन, सम्पादनका साथै स्पेशल इफेक्ट्सको काम गरिसकेका एनिमेटर, निर्देशक तथा दृश्य सम्पादक सिमोस सुनुवारले आफ्नो निर्देशनमा दोस्रो चलचित्र 'फर्स्ट लभ' तयार गर्दै छन् । सम्पादन र स्पेसल इफेक्ट्सको कार्य भैरहेको उक्त चलचित्रमा आर्यन सिग्देल, महेश शाक्य तथा विनय श्रेष्ठ नायकको भूमिकामा छन् भने निशा अधिकारी र ऋचा शर्माले नायिकाको भूमिका निर्वाह गरेका छन् । चलचित्र 'फर्स्ट लभ'मा सत्य र स्वरूपराज आचार्यको संगीत सुन्न पाइनेछ । सुनुवारले यसअघि हाइटेक चलचित्र 'मिसन पैसा'को निर्देशन गरिसकेका छन् ।



## • लभ गुरु •



पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं । आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनुहोस् । ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ । यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन । आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला ।

**म सम्पन्न शिक्षित परिवारकी बुहारी एवं तीन वर्षीय छोराकी आमा हुँ । विवाहपूर्व मेरो एक युवकसँग शारीरिक सम्बन्ध थियो । उक्त युवक अहिले विवाहित छ । ऊ मेरो माइती घरको छिमेकी हो, अहिले पनि म माइती जाादा उसलाई बेलाबखत भेट्छु । विवाहअघि र पछि पनि ऊसाग मेरो शारीरिक सम्पर्क भैरहन्छ । एकपटक माइतीमा कोही नभएको बेला म उक्त युवकसाग शारीरिक सम्बन्धमा मस्त रहेको अवस्थामा मलाई लिन आएका मेरा देवरले देखे । त्यसबेला उनले मलाई केही भनेनन् तर एक रात म एक्लै हुँदा उनले यौनसम्पर्कका लागि आग्रह गरे तर मैले अस्वीकार गरें । मेरो अस्वीकृतिपछि पनि मेरा देवरले माइतीको घटनाका बारेमा कसैलाई नभन्ने वाचा गरेका छन्, तर उनको सर्त नै मैले उनीसाग यौनसम्पर्क गर्नुपर्नेछ । यस्तो स्थितिमा म के गरूँ ?**

**एस.**

तपाईं जीवनको गम्भीर मोडमा हुनुहुन्छ । विवाहअघिका प्रेम सम्बन्धहरूलाई विवाहपछि समाप्त गर्न नसक्नु तपाईंको कमजोरी हो । पत्रमा तपाईंले आफ्नो श्रीमान्सागको सम्बन्धका बारेमा कुनै कुरा उल्लेख गर्नुभएको छैन । श्रीमान्साग तपाईंको सम्बन्ध सुखमय छैन भन्ने कुरा पत्रबाट प्रस्ट हुन्छ । तपाईंको यही कमजोरीको फाइदा तपाईका पूर्वप्रेमीले उठाइरहेका छन् । त्यस्तै लाभ उठाउने चक्करमा तपाईंका देवर पनि छन् । उनले तपाईंलाई भेद खोल्ने धम्की दिएर मानसिक उत्पीडन दिने प्रयास गरिरहेका छन् । तपाईंले गल्ती गरिसक्नुभएको छ । यस्तो अवस्थामा तपाईंले आफ्नो माइतीघरका छिमेकीलाई त्याग्न र देवरको आग्रहलाई अस्वीकार गर्ने दोहोरो साहस देखाउन सक्नुपर्छ र घटनाको जानकारी लुकाएर आफ्ना श्रीमान्प्रति समर्पित हुन सक्नुपर्छ । अन्यथा तपाईंले श्रीमान् र छोरालाई त गुमाउनुपर्ने नै छ ती कथित प्रेमीहरू पनि तपाईंबाट टाढिनेछन् । तसर्थ आफू, श्रीमान् र छोरासमेतको भविष्यलाई विचार गरेर साहसका साथ ठोस निर्णय लिनुहोस् र त्यस्ता धम्कीका विरुद्ध आफूलाई उभ्याउनुहोस् ।






# चुम्बनबाट पब्लिसिटी

नाम होस्, बदनाम होस् तर गुमनाम नहोस् । यो मन्त्रलाई ग्ल्यामर क्षेत्रमा धेरैंले आगालेको पाइन्छ । बलिउड नगरीमा यस्ता कुरा भैरहन्छन् पनि । रियालिटी शो बिग बोसका सहभागी एवं जर्मन मोडल क्लाउडिया सिज्लाले पनि सञ्चार-माध्यमको ध्यान आफूतर्फ आकृष्ट गर्न यस्तै फर्मुला आगालेकी छिन् । समाचारअनुसार हालै मुम्बई नगरीमा सम्पन्न एउटा च्यारिटी समारोहमा सहभागी हुन आएका अभिनेता सलमान खानलाई देखेपछि मोडल क्लाउडियाले अभिनेता सलमानलाई चुम्बन गरेकी थिइन् । यसो गर्नुपछाडि क्लाउडियाले आफ्नो यो कार्यलाई प्रेस फोटोग्राफरहरूले आ-आफ्नो क्यामेरामा कैद गरून् भन्ने उद्देश्य हुन सक्ने बताइन्छ । गजब छैन त पब्लिसिटीको यो आइडिया ?

# विवाह नगर्ने घोषणा




हलिउड अभिनेत्री रेसी विदरस्पून अचेल चलचित्रका कारण चर्चामा छैनन् । व्यक्तिगत सम्बन्धका कारण बेला-बेलामा चर्चामा आइरहने रेसी यति बेला भने एउटा अनौठो द्विविधामा परेकी छिन् । एउटा समाचारमा जनाइएअनुसार रेसीलाई उनका प्रेमीले विवाह गर्न दबाब दिइरहेका छन् तर उनी भने विवाहका लागि बिल्कुलै तयार छैनन् । एउटा वेबसाइटमा प्रकाशित समाचारअनसार रेसीको पहिलो विवाह निकै कम उमेरमा भएको थियो । कम उमेरमै गरिएकाले उक्त विवाहको आयु पनि छोटै भयो । 'पहिलो विवाह कम समयमै टुटेकाले दोस्रो विवाह गर्न नहतारिएकी हुँ,' उनको प्रश्न छ– 'काम गरिरहेकी छु, विवाह गर्न अहिले नै किन हतार गर्नु ?'

# माइलीको अफेयर

हलिउड अभिनेत्री माइली साइरस अस्ट्रेलियन अभिनेता लायम हेम्स्वर्गसँगको अफेयरका कारण चर्चामा छिन् । प्रदर्शनको तयारीमा रहेको चलचित्र 'द लास्ट सङ' को छायांकनको क्रमसँगै उनीहरू नजिकिएका हुन् । रमाइलो कुरा के छ भने यसअघिका अफेयरका समाचारको खण्डन गर्दै आएकी माइलीले लायमसँगको सम्बन्धका बारेमा प्रकाशित समाचारको खण्डन गरेकी छैनन् । 'हामी दुई जनाबीच राम्रो सम्बन्ध भएको कुरा कसैबाट लुकेको छैन, माइली भन्छिन्– 'मलाई हाम्रो यो सम्बन्धप्रति कुनै आपत्ति पनि छैन ।' ओस्कार एवार्ड वितरण समारोहमा सहभागी भएकी माइलीले केही सञ्चारकर्मीले लायमसँगको सम्बन्धका बारेमा जिज्ञासा राखेका थिए । जवाफमा उनले मुस्कुराउँदै सकारात्मक शैलीमा टाउको हल्लाइन् ।



# डेनियल समलिंगी होइनन्



ह्यारी पोर्टरको उपनामले चर्चित हलिउड नायक डेनियल रेडक्लिफले आफ्नो यौन-प्रसंगसँग जोडिएर फैलिएको एउटा हल्लाको अन्त्य गरेका छन् । डेनियलले स्पष्ट रूपमा के भनेका छन् भने उनी समलिंगी होइनन् । भर्खरै मात्र द सन् पत्रिकामा '२० वर्षीय डेनियल समलिंगी हुन्' भन्ने समाचार प्रकाशित भएको थियो । डेनियल समलिंगी भएको समाचारले त्यसबेला थप बल पाएको थियो जब उनले समलिंगीहरूका लागि धेरै पैसा दान दिएका थिए । यद्यपि डेनियलले एमटिभीलाई हालै एउटा अन्तर्वार्ता दिँदै आफूमाथि लगाइएको सबै आरोपको जवाफ दिएका छन् । डेनियल भन्छन्– 'जसलाई जे भन्न मन लाग्छ भने हुन्छ । मलाई त्यसले कुनै फरक पर्दैन, तर म समलिंगी होइन ।' स्मरणीय के छ भने केही वर्षअघि उनी एउटा नाटकमा नग्न रूपमा प्रस्तुत भएका थिए । त्यति बेलादेखि नै डेनियलमाथि समलिंगी भएको आरोप लाग्दै आएको छ ।

# दीपिकालाई साइज जिरोमा विश्वास छैन

जहा बलिउडमा अभिनेत्री करिना कपूरलाई उनको साइज जिरो फिगरबाट चिनिन्छ त्यहीं आकर्षक र सुन्दर जीउडालकी धनी अभिनेत्री दीपिका पादुकोण भने साइज जिरोमा विश्वास गर्दिनन् । स्रोतका अनुसार दीपिकाले आफू साइज जिरो नभएको र त्यसमा आफूलाई विश्वास नभएको बताएकी छिन् । दीपिकाका अनुसार भारतीय शरीर साइज जिरोका लागि सुहाउादैन, फुल बडी र सन्तुलित सेप नै व्यक्तित्व लागि राम्रो हुन्छ ।






# आमिर बने महँगा ब्रान्डएम्बेसडर

आमिर खान बलिउड संसारका सबैभन्दा महागा ब्रान्डएम्बेसडर बनेका छन् । ब्रान्डएम्बेसडर बनेबापत प्राप्त गर्ने पारिश्रमिकको मामिलामा आमिरले अमिताभ बच्चन र शाहरूख खान दुवैलाई उछिनेका छन् । यसअघि ब्रान्ड इन्डोर्स गरेबापत कुनै सेलिब्रेटीले बढीमा १५ करोड भा.रु. पाउँथे, तर यस पटक अभिनेता आमिर खानले इन्डोर्स गर्न लागेको ब्रान्डका लागि ३५ करोड भा.रु.को कन्ट्राक्ट साइन गरेका छन् । युएईस्थित टेलिकम्युनिकेसन सेवाप्रदायक कम्पनीको ब्रान्ड अम्बेसडरका रूपमा आमिरले उक्त रकम प्राप्त गरेका हुन् । स्रोतका अनुसार आमिरको यो कन्ट्राक्ट दुई वर्षका लागि हुनेछ ।

केवल एक प्रश्न

# फेरि टिनएजर हुन पाए के गर्नुहुन्थ्यो ?

एसएलसी फर्स्ट डिभिजनमा पास गर्थें....त्यति बेला कुन डिभिजनमा पास भएँ भन्नै अप्ठेरो लाग्छ...।

**आलोक नेम्वाङ (चलचित्र/म्युजिक भिडियो निर्देशक)**

पढाइमा बढी ध्यान दिन्थें, किनभने त्यो बेला अल्लारे भएर पढाइमा त्यति ध्यान पुगेन । हुनत अहिले पनि पढ्न भनेपछि अल्छी लाग्छ ।

**अनिल स्थापित (डिजाइनर/फोटोग्राफर)**

टिनएजर हुन पाए....के 'हुन पाए' भनेर सोध्नुभा' नि ? बानी-बेहोरा त अहिले पनि टिनएजरकै छ जस्तो लाग्छ । किन तपाईंलाई त्यस्तो लाग्दैन र ?

**सुनिता राणा (चित्रकार)**

अहिले आएर फेरि टिनएजर हुन पाए त धेरै कुरा गरिन्थ्यो होला । हामी टिनएजर हुँदा अहिलेको जस्तो स्टाइलिस मोटरबाइक, टेक्नोलोजी, डिस्को तथा मोर्डन रेस्टुराँहरू थिएनन् । कामको टेन्सन पनि हुँदैनथ्यो । त्यसैले फेरि टिनएजर हुन पाए बेफिक्रीसँग आधुनिक लाइफको मज्जा लुट्थें ।

**उषा खड्गी (पूर्व मिस नेपाल)**



## मेरो अनुभव



## फस्ट लभ

आर्यन सिग्देल (नायक)

म अहिले यही शीर्षकमा बनिरहेको चलचित्रमा काम गरिरहेको छु । वास्तवमा म जे छु, चलचित्रमा म ठीक उल्टो चरित्रमा देखिन्छु । पहिलो माया र त्यसपछि दोस्रो मायाबाट टाढिएपछि म अहिले एक्लो भएको छु । तैपनि म आफ्नो फस्ट लभलाई सम्झिरहन्छु । पाँच वर्षजतिअघि उनीसँग मेरो भेट भएको थियो । मित्रतापछि नजानिँदो पाराबाट हामी नजिक भयौं । प्रस्ताव मैले होइन, उनले राखिन् । डेढ वर्षजति रमाइलोमै बित्यो । अनायस उनले अन्यत्र विवाह गरिन् । मेरो चित्त दुख्यो । हाल उनी विदेशमा आफ्नो श्रीमान र बच्चाका साथ छिन् । त्यो मेरो पहिलो मायो थियो, जसलाई चाहेर पनि बिर्सन सकिन्न । माया थाहै नपाई बस्छ । मेरो पनि उनीसँग थाहै नपाई प्रेम भयो र थाहै नपाई छुट्टियौं पनि । त्यसपछि म करियर निर्माणमा व्यस्त रहन थालें । त्यही क्रममा अर्की एक जनासँग मित्रता भयो । एक वर्षजति संगत गरेपछि बिस्तारै उनीसँग प्रेम हुन थाल्यो । 'डिप लभ' भन्छन् क्यारे त्यसलाई । माया बसेको थाहै भएन, तर चार वर्षपछि उनीसँग पनि 'ब्रेकअप' भयो । यी दुई घटनापछि मेरो मनले लभ र अफेयर भन्ने कुरामा विश्वास गर्न छाडेको छ । विशेष गरी म एक्लो जीवन मन पराउन थालेको छु । भविष्यमा फेरि प्रेम नहोला भन्न सकिन्न, तर अब मबाट साँचो प्रेम हुन सक्ला र ? भन्ने कुरामा म आफैं 'कन्फ्युज' छु ।



## तीन प्रश्न



'हिजोआजका कुरा' शीर्षकको हास्यश्रृंखलाको प्रसारण टुंगिनुअघिदेखि नै नेपाल टेलिभिजनबाट प्रसारण प्रारम्भ भएको हास्यश्रृंखला 'तीतो सत्य' ले हिजो बिहीबारदेखि प्रसारणको ३ सय ४३ औं भाग पूरा गरेको छ। झन्डै साढे छ वर्ष भयो, यो श्रृंखलाको प्रसारण भएको। प्रत्येक बिहीबार राति ८:५० बजे दर्शकमाझ प्रस्तुत हुने यो श्रृंखलाका कप्तान अर्थात् दीपकराज गिरी यही श्रृंखलाका कारण चर्चित र लोकप्रिय छन्। तीतो सत्यमा उनी कलाकारका रूपमा दर्शकलाई हँसाउने अभिनय मात्र गर्दैनन्, श्रृंखलाको कथा, पटकथा र संवाद पनि आफैं तयार पार्छन्। छायांकनस्थल र कलाकारको छनौटमा पनि उनी उत्तिकै ध्यान दिन्छन्। प्रत्येक साता समसामयिक तथा नवीनतम विषयवस्तु समावेश गर्नुपर्ने भएकाले उनी साताका अधिकांश दिन तीतो सत्यकै लागि सक्रिय हुन्छन्। रेडियो कान्तिपुरका कार्यक्रम प्रस्तोताका रूपमा समेत कार्यरत दीपकराज प्रहसन देखाउने क्रममा देशका अधिकांश गाउँ-सहर मात्र होइन, थुप्रै विदेशी मुलुकसमेत पुगिसकेका छन्। दिनेश डिसीको हास्यश्रृंखला 'ट्वाक्क टुक्क'बाट अभिनययात्रा प्रारम्भ गरेका दीपकराजले 'सुन्दर मेरो नाम' चलचित्रमा मुख्य नायकको भूमिकासमेत निर्वाह गरिसकेका छन् दिनको १२ घण्टा लोडसेडिङ हुन थालेपछि चिन्तित देखिएका दीपकराज 'तीतो-सत्य' को निर्माणक्रममा भने देशमा लोडसेडिङ भैरहेको कुरा बिर्सनुपर्ने धारणा व्यक्त गर्छन्। 'तीतो-सत्य' कै सेरोफेरोमा रहेर *साप्ताहिकले* दीपकराजसँग तीन प्रश्न सोधेको थियो।

**तीतो सत्यको नयाँ श्रृंखला तयार पार्दा के कुरामा ध्यान दिनुहुन्छ ?**

मुख्य कुरा कथामा ध्यान दिन्छु। प्रायः कथाकै अभाव भैरहेको हुन्छ। कथा, पटकथा र संवादको संयोजनमा ध्यान दिन्छु। त्यसपछि अन्य कुरा मिश्रण गर्ने कार्य गरिन्छ। यसबाहेक श्रृंखलाले भन्न खोजेको कुरालाई प्रस्ट पार्न खोज्छु।

**तीतो सत्य सबैभन्दा बढी हेरिने कार्यक्रम हो त ?**

अहिले माधवकुमार नेपाललाई तपाईं प्रधानमन्त्री हो भनेर सोधेजस्तै प्रश्न भयो यो। अहिलेसम्मको टीआरपी रेटिङले यही भनिरहेको छ, म आफैंले भनिरहनुपर्छ जस्तो लाग्दैन।

**कार्यक्रमको लोकप्रियता कसरी मेन्टेन गरिरहनुभएको छ ?**

लोडसेडिङ बाधक भैरहेको छ, तरपनि धारामा पानी आएन भन्दैमा स्वास्नीलाई प्यासै राख्नु पनि त भएन। त्यसैले कार्यक्रमको स्तरीयतालाई खस्कन नदिने प्रयास जारी छ। कथा तयार पार्दा, अभिनय गर्दा, निर्देशन गर्दा देशमा लोडसेडिङ छ भन्ने कुरा बिर्सन्छु।

## सानो पर्दा

### प्रस्तोताका रूपमा छुल्ठिम

गायक धीरज राईकी जीवनसँगिनी छुल्ठिम डोल्मा गुरुङ एंकरका रूपमा जम्न थालेकी छन्। उनी नेपाल वान टेलिभिजन र गोर्खा एफएम कार्यक्रम प्रस्तोताका रूपमा सक्रिय छिन्। त्रिचन्द्र कलेजबाट समाजशास्त्रमा स्नातकोत्तर गरिरहेकी छुल्ठिमले दुई वर्षअघि एबीसी रेडियोबाट आफ्नो करियर प्रारम्भ गरेकी थिइन्। 'पारिवारिक सहयोगले यस क्षेत्रमा आउन हौसला मिल्यो', नृत्यमा पोख्त छुल्ठिमले भनिन्। उनी नेपाल वान टेलिभिजनमा झन्डै आधा दर्जनजति कार्यक्रम चलाउँछिन्। ज्योतिषाः, लोकसँगालो, खुला इजलास कार्यक्रम सञ्चालन गर्दै आएकी छुल्ठिम सँगसँगै शीर्षकको कार्यक्रम सञ्चालन गर्ने तयारी पनि गरिरहेकी छिन्। कुनै पनि क्षेत्रका कलाकारहरूको दैनिकी समेटिने उक्त कार्यक्रम निकै रोचक हुने उनको दाबी छ। नेपाल वान टेलिभिजनबाट ज्योतिषाः हरेक दिन दिउँसो १२:३० मा प्रसारण हुँदै आएको छ। लोकसँगालो बिहीबार र शुक्रबार प्रसारण हुने गरेको छ। त्यसैगरी उनी गोर्खा एफएममा टपटेन शीर्षकको कार्यक्रम सञ्चालन गर्छिन्। यो मनोरञ्जनात्मक कार्यक्रम हरेक शनिबार एक घण्टा प्रसारण हुन्छ।



### लभ्लीको लोकप्रियता

आज शुक्रबारदेखि प्रसारणको १ सय २८ औं भाग पूरा गर्न लागेको हास्यश्रृंखला 'झ्याइँकुटी झ्याइँ' मा एउटी महिला कलाकारले दर्शकको मन जित्न थालेकी छिन्। लभ्लीको भूमिका निर्वाह गरिरहेकी हास्यकलाकार संगम शाहीले दार्जिलिङ क्षेत्रमा बोलिने शैलीमा संवाद बोलेर दर्शकलाई हँसाइरहेकी छिन्। श्रृंखलामा संघर्षशील कलाकारको भूमिका निर्वाह गरेकी संगमले अभिनयकै क्रममा गाइरहने 'सुन सुन सासू आँखाभरि आँसु...' गीत पनि दर्शकले रुचाउन थालेको निर्देशक दमन रूपाखेतीले बताएका छन्।

### खोजी प्रतिभाको कुरा

नेपाल टेलिभिजनबाट प्रत्येक मंगलबार राति ९:३० बजे प्रसारण भैरहेको रियालिटी शो 'खोजी प्रतिभाको' मा वास्तविक प्रतिस्पर्धा प्रारम्भ भएको छ। आगामी साताको कार्यक्रमदेखि राजधानीबाहिरका सहरमा सम्पन्न अडिसनका दृश्यहरू प्रसारण गरिनेछ। आगामी मंगलबारको कार्यक्रम भने बुटवल अडिसन विशेष हुनेछ। कार्यक्रमका निर्देशक दिनेश डिसीका अनुसार बुटवल अडिसनका क्रममा लोडसेडिङ भएको दृश्यले दर्शकलाई थप मनोरञ्जन प्रदान गर्नेछ। बुटवल अडिसनपछि क्रमशः धरान अडिसन, पोखरा अडिसन तथा नारायणघाट अडिसन प्रसारण गरिनेछ। बुटवल अडिसनमा संगीतकार सुरेश अधिकारी, कोरियोग्राफर रेनशा राईका अतिरिक्त कार्यक्रम सञ्चालक डीसी पनि निर्णायकका रूपमा प्रस्तुत हुनेछन्।




## विदेशबाट

### इन्डियन आइडलमा नयाँ निर्णायक

सोनी च्यानलबाट प्रसारण हुने रियालिटी शो 'इन्डियन आइडल' को पाँचौं संस्करणमा दर्शकले नयाँ निर्णायक पाउने भएका छन्। अडिसनको क्रममा रहेको यो कार्यक्रममा अनु मलिकबाहेक दुई निर्णायक नयाँ हुने भएका हुन्। सोनी च्यानलले जनाएअनुसार गायिका सुनिधि चौहान तथा संगीतकार सलिम मर्चेन्ट नयाँ निर्णायकका रूपमा 'इन्डियन आइडल' मा सहभागी हुन लागेका हुन्। गायिका चौहान पहिलो पटक कुनै पनि रियालिटी शोको निर्णायक बन्न लागेकी हुन्। रमाइलो कुरा के छ भने चौहान पनि एउटा रियालिटी शोको विजेताका रूपमा बलिउडमा स्थापित भएकी हुन्। सन् १९९६ मा मेरी आवाज सुनो कार्यक्रममा विजयी भएपछि सुनिधि हालसम्म अन्य कुनै रियालिटी शोमा सहभागी भएकी छैनन्। संगीतकार सलिम भने यसअघि प्रसारण भैसकेको चक दे बच्चेमा निर्णायकका रूपमा सहभागी थिए।





## जम्का भेट

नायिका युना उप्रेतीले साढे दुई वर्षको अन्तरालमा छवटा चलचित्रमा अवसर पाइन्। त्यसमध्ये पाँचवटामा उनी मुख्य नायिका भइन्। ती चलचित्रमध्ये दुईवटालाई छाडेर बाँकी चलचित्रको निर्देशन दीपक श्रेष्ठले गरेका थिए। साढे दुई वर्षअघि साप्ताहिकको मध्यपृष्ठमा ब्लोअप छापिएपछि गोपीकृष्ण मुभिजको चलचित्र 'पर्खी बसेँ'का लागि उनले पहिलो पटक नायिका हुने अवसर पाएकी थिइन्। स्थापित नायिकाहरूको दौडमा सामेल नभए पनि उनी लगातार चलचित्रमा काम गरिरहेकी छिन्। पछिल्लो पटक श्रेष्ठकै निर्देशनमा बनेको चलचित्र 'पहिलो-पहिलो माया'ले सफलता पाएपछि युनाको चर्चा फेरि हुन थालेको छ, तर निर्देशक श्रेष्ठसँग उनको नाम जोडिने क्रम भने यथावत् छ। उनलाई निर्देशक श्रेष्ठको 'क्याम्प'की नायिका पनि भनिन्छ। श्रेष्ठको निर्देशनमा गोपीकृष्ण मुभिजले निर्माण गर्न लागेको आगामी चलचित्रमा पनि युना नै नायिका हुने सम्भावना छ।

**किन तपाईं दीपक श्रेष्ठका चलचित्रमा मात्र काम गर्नुहुन्छ ?**

त्यसो भनिहाल्न मिल्दैन, किनभने यो अवधिमा मैले काम गरेका दुई चलचित्र 'फर्ज' र 'फ्ल्यास ब्याक'का निर्देशक दीपक श्रेष्ठ होइनन्। 'फर्ज'लाई मदन घिमिरे र 'फ्ल्यास ब्याक'लाई दयाराम दाहालले निर्देशन गर्नुभएको हो।

**तैपनि बाँकी सबै चलचित्रका निर्देशक त दीपक श्रेष्ठ नै हुन् ?**

मेरो पहिलो चलचित्रको निर्देशक उहाँ नै हुनुहुन्थ्यो। उहाँलाई मेरो काम मन परेको होला, त्यसैले प्रायः मलाई आफ्ना चलचित्रमा सम्झनुहुन्छ, तर म उहाँकी मात्रै नायिका होइन। अरू निर्देशकबाट प्रस्ताव आए म सहर्ष स्वीकार गर्छु र गरिरहेकी पनि छु।

**दीपक श्रेष्ठको 'क्याम्प'मा भएसम्म अरूले प्रस्ताव गर्लान् र ?**

मैले बारम्बार भन्दै आएकी छु कि म कसैको 'क्याम्प'की नायिका होइन। म त दर्शककी नायिका हुँ। यदि मलाई कसैले आफ्ना चलचित्रका लागि सुहाउँदो मान्नुभयो भने अवश्य पनि म काम गर्न तयार हुनेछु।

**कुनै अरू निर्देशकसँग कुरा भएको छ ?**

मैले कसैलाई अहिलेसम्म मलाई आफ्नो चलचित्रमा नायिका बनाउनुहोस् भनेर आग्रह गरेकी छैन र म त्यसरी भन्न पनि सक्दिनँ। केहीले कुरा गर्नु पनि भएको हो, तर पछि अर्कैलाई लिएको सुनें।

**कारण केलाउन खोज्नुभएको छ ?**

म चलचित्रमा ग्ल्यामरस रूपमा प्रस्तुत भएकी छैन, एउटा कारण त त्यही होला। अर्को हल्ला चलेजस्तो 'क्याम्पकी हिरोइन' भनेर पनि हो कि ? तर जतिले पनि मेरा बारे त्यो भ्रम पालेर बस्नुभएको छ उहाँहरूलाई भन्न चाहन्छु– कृपया मलाई त्यस्तो भुमरीमा नपारिदिनुहोस्।

**फेरी दीपककै निर्देशनमा अर्को चलचित्रमा काम गर्दै हुनुहुन्छ नि ?**

(हाँसो) यसलाई चाहिँ संयोग भन्नुपर्ला। मलाई त्यो चलचित्रका लागि दीपक सरले होइन, गोपीकृष्ण मुभिजले नै अफर गरेको हो।

• चलचित्र •

# द बन्टी हन्टर



आज शुक्रबार सार्वजनिक हुने हलिउडको नयाँ चलचित्र 'द बन्टी हन्टर' लाई एक्सन, एड्भान्चर तथा कमेडी विधामा राखिएको छ । जेनिफर एनिस्टन, गेरार्ड बट्लर, जेसन सुडेकिज, रिची कोस्टर आदि कलाकारले यो चलचित्रमा मुख्य भूमिका निर्वाह गरेका छन् । एन्ड्रयु टेनान्टद्वारा निर्देशित यो चलचित्रको निर्माण विन्क मोरडन्टले गरेका हुन् । सोनी पिक्चर्सले वितरण गर्न लागेको यो चलचित्रको छायांकन अमेरिकाका विभिन्न सहरमा गरिएको छ । अमेरिकाका एट्लान्टिक सिटी तथा न्युजर्सीमा छायांकन गरिएको यो चलिचत्रमा एक जोडी दम्पतीको वैवाहिक जीवनलाई समावेश गरिएको छ । एउटा सुन्दर वैवाहिक जीवनमा सानो कुराले कस्तो आँधीबेरी ल्याउन सक्छ भन्ने यथार्थलाई चलचित्रको मुख्य विषय बनाइएको छ । चलचित्रमा सम्बन्ध-विच्छेद गरिसकेपछि पनि श्रीमान्ले श्रीमतीलाई सही मार्गमा ल्याउन गरेको प्रयत्नले चलचित्रको कथा रोचक बनाएको छ । यसबाहेक श्रीमतीलाई सुधार्न श्रीमान्ले एक जना व्यक्तिलाई भाडामा लिने प्रसंगले चलचित्रलाई मनोरञ्जक बनाएको छ ।

# बसमा छैन यो मन



रामराजा दाहालद्वारा निर्देशित चलचित्र 'बसमा छैन यो मन' को सार्वजनिक प्रदर्शन आज शुक्रबार प्रारम्भ हुँदैछ । सार्वजनिक प्रदर्शन प्रारम्भ हुनुअघि यो चलचित्रको राजधानीमा प्रिमियर सो गरिएको थियो । रिमेश अधिकारीले निर्माण गरेको यो चलचित्रमा दर्शकले लामो समयपछि नायिका करिश्मा मानन्धरको अभिनय हेर्न पाउनेछन् । विराज भट्ट, राजवल्लभ कोइराला, नन्दिता केसी, मुकेश आचार्य, विष्णु पाण्डे आदि कलाकारले पनि चलचित्रमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । सस्पेन्स तथा थ्रिलर प्रेमकथामा आधारित यो चलचित्रमा प्रेममा विक्षिप्त मानसिक रोगीले कतिसम्मको अपराध गर्नसक्छ भन्ने तथ्यलाई आकर्षक ढंगले चित्रण गरिएको छ । पछिल्लो समयमा निर्माण भैरहेका सामाजिक तथा पारिवारिक शैलीका चलचित्रभन्दा पृथक यो चलचित्रमा प्रेमलाई नियन्त्रणमा राख्न नसक्दा के-कस्तो परिस्थिति सिर्जना हुन्छ भन्ने कुरा पनि प्रस्तुत गरिएको छ । पद्मकुमारी फिल्म्सको ब्यानरमा निर्माण गरिएको यो चलचित्रमा युवा संगीतकार विनोद खुम्बुको संगीत निर्देशन छ । चलचित्रमा सानुकुमार महर्जनको द्वन्द्व तथा समन अधिकारी र बब्बु थापाको नृत्य निर्देशन हुने पाइन्छ ।



# श्रापित

गायक उदितनारायणका छोरा आदित्यनारायण पहिलो पटक नायकका रूपमा प्रस्तुत भएको चलचित्र 'श्रापित' को सार्वजनिक प्रदर्शन आज शुक्रबारदेखि प्रारम्भ हुँदैछ । विक्रम भट्टको कथा तथा निर्देशनमा तयार भएको यो चलचित्रमा आदित्यनारायणका अतिरिक्त श्वेता अग्रवाल, शुभ जोशी तथा राहुल देवले मुख्य भूमिका निर्वाह गरेका छन् । प्रायः हरर शैलीका चलचित्र निर्देशन गरिरहेका विक्रम भट्टले यो चलचित्रमा पनि त्यही शैलीलाई निरन्तरता दिएका छन् । फरक के छ भने यो चलचित्रमा हरर दृश्यका साथसाथै एउटा रमाइलो प्रेमकथा पनि समेटिएको छ ।

चलचित्रको कथाअनुसार काया (श्वेता अग्रवाल) आफ्नो पारिवारिक श्रापका कारण पीडित छिन् । उनी अमन (आदित्य नारायण) सँग प्रेम गर्छिन्, अमन पनि कायालाई माया गर्छन्, तर कायामाथिको श्रापका कारण उनीहरूको जीवन नै नर्कभैँ बनिरहेको छ । निडर स्वभावका अमन भने श्रापका कारण डर मानेर बस्ने पक्षमा छैनन् । उनी उक्त श्रापविरुद्ध लड्न कायासँग विवाह नै गर्न तयार छन् । विवाहपछि पनि उनीहरूको जीवनमा श्रापको कालो छायाँ परि नै रहन्छ । विवाहपछि उनीहरूले के-कस्ता डरलाग्दा समस्यासँग जुध्नुपर्छ भन्ने कुरालाई चलचित्रमा रोमाञ्चक ढंगले चित्रण गरिएको छ । निर्देशक भट्टका अनुसार चलचित्रमा एड्भेन्चर, हरर तथा प्रेमकथालाई सँगसँगै समेट्ने प्रयास गरिएको छ । चलचित्रमा आदित्य नारायण नायक मात्र होइन, संगीतकार तथा गायकका रूपमा समेत सहभागी छन् । आदित्य नारायणसहित चिरन्तन भट्ट तथा नजाम शेराजले चलचित्रमा संगीत दिएका छन् भने आदित्य नारायण, श्रेया घोषाल, नजाम शेराज, सुनिधि चौहान आदिले स्वर प्रदान गरेका छन् ।

# मिस पूर्वाञ्चलको तयारी



धरान- बूढासुब्बा ट्रेनिङ सेन्टरले आयोजना गरेको अन्ना लिफान मिस पूर्वाञ्चलको तयारी तीव्र रूपमा भैरहेको छ । मिस पूर्वाञ्चलका लागि छनौटमा पर्ने प्रतियोगीलाई दसदिने व्यक्तित्व विकास तथा आवश्यक प्रशिक्षणमा राखिएको छ । उनीहरू व्यक्तित्व विकास, मोटिभेसन क्लास, पोजेटिभ एटिच्युट क्लास, कल्चरल अवार्नेस, क्याटवाक, प्रश्नोत्तर तयारी, मास फेस क्लास, अन्तर्वार्ता तयारी, रहन-सहन स्टाइल, गेटटुगेदरनेस आदिको तयारीमा जुटेका छन् । यसबाहेक उनीहरूलाई ब्युटिनेस, फिजिकल फिटनेस, पर्सनालिटीका सम्बन्धमा पनि जानकारी गराइएको छ । यो कार्यक्रमको कोरियोग्राफी राज फैजुले गरिरहेका छन् ।

यही चैत १४ गते धरानको सभाहलमा हुन गैरहेको मिस पूर्वाञ्चलको यो दोस्रो संस्करण हो । सौन्दर्यमा ब्युटिसियन विष्णु लिम्बू, पहिनरमा फेसन डिजाइनर सुप्रिया माझी तथा सुन्दरता मापनमा डा. सरुन कोइरालाले प्रतियोगीहरूलाई प्रशिक्षण दिइरहेका छन् । प्रतियोगितामा मिस ट्यालेन्ट, मिस बेस्ट पर्सनालिटी, मिस बेस्ट फ्रेन्डसिप, मिस डिसिप्लिन, मिस भ्यूअर च्वाइस, बेस्ट स्माइल, फोटो जेनिक, बेस्ट हेयर, क्याटवाक, बेस्ट स्किन, कल्चर र टुरिज्म आदि उपाधि प्रदान गरिनेछ । मिस पूर्वाञ्चललाई अन्ना लिफान स्कुटिको एक वर्षका लागि ब्रान्ड एम्बेसडरमा नियुक्त गरिनेछ । बूढासुब्बा ट्रेनिङ सेन्टरले पूर्वाञ्चलमा रहेका युवतीहरूको व्यक्तित्व विकास तथा मिस नेपालमा सहभागिताको अवसरका लागि पनि कार्यक्रम आयोजना गरेको वीरेन्द्र लिम्बूले बताए ।

-भीषण राई



साप्ताहिक
सबैको लागि सम्पूर्ण पत्रिका

तस्बिर : easy4style.com












**'गतिलो अंग** भएकाले त अंग-प्रदर्शन गर्छन्, देखाउनै नमिल्नेले कसरी पो गरून ?'- किन अंग-प्रदर्शन गरेर तस्बिर खिचाएको ? भन्ने जिज्ञासामा मोडल बेबी थापाको जवाफ त्यस्तो थियो । केही वर्षअघि वेवसाइटका लागि 'सेक्सी' तस्बिरहरू खिचाएर चर्चामा आएकी बेबीकी नजिककी साथी उनकै दिदी स्मिता हुन् । दिदी-बहिनीका विचार उस्तै छन् । 'मोजमज्जा भएन भने त लाइफै बोरिङ हुन्छ'- खाने, पिउने र मस्ती गर्ने कुरामा उनीहरू अगाडी छन् । ब्वाइफ्रेन्डको कुरा झिक्दा बेबी खित्का छाड्दै हाँसिन् र भनिन्-'अहिलेका युवतीहरूको ब्वाइफ्रेन्ड नहुनु आश्चर्य लाग्ने कुरा भएन र ? मेरो पनि छ कोही, थियो कोही । यो अति पर्सनल कुरा हो, राज खोल्न मिल्दैन ।' यौनका बारेमा उनको धारणा यस्तो छ- 'शारीरिक आवश्यकता, द्याटस् अल ।'

बेबीले हालै दुईवटा म्युजिक भिडियोमा मोडलिङ गरिन् । 'अफर आए म्युजिक भिडियो र फिल्म खेल्छु । अफर गर्ने अनि पछि नजिकिन खोज्नेहरूसँग भने टाढै बस्न मन लाग्छ ।'- उनले भनिन् । आगामी वर्ष निर्माण हुने चलचित्र 'आई एम सरी'मा उनी 'बोल्ड' रूपमा प्रस्तुत हुँदैछिन् । त्यसपछि लगातार चलचित्रमै काम गर्ने उनको विचार छ ।

-सुब्रत

## ● साताको स्वर ●



## शसान कँडेल

**'जाने भए जाऊ...' कस्तो शैलीको गीत हो ?**

'सन्यास' शीर्षकको गीति-संग्रहमा समावेश गरिएको यो स्लो रक शैलीमा आधारित गीत हो।

**गायनका साथै आफैंले शब्द र संगीतसमेत तयार पार्दा गाह्रो परेन ?**

शब्द पहिले नै कोरेको थिएँ। पछि संगीत पनि आफैंले भरें। दुवै काम गरेपछि गीत राम्रो बनेको मूल्यांकन भयो अनि आफैंले गाउने निर्णय गरें।

**गीतको कुन पक्ष श्रोताले मन पराएका छन् ?**

गायन र सांगीतिक पक्षको प्रशंसा भैरहेको छ। शब्द नराम्रो भन्नेहरू पनि भेटेको छैन।

**यो गीतका लक्षित श्रोताचाहिं को हुन् ?**

पप तथा रक गीत सुन्न रुचाउने हरेक उमेरका व्यक्ति यो गीतका श्रोता हुन्।

**म्युजिक भिडियो कस्तो बनेको छ ?**

सुरजसिंह ठकुरीको निर्देशनमा भिडियो राम्रो बनेको छ। कथानकभन्दा पनि प्रस्तुतीकरणलाई बढी महत्व दिइएको यो गीतको भिडियोले गीतलाई थप लोकप्रिय बनाइरहेको छ।

## ● म्युजिक अपडेट ●

### 'आकांक्षा' को विमोचन

संगीतकार शक्ति बल्लभ तथा गीतकार भूषण खरेलले आफ्ना आमा-बुबाको आशीर्वाद लिंदै नयाँ गीतिसंग्रह 'आकांक्षा' को विमोचन गरेका छन्। कविवर माधवप्रसाद घिमिरेले गत शनिबार राजधानीमा आयोजित एक समारोहबीच उक्त संग्रहको विमोचन गरेका हुन्। संग्रहको विमोचनपछि गीतकार खरेलले आफ्नी आमा तथा बल्लभले आफ्ना आमा-बुबालाई ढोगेका थिए। यो संग्रहमा खरेलको एकल शब्द तथा बल्लभको एकल संगीत सुन्न पाइन्छ। विमोचित संग्रहमा जगदीश समाल, सुमित खड्का, थुप्देन भुटिया आदि गायक-गायिकाको स्वर समेटिएको छ। उक्त समारोहमा गीतकार खरेलले आफ्ना रचनाहरूको पुस्तक 'आकांक्षा' पनि सार्वजनिक गरे।

### लोकगीत प्रतियोगिता

महिला हिंसा र चेलिबेटी बेचबिखनविरुद्ध लोकगीत प्रतियोगिता सम्पन्न भएको छ। मानवअधिकार शिक्षा तथा सूचना केन्द्र, काभ्रेले नारी दिवसको अवसर पारेर सञ्चालन गरेको प्रतियोगिता 'आयो आयो दलाली आयो, गाउँघरका चेलीलाई फसायो' भाकामा सञ्चालन गरिएको थियो। दोहोरी प्रतियोगितामा ज्याम्दी गाविसको नवज्योति युवा समूह पहिलो भयो। ज्याम्दीकै छोरी समूह दोस्रो तथा चण्डेनी माविको प्रगतिशील बालसमूह तेस्रो भयो। कार्यक्रममा काभ्रेका स्थापित गायक-गायिकाले लोकगीतहरू प्रस्तुत गरेका थिए। कार्यक्रममा नवराज घोरासैनी तथा हरि कर्माचार्यले पनि आफ्ना गीत सुनाए।

### सिम्पल सम्मान प्रदान

नेपाली सांगीतिक क्षेत्रमा योगदान पुऱ्याउने दुई जना संगीतकर्मीलाई यस वर्षको सिम्पल सम्मान-२०६६ बाट सम्मानित गरिएको छ। सिम्पल आर्ट्सको १२ औं वार्षिकोत्सव समारोहमा गत साता राजधानीमा आयोजित एक समारोहमा गायक मधु क्षेत्री तथा संगीतकार राहुल प्रधान सम्मानित भएका हुन्।

### क्याम्पस आइडल

मकवानपुर बहुमुखी क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियनले आयोजना गरेको क्याम्पस आइडल प्रतियोगितामा जगदीश खत्रीले पहिलो क्याम्पस आइडलको उपाधि जितेका छन्। प्रतियोगितामा मेरिना परियारले दोस्रो तथा सन्तोष अधिकारीले तेस्रो स्थान हासिल गरे। क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूको गायन प्रतिभा प्रस्फुटन गर्ने उद्देश्यले प्रतियोगिता आयोजित गरिएको थियो। गायन प्रतियोगिताकै क्रममा आयोजित हँसाउने प्रतियोगितामा सुजन तिमिल्सिनाले प्रथम स्थान हासिल गरे।

### श्रीगोपाल स्वर्ण पदक

वर्ष २०६६ को श्रीगोपाल स्वर्ण पदक मध्यपुर ठिमी, बोडेको नीलवाराही नाच गणलाई प्रदान गरिएको छ। ठिमी कला परिषद्का संस्थापक श्रीगोपाल प्रजापतिद्वारा स्थापित उक्त पदक गत शनिबार आयोजित एक समाचारमा प्रदान गरिएको हो। समारोहमा स्थानीय वाद्यवादन तथा मौलिक नेवारी नाचका पाँच जना गुरुहरूलाई दोसल्ला ओढाई सम्मानित पनि गरिएको थियो। सम्मानित हुनेमा बसुवा नाचका ज्ञानलाल कायस्थ, भैरवनाचका दिलबहादुर प्रजापति, कोरै नाचका काजीनरसिंह कोरै, नागाचा नाचका बुद्धिकुमार सिपाही तथा वेता नाचका बिकुबहादुर छन्।



### तीन गायकको पुनर्मिलन

सांगीतिक क्षेत्रमा लगभग एकै समयमा प्रवेश गरेका तीन जना गायक रामकृष्ण ढकाल, यम बराल तथा राजेश पायल राईले लामो समयको अन्तरालपछि एउटै चलचित्रमा पार्श्वगायन गरेका छन्। संगीतकार शम्भुजित बाँस्कोटाले सुगम संगीतका यी तीन गायकलाई एकै ठाउँमा भेला पारेका हुन्। निर्माणाधिन चलचित्र 'जय होस्' मा यी तीन गायकको स्वरमा गीत रेकर्डिङ गरिएको हो। नक्सालस्थित भर्जिन भ्वाइस स्टुडियोमा गत साता तीनै जना गायकले एकै साथ गीत रेकर्डिङ गरेका हुन्। राजेशले यम र रामकृष्णसँग एक दशकअघि एउटा चलचित्रमा सँगै गीत गाएका थिए।

### पुस्तकमा प्रथम गायक

रेडियो नेपालका प्रथम गायक हरिप्रसाद रिमालमाथि लेखिएको पुस्तक 'शिखर कलाकार हरिप्रसाद रिमाल' को गत शुक्रबार राजधानीमा आयोजित एक समारोहमा विमोचन भएको छ। शारीरिक अस्वस्थताका कारण समारोहमा गायक रिमाल भने अनुपस्थित थिए। हरिप्रसाद कल्याणी रिमाल नाट्य संगीत प्रतिष्ठानले तयार पारेको यो पुस्तकको सम्पादन डा.मोहनहिमांशु थापा तथा कृष्ण शाह यात्रीले गरेका हुन्। १ सय १५ पृष्ठ लामो यो पुस्तकमा संगीत तथा नाट्यकर्मी रिमालका सम्बन्धमा पत्रपत्रिकामा प्रकाशित अन्तर्वार्ता, समाचार, आलेख तथा आत्मकथा समेटिएका छन्।

### ऐतिहासिक गीति संग्रह

राष्ट्रकवि माधवप्रसाद घिमिरेले गत साता विमोचन भएको आधुनिक गीतहरूको एउटा संग्रहलाई 'ऐतिहासिक' भएको टिप्पणी गरेका छन्। मदन गोपालको गायन तथा संगीत रहेको गीतिसंग्रह 'लक्ष्मी' को विमोचन गर्दै राष्ट्रकवि घिमिरेले यस्तो टिप्पणी गरेका हुन्। एक वर्षको अन्तरालमा आफ्ना दुई जवान छोराहरूलाई गुमाएको पीडा भुल्ने क्रममा बुबा विष्णु गौतमले संग्रहका गीत रचना गरेका हुन्।

### अस्ट्रेलियामा समन्वय

पप गायकद्वय नवीन के भट्टराई तथा सुगम पौडेल सहभागी हुन लागेको एउटा सांगीतिक कार्यक्रम 'समन्वय' को मिति तय गरिएको छ। नेपाली नयाँ वर्षको अवसर पारेर मनोरञ्जन इन्टरनेसनलले आयोजना गर्न लागेको 'समन्वयः संगीत र सद्भावको' कार्यक्रम आगामी चैत २२ गते (अप्रिल ४) देखि प्रारम्भ हुनेछ। यो कार्यक्रम अस्ट्रेलियाका सिड्नी, मेलबर्न, ब्रिस्बेन, पर्थ, एडिलेड, गोल्डकोस्ट तथा क्यानबेरामा गरिनेछ।

### विदेशका कार्यक्रममा व्यस्त

विदेशी भूमिमा नेपालीहरूको संख्या बढ्न थालेपछि स्थापित संगीतकर्मीहरू विदेश पुगेर सांगीतिक कार्यक्रम प्रस्तुत गर्ने क्रम ह्वात्तै बढेको छ। अञ्जु पन्त, रामकृष्ण ढकाल, अभिनाश घिसिङ, रोज मोक्तान, मिङ्मा शेर्पाजस्ता कलाकार केही समयअघि मात्र युरोप टुरबाट फर्किएका छन्। भरत सिटौला, द एक्स ब्यान्ड पनि भर्खरै युरोप टुरबाट फर्किए। निमा रुम्बा, अभिनाश घिसिङ, सुगम पोखरेल, रोज मोक्तान, राजु लामा पनि क्रमशः सिंगापुर, कोरियो, दुबई, मलेसियाजस्ता देशमा सांगीतिक कार्यक्रम प्रस्तुत गर्न पुगे। यता रोज मोक्तान र प्रेम लोप्चान सांगीतिक कार्यक्रमको क्रममा अमेरिकामा छन्। गायक कन्हैया सिंह पनि गत शुक्रबार नै सांगीतिक कार्यक्रम प्रस्तुत गर्न अमेरिका प्रस्थान गरेका छन्। राजेशपायल राई पनि भर्खरै दुबई पुगेर फर्किएका छन्। सुगम पोखरेल, अनिल सिंह, बद्री पंगेनी, रेश्मा सुनुवार, कोमल ओली पनि कोरियामा सांगीतिक कार्यक्रम प्रस्तुत गरेर फर्किएका छन्। यी सबै कार्यक्रममा हास्यकलाकार तथा नायिकाहरू पनि सहभागी भैरहेका छन्।

## ● अफबिट ●



**सिम्पल मुस्कान : गायक शुक्र लामाको 'हँसिलो त्यो मुहारमा' गीतको म्युजिक भिडियोमा अभिनय गर्दै मोडल सिम्पल खनाल। शिशिर सुवेदी भिडियोका निर्देशक हुन्।**

## ● विदेशबाट ●

### गायिकाको सम्बन्ध विच्छेद

हलिउडकी चर्चित गायिका चेरिल कोलले आफ्ना श्रीमान् एस्लेसँगको वैवाहिक जीवन परित्याग गरेको घोषणा गरेकी छिन्। द सन पत्रिकाले आस्लेको कुनै युवतीसँग अफेयर भएको समाचार प्रकाशित गरेपछि दुःखी भएर कोलले एस्लेसँग सम्बन्ध विच्छेद गर्ने निर्णय गरेकी हुन्। एस्ले पनि चर्चित कलाकार हुन्। कोलले एस्लेलाई एउटा एसएमएसमार्फत आफ्नो सम्बन्ध तोड्ने जानकारी गराएकी हुन्। कोलले एस्लेसँगको सम्बन्ध विच्छेदपछि आफू दुःखी भएको बताएकी छिन्। 'एस्लेले मलाई धोका दिएका छन्, कोल भन्छिन्- 'चाँडै नै म उनलाई सम्बन्ध विच्छेदका लागि आवश्यक कागजपत्र पठाउँदैछु।'

## ● ब्याण्ड ●

### डेजा भू




राजधानीमा सांगीतिक समूहहरूको क्रेज दिन-प्रतिदिन बढ्दो छ। नयाँ-नयाँ सांगीतिक समूह स्थापना गर्ने युवा संगीतकर्मीहरू पनि बढ्दै छन्। बेला-बेलामा आयोजना भैरहने सांगीतिक समूहबीचको प्रतिस्पर्धाले पनि नयाँ समूह स्थापना गर्न सहज भैरहेको छ। अझ नगद पुरस्कारसहित त्यस्ता प्रतियोगिता सञ्चालन हुन थालेपछि संगीतको ज्ञान भएका युवाहरू जुटेर सांगीतिक समूह स्थापना गर्ने क्रम बढेको हो। यसै क्रममा सन् २००८ मा स्थापना भएको सांगीतिक समूह 'डेजा भू' युवापुस्तामाझ लोकप्रिय भैरहेको छ।

समूहमा जम्मा चार जना संगीतकर्मी छन्। सन्दीप शाक्य समूहका गायक तथा गिटारिष्ट हुन्। जोसेप स्थापित पनि समूहका अर्का गायक हुन्। दीपेश कर्माचार्य ड्रमर हुन् भने अंकित सुवाल बेस गिटारिस्ट हुन्। ड्रिम थिएटर, मेसुगा तथा मेगाडेथजस्ता विदेशी सांगीतिक समूहबाट प्रभावित यो समूह नेपाली सांगीतिक समूहमध्ये अटोमिक बुस, कर्मा भलान्जे तथा जिन्दावादबाट प्रभावित छ। डेजा भू समूह खासगरी प्रोग्रेसिभ रक शैलीका गीत सिर्जना गरेर चर्चामा आएको छ। संगीतलाई जीवनको अभिन्न अंगका रूपमा चित्रण गर्ने यो समूहले राजधानीमा आधा दर्जनभन्दा बढी पटक सांगीतिक कार्यक्रम प्रस्तुत गरिसकेको छ। भर्खरै राजधानीमा सम्पन्न अन्तरकलेज ब्यान्ड प्रतियोगितामा दोस्रो स्थान हासिल गरेको यो समूह चाँडै नै नयाँ म्युजिक भिडियो तथा गीतिसंग्रहमार्फत श्रोतामाझ आउने तयारी गरिरहेको छ।

# विश्वका सर्वाधिक धनाढ्यहरू



अमेरिकी पत्रिका फोर्ब्सले हरेक वर्ष सार्वजनिक गर्ने सर्वाधिक धनाढ्यहरूको सूचीअन्तर्गत यसपटक मेक्सिकोका अर्बपति कार्लोस स्लिम हेलु पहिलो स्थानमा परेका छन्। विश्वमा सबैभन्दा धनी कहलिएका ५४ वर्षीय अमेरिकी नागरिक बिल गेट्सलाई पछि पार्दै कार्लोस सबैभन्दा धनी व्यक्ति बन्न सफल भएका हुन्। लामो समयदेखि धनाढ्यहरूको सूचीको पहिलो स्थानमा रहँदै आएका बिल गेट्स भने यसपटक दोस्रो स्थानमा झरेका छन्। पहिलो स्थानमा रहन सफल ७० वर्षीय कार्लोस स्लिमको कुल सम्पति साढे ५३ अर्ब अमेरिकी डलर छ भने बिल गेट्सको ५३ अर्ब अमेरिकी डलर छ।

गत वर्ष यही सूचीअन्तर्गत तेस्रो स्थानमा रहेका कार्लोस मेक्सिकोको टेलिफोन कम्पनीका मालिक हुन्। उनका दुई प्रमुख कम्पनी सञ्चालनमा छन्। ग्रुपो कारसो र एसएडी सिभीअन्तर्गत कार्लोसले सूचना प्रविधि तथा खुद्रा व्यापार सञ्चालन गरेका छन्। उनी आइडियल कम्पनीका पनि प्रमुख हुन। उक्त कम्पनीले पूर्वाधारको क्षेत्रमा लगानी गर्छ। कार्लोस दि न्युयोर्क टाइम्स कम्पनीको ६ दशमलव ४ प्रतिशत सेयरका हिस्सेदार हुन।

धनाढ्यहरूको सूचीको तेस्रो स्थानमा अमेरिकाका वारेन बफेट छन्। ७९ वर्षीय वारेनको कुल सम्पत्ती ४७ अर्ब अमेरिकी डलर छ। २९ अर्ब अमेरिकी डलर सम्पत्तिका मालिक ५९ वर्षीय मुकेश अम्बानी चौथो र २८ अर्ब ७० करोड अमेरिकी डलर सम्पत्तिका मालिक ५९ वर्षीय लक्ष्मी मित्तल सूचीको पाँचौं स्थानमा छन्। अमेरिकाका लरेन्स एलिसन भने छैटौं स्थानमा छन्। उनी २८ अर्ब डलर सम्पत्तिका मालिक हुन्। २७ अर्ब ५० करोड डलर सम्पत्तिका मालिक फ्रान्सका कर्नार्ड अर्नल्ट सूचीको सातौं स्थानमा छन्। ब्राजिलका आइक बातिस्टा आठौं स्थानमा छन्। उनी २७ अर्ब अमेरिकी डलर सम्पत्तिका मालिक हुन। नवौं स्थानमा स्पेनका अर मान्सियो ओर्टेगा छन्। उनको कुल सम्पत्ति २५ अर्ब अमेरिकी डलर छ। २३ अर्ब ५० करोड अमेरिकी डलर सम्पत्तिका मालिक जर्मनीका कार्ल अल्ब्रेच्ट दसौं स्थानमा छन्। यो सूचीको टप हन्ड्रेडभित्र ३३ जना अमेरिकी छन्। १३ जना रूसी र ९ जना भारतीय अर्बपति पनि यो सूचीको टप हन्ड्रेडभित्र छन्। ३६ औं स्थानमा रहेका भारतीय अर्बपति अनिल अम्बानीको कुल सम्पत्ति १३ अर्ब ७० करोड अमेरिकी डलर छ। यसैगरी भारतीय धनाढ्य सावित्री जिन्दाल भने ४४ औं स्थानमा छिन्। उनको कुल सम्पत्ति १२ अर्ब २० करोड डलर छ। ८६ औं स्थानमा रहेका कुमार मंगलम बिड्लाको भने ७ अर्ब ९० करोड डलर सम्पत्ति छ। टप हन्ड्रेडको सयौं स्थानमा दक्षिण कोरियाली अर्बपति लि कुन हि छन्। उनी ७ अर्ब २० करोड डलरका मालिक हुन्। साउदी अरेबियाका राजकुमार अलवालिड बिन तलाल अल आउद १९ औं स्थानमा छन्। उनको सम्पत्ति १९ अर्ब ४० करोड अमेरिकी डलर छ। यो सूचीको टप हन्ड्रेडभित्रका जापान, हङकङ, मलेसिया, कुवेतजस्ता एसियाली मुलुकका अर्बपतिहरू पनि छन्।

फोर्ब्स पत्रिकाले जारी गरेको विश्वका नयाँ अर्बपतिहरूको यो सूचीमा दुईतिहाइ एसियाली भएको उक्त पत्रिकाले जनाएको छ। सूचीमा यसअन्तर्गत एसियाका २ सय ३४ जनाको नाम समावेश छ। सूचीमा अर्बपतिको संख्या ७ सय ९३ बाट बढेर १ हजार ११ पुगेको छ। यो सूचीमा पहिलो पटक पाकिस्तानी नागरिक पनि पर्न सफल भएका छन्। पाकिस्तानका मिया मोहम्मद मंशा ९ सय ३७ औं स्थानमा छन्। फोर्ब्सका अनुसार विगत १६ वर्षदेखि विश्वका अर्बपतिहरूको सूचीमा अमेरिकी र युरोपेलीहरूले वर्चस्व रहँदै आएकोमा अब भने एसियालीहरू अग्रपंक्तिमा आइसकेका छन्। धनाढ्यहरूको सूचीको यो संस्करणमा अमेरिकी नागरिक दोस्रो स्थानमा रहेको यो पहिलो अवसर हो।










# पेमा भइन् मिस शेर्पा- २०१०



तस्बिर : नवराज बाले



**साप्ताहिक समाचार**

काठमाडौं– हिमाली क्षेत्रमा बसोबास गर्ने शेर्पा युवतीहरू फेसन, मोडलिङ तथा ग्ल्यामरको क्षेत्रमा समेत अग्रसर हुन थालेका छन् । गत शुक्रबार राजधानीमा सम्पन्न एउटा सौन्दर्य प्रतियोगितामा शेर्पा युवतीहरूले उनीहरू पर्वतारोहणका लागि मात्र होइन, क्याटवाकमा पनि उत्तिकै निपुण छन् भन्ने कुरा प्रमाणित गरे । जमलस्थित राष्ट्रिय नाचघरमा आयोजित पहिलो मिस शेर्पा- २०१० प्रतियोगितामा डेढ दर्जन शेर्पा सुन्दरीहरू आफ्नै जातिको परम्परागत पहिरनमा प्रस्तुत भएर आफ्नो प्रतिभा प्रदर्शन गरेका थिए । कला, संस्कृति संरक्षण केन्द्रले आयोजना गरेको प्रतियोगिता परिचयात्मक चरणबाट प्रारम्भ भएर टप टेन, टप फाइव हुँदै निर्णायक चरणसम्म पुगेको थियो ।

प्रतियोगितामा पेमा याङजी शेर्पाले प्रथम मिस शेर्पाको मुकुट पहिरिन् । निर्णायकका रूपमा सहभागी पूर्व मिस नेपाल उषा खड्गीले आफूलाई मिस शेर्पाको मुकुट पहिराइदिँदा पेमाका आँखा रसाएका थिए । २५ हजार नगद पुरस्कार समेत जितेकी पेमाले निर्णायकको निर्णयलाई सही सावित गर्दै थप दुई शीर्षक उपाधि पनि आफ्नै पोल्टामा पारिन् । उनले मिस ट्यालेन्ट तथा मिस क्याटवाकको उपाधिसहित सर्वाधिक तीनवटा उपाधि जितेकी हुन् ।

प्रतियोगितामा जाङमु शेर्पाले फस्ट रनर्स अप तथा छिरिङ शेर्पाले सेकेण्ड रनर्स अपको मुकुट पहिरिन सफल भए । शेर्पा समुदायको कला, संस्कृति तथा वेशभूषालाई सौन्दर्य प्रतियोगिताको माध्यमबाट प्रबर्द्धन गर्ने उद्देश्यले आयोजित उक्त प्रतियोगितामा गायक लाक्पा शेर्पा, समाचारवाचक विजय पौडेल, सुमन श्रेष्ठ आदि निर्णायक थिए । प्रतियोगितामा निमा याङजी शेर्पाले मिस फोटोजेनिक तथा मिस बेस्ट स्माइल गरी दुईवटा शीर्ष उपाधिमाथि कब्जा जमाइन् । प्रतियोगिताका अन्य उपाधिमध्ये डोल्मा शेर्पाले मिस फ्रेन्डसिप, निमडिकी शेर्पाले मिस पब्लिक च्वाइस, दाडिकी शेर्पाले बेस्ट ड्रेस, डिकिला शेर्पाले मिस डिसिप्लिन, काण्डु शेर्पाले गेट मिस ग्रीन फ्युचरको उपाधि जिते । कार्यक्रममा परम्परागत शेर्पा नृत्यका अतिरिक्त लोकप्रिय गीत-संगीत पनि प्रस्तुत गरिएको थियो ।

# निमा एक्साइडेड

**साप्ताहिक समाचार**



'एकफेर हाँसिदिए हुन्थ्यो' निमा रुम्बाको यो पछिल्लो हिट गीत हो । वसन्त चौधरीको कलेक्सनमा उनले स्वर भरेको यो गीत गत बिहीबार होटल सोल्टी क्राउन प्लाजामा घन्कियो । 'स्टेज पर्फमेन्स'मा निपुण मानिएका गायक रुम्बाको त्यो गीतले एक्साइड ब्याट्रीको कार्यक्रममा दर्शकहरू 'एक्सासाइडेड' भए । कालो वेष्टकोट र कालै पाइन्टमा सजिएका निमाले आफ्नो पहिलो हिट गीत 'मिस क्याटवाक' गाएको शैली त्यहाँ पुगेका गीतकार बेनीमाधव भट्टराईलाई निकै मन परेछ, उनी भन्दै थिए-'मलाई कार्यक्रममा उनले गाएको मिस क्याटवाक मात्र याद छ ।' आधा घण्टासम्म एकल रूपमा प्रस्तुत भएका गायक रुम्बाले 'आऊ-आऊ न मसँग गाऊ न', 'मेरो प्रेयसी', 'साँझमा पनि' जस्ता आधा दर्जनभन्दा बढी गीत सुनाएका थिए ।

# एकैछिनमा ६० हजार

**साप्ताहिक समाचार**

काठमाडौं- सातवर्षीया अपाङ्ग बालिका आकृति पौडेल शनिबार साँझ निकै प्रफुल्ल मुद्रामा थिइन् । 'अपाङ्गलाई हेंला होइन, माया गरौं' भन्ने भावना लिएर नृत्य निर्देशक दिनेश अधिकारीले आफ्नो संस्था 'राजधानी कला केन्द्र'का तर्फबाट बालिकाको सहयोगार्थ २५ हजार प्रदान गरेपछि कार्यक्रममा उपस्थित रमेश महर्जनले त्यसमा अर्को २५ हजार थपे, अनि सहयोग रकम थप्ने क्रम शुरु भयो, त्यसमा रेखा पन्तले ५ हजार दिएपछि १ हजार १ सय १ रुपैयाँ सहयोग गर्नेहरू पनि देखिए । एकैछिनमा ६० हजारजति संकलन गरी ती बालिकालाई बुझाइयो । त्यति मात्र होइन, कार्यक्रममा सम्मानित भएका नायक राजेश हमालको हातबाट बालिकालाई ह्विल चेयर पनि प्रदान गरियो ।

हरेक तीन-तीन वर्षमा राजधानी कलाकेन्द्रले आयोजना गर्ने कार्यक्रम 'राजधानी स्वर्णिम साँझ'मा गोपाल अधिकारी 'ट्वाकेन्द्र' भारतका प्रधानमन्त्री मनमोहन सिंह बनेका थिए भने कमल मैनाली प्रधानमन्त्री माधवकुमार नेपाल । उनीहरूलाई दायाँ र बायाँ राखेर पत्रकार बनेका निर्मल शर्मा 'गैंडा'ले लिएको अन्तर्वार्तासहितको प्रहसन कार्यक्रमको मूल आकर्षण बनेको थियो । त्यसका अतिरिक्त उमेश मायालुको एकल प्रहसन, सुमन सिंह, उमा बेबी, रूपा खनाल, हिमानी डिसी, निरु खड्का आदि नायक-नायिकाहरूको नृत्य एवं गायक गायिकाहरू हिमाल सागर, डिजराज, मल्लिका कार्की, प्रविशा अधिकारीका गीतले कार्यक्रमलाई संगीतमय बनायो । राष्ट्रिय नाचघरमा सम्पन्न कार्यक्रमको सफलताबाट हौसिएका आयोजक दिनेश अधिकारी भन्दै थिए- 'अब तीन-तीन वर्षमा होइन, हरेक वर्ष यो कार्यक्रम गर्नुपर्ला ।'



# अडिसनमा मिस्टर एन्ड मिस राजधानी



**साप्ताहिक समाचार**

काठमाडौं– आगामी चैत २८ गते आयोजना हुन लागेको मिस्टर एन्ड मिस राजधानी २०१० को प्रारम्भिक छनौट कार्य सम्पन्न भएको छ । जमलस्थित राष्ट्रिय नाचघरमा हुने निर्णायक प्रतियोगिताका लागि ४५ जना युवायुवती छनौट भएका छन् । नयाँ बानेश्वरस्थिल अलाकार्टा होटल तालिम केन्द्रमा सम्पन्न अडिसनमा १५ जना महिला तथा ३० जना पुरुष मोडल निर्णायक प्रतिस्पर्धाका लागि छनौट भएका हुन् । अडिसनपछि उनीहरू तीन साता लामो प्रशिक्षणमा सहभागी हुन थालेका छन् । मिस्टर राजधानी-२००५ दिनेश शाही तथा मिस राजधानी-२००९ चाँदनी लामिछानेले संयुक्त रूपमा यो प्रतियोगिताको कोरियोग्राफी गरिरहेका छन् । एक्सपोज नेपाल डटकमले आयोजना गर्न लागेको यो प्रतियोगितामा काठमाडौंलगायत देशका प्रमुख सहरका मोडलले भाग लिएका छन् ।

## ग्ल्यामरस नाइट



अघिल्लो बिहीबारको रात दमक निकै तातेको थियो । यसअघि कहिल्यै नभएको कार्यक्रम भएको थियो दमकको रेडक्रस हलमा । ग्लामरस नाइट- २०१० परिवारिक जमघट र विशुद्ध रमाइलोका लागि आयोजित गरिएको ग्लामरस नाइट डटकम बिर्तामोडका प्रबन्ध निर्देशक आसिमज्वयल श्रेष्ठले बताए । पारिवारिक मनोरञ्जनका लागि यस्तो कार्यक्रम दमकमा विरलै हुन्छन् । दमक सहर आधुनिकतातर्फ उन्मुख भैरहेको अवस्थामा यहाँका बासिन्दाको माग भएकाले यस्तो कार्यक्रम आयोजित गरिएको आयोजकमध्येकै एक प्रकाश घिमिरेले बताए ।



तस्बिर : नवराज बाले

# गोरी, काली, सानी, मोरी

**साप्ताहिक समाचार**

काठमाडौं- 'गोरी काली सानी मोरी जे भने नि हुन्छ...' गायिका नलिना चित्रकारले यो गीत गाउँदा आफ्नो स्थानबाट उठेर माइती नेपालकी संस्थापक अनुराधा कोइराला, पूर्वसेनापति प्रज्ज्वलशमसेर राणाहरू नाच्न थाले । माइक हातमा लिएपछि आफ्नै 'अदा' मा गायिका चित्रकारले 'पानी पानी भयो मन पनि' गाउँदा आगन्तुक निम्तालुहरू आ-आफ्नो स्थानमा बसेर पेयपदार्थसँग बारबीक्युको आनन्द लिइरहेका थिए । त्यसअघि आनी छोइङ डोल्माले 'फूलको आँखामा फूलै संसार' गाउँदा पनि निम्तालुहरू गीत सुन्न मस्त देखिए । कुटुम्ब समूहले परम्परागत शास्त्रीय धुन प्रस्तुत गर्दा सबै संगीतको तालमा झुमिरहेका थिए । लाजिम्पाटस्थित होटल सांग्रिलाको साम्वाला गार्डेनमा राति आठ बजेतिर लगाइरहेको कोट फुकाली नलिनाले दर्शकलाई 'चाहिँदैन हीरामोती, माया भए पुग्छ', 'मेहन्दी लगाऊ मलाई' जस्ता आधा दर्जनजति गीत सुनाएर आधा घण्टाजति मज्जाले नचाइन् । विपन्न युवतीहरूलाई सीप सिकाएर आत्मनिर्भर बनाउने अभियानमा लागेको संस्था महिला सिर्जनशील केन्द्रले कोष संकलनका लागि गत शनिबार उक्त कार्यक्रमको आयोजना गरेको थियो ।

# टुँडिखेलमा पाथीभरा मेला

नेपाल पर्यटन वर्ष सफल पार्न ग्रामीण भेगका नेपालीहरू तयारीमा जुट्ने क्रम बढेको छ । आफ्नो काम र अध्ययनको सिलसिलामा काठमाडौंमा बसेका पाथीभाराका बासिन्दाहरूले सो क्षेत्रको पर्यटकीय विकासका लागि काठमाडौंमा मेला गर्न लागेका छन् । मेला काठकाडौंको टुँडिखेलमा चैत ६ गतेदेखि १० गतेसम्म चल्नेछ । मेलामा सो क्षेत्रमा प्रचलित परम्परागत नाचगान र त्यहाँको चिनारी दिने स्टलहरू राखिनेछ । पाथीभाराका बारेमा लेखिएका पुस्तक एवं त्यहाँका गायक-गायिकाले निकालेका गीतिएल्बम पनि मेलाका दर्शकले अवलोकन गर्न पाउनेछन् ।

# सकियो औद्योगिक व्यापार मेला

पाल्पा- नौ दिनसम्म पाल्पाको तानसेन टुँडिखेल र आसपासका बासिन्दाको दिन रमझम र रमाइलोमा बित्यो । टुँडिखेलमा सञ्चालन भएको औद्योगिक व्यापार मेला एवं पर्यटन महोत्सवमा राष्ट्रिय कलाकारहरूले दिनहुँजसो मञ्च तताए ।

दैनिकजसो राष्ट्रिय कलाकार, लोक तथा दोहोरी गायक-गायिका, हास्य टेलिश्रृंखलाका कलाकारहरूले प्रस्तुति दिए । चर्चित गायिका अन्जु पन्त, गायक मनोजराज शिवाकोटी, दीप श्रेष्ठ, खेम गुरुङ, तिलकबम मल्ल, कमल खनाल, विमलराज क्षेत्री, सिने गुरुङ, मञ्जु महत, रामजी खाँडले मात्र होइन, स्थानीय गायक-गायिका तुलसा नेपाल, सपना थापा, हुम गैरे, प्रेम लामिछाने, शिव ज्ञवाली, मञ्जु पौडेलको दोहोरीले सबैलाई नचाए । लोक-पप गायक अर्जुन कौशलको प्रस्तुति निकै आकर्षक रह्यो भने मिनु गैरेको



प्रस्तुति पनि कम थिएन ।

लोक तथा दोहोरीका हस्तीहरू विष्णु खत्री, पुरुषोत्तम न्यौपाने, खुमन अधिकारी तथा रामचन्द्र चन्दको गीतमा नाच्नेहरू पनि उत्तिकै देखिए । हास्यकलाकार दीपकराज थापा, सशील थापा, किरण चित्रकार, धुर्मुस, माग्नेबूढा, सभासद्, भोकलाग्योले पनि दर्शकलाई पेट मिची-मिची हँसाए । सधैंझैं लोक तथा दोहोरी गायिका कोमल वलीले पनि सबैलाई नचाइन् ।

महोत्सवमा राखिएको विश्वकै ठूलो पाल्पाली करुवाको प्रदर्शनीले सबैलाई आकर्षित गऱ्यो । पाल्पाली ढाका कपडा, पाल्पाका धार्मिक, सांस्कृतिक तथा पर्यटकीय सम्पदाहरूको काष्ठकला, हस्तकला अटोपार्ट्स तथा रेडिमेड कपडाको बिक्री पनि राम्रै भयो । आदिमानव रामापिथेकसको मूर्ति पनि मेलाको आकर्षण रह्यो । नेपालकै होची दाबी गरिएकी महिला ईश्वरीमायालाई हेर्न पनि भीड लाग्यो ।

पाल्पा कारागारका बन्दीहरूले तयार पारेको बासको मुढा मेलाको अर्को आकर्षण बन्यो । मेलाका मार्फत कृषि, पर्यटन, कुटिर उद्योग साथै पाल्पाली कफी बजार विस्तार भएको छ । मेला एवं महोत्सव अवधिभर १ लाख २५ हजारभन्दा बढी दर्शक सहभागिता रहेको मेला आयोजक समितिका संयोजक तथा पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष भूषण राजलवटले बताए । ९ दिनको मेलामा १ करोड ७५ लाखबराबरको आर्थिक कारोबार भएको प्रचार संयोजक मोहन श्रेष्ठले जानकारी गराए ।

–माधव अर्याल

# नचाइन् अञ्जु पन्तले



पाल्पा- मानिसको भीडले धुलाम्मे थियो तानसेनको टुँडिखेल । फागुनको तेस्रो साता प्रारम्भ भएको औद्योगिक व्यापार मेला एवं पर्यटन महोत्सवमा दर्शक नजुट्नाले आयोजकहरू हैरान थिए, तर अञ्जु पन्त आउने हल्लाले अचम्म भयो । कार्यक्रम सञ्चालक मञ्जु पौडेलले दर्शकलाई अञ्जु पन्त आउँदैछिन् भन्ने संकेत दिएकैले होला, टुँडिखेलको भीड पन्तलाई कुरेरै बस्यो । चार बज्न थालिसक्दा पनि पन्त नआउँदा दर्शकदीर्घाबाट अञ्जु पन्त, अञ्जु पन्त भन्ने आवाज आउन थाल्यो ।

टाढाटाढाबाट आएकाहरू फर्कन ढिलो भए पनि भन्दै थिए, यत्तिकैमा उद्घोषक मञ्जु पौडेलले अब म बिदा हुँदै अञ्जुलाई निम्त्याउँछु के भनेकी थिइन्, नाच्न थाले दर्शक । स्टेजमा हाँस्दै, हेल्लो पाल्पाली भन्दै देखा परिन् गायिक पन्त । उनका साथमा श्रीमान् मनोजराज पनि थिए । उनले ढिला नगरी गाइहालिन्– 'न बिर्सें तिमीलाई, न पाएँ तिमीलाई, बिनाअर्थ दिलमा सजाय तिमीलाई...' । कर्णप्रिय स्वरकी धनी पन्तले सबैलाई नाच्न र साथमा गीत गाउन बाध्य पारिन् ।

हात हल्लाउँदै पूरै दर्शकले गीत गाउँदा तानसेन नै गुन्जियो । प्रचार-प्रसार संयोजक मोहन श्रेष्ठले खुसी हुँदै भने, 'यति धेरै मान्छेको भीड कमै जम्मा हुन्छ तर गजबै भयो ।' २० हजारभन्दा बढी दर्शकले भरिएको टुँडिखेल पन्तको उपस्थितिले साँच्चिकै रमाइलो बन्यो । औद्योगिक व्यापार मेला एवं पर्यटन महोत्सव हेर्न आएका दर्शकहरू टेलिभिजनको पर्दामा मात्र देख्दै आएकी पन्तलाई प्रत्यक्ष देखेपछि हौसिए ।

पन्तले श्रीमान् मनोजराज शिवाकोटीका साथमा गीतका केही टुक्का पनि गाइन् । उक्त अवसरमा लोकगायिका मञ्जु पौडेल, पार्वती जीसी, गायक तिलकबम मल्ल, कमल खनाल एवं शिव ज्ञवालीले पनि दर्शकहरूलाई मनोरञ्जन प्रदान गरे ।

# विदेशी कलाकारले मनोरञ्जन दिए



सधैंजसो स्थानीय र राष्ट्रिय कलाकारको प्रस्तुतिले तात्ने तानसेनलाई अघिल्लो बुधबार भने अन्तर्राष्ट्रिय कलाकारले तताए ।

कला, संस्कृतिको विकास र विस्तारमा लागेका विश्वका ११ मुलुकका ३ सय ५० लोक-संस्कृतिकर्मीको महाकुम्भ बन्यो तानसेन । तानसेनको टुडिखेलमा सांस्कृतिक कार्यक्रम प्रस्तुत हुनुअघि तानसेनको बसपार्क, टक्सार, शीतलपाटी तथा नारायणस्थानमा पनि ऱ्यालीसहितको झलक प्रस्तुत गरियो ।

नेपालसहित बंगलादेश, भारत, फ्रान्स, स्पेन, पोल्यान्ड, नेदरल्यान्ड, स्लोभाकिया, लिथुवानिया, स्लोभेनिया, बुल्गेरियाजस्ता ११ देशले लोकसांस्कृतिक मेलामा भाग लिएका थिए । उक्त अवसरमा पाल्पाको मगर तथा नेवारी संस्कृतिसमेत प्रस्तुत गरियो ।

एभरेस्ट कल्चरल ग्रुप काठमाडौं र पाल्पा उद्योग वाणिज्य संघको संयोजनमा कलाकारको यस्तो जमघट भएको हो । सन् २०११ को पर्यटन वर्षलाई लक्षित गरेर यो मेला आयोजित गरिएको हो । नेपालमा शान्ति छ भन्ने कुरा दर्साउन पनि मेलाले सहयोग गर्नेछ, एभरेस्ट नेपाल कल्चरल ग्रुपका अध्यक्ष रामचन्द्र कोइरालाले भने ।

भारतको पञ्जाबी नृत्य, राजस्थानको किल्ला तथा सिसा नृत्यले दर्शकहरूलाई पर्याप्त मनोरञ्जन दियो । विभिन्न देशका कलाकारले आ-आफ्नो वेशभूषामा सजिएर रमाइलो गराए ।

# चैतेदसैं बाग्लुङ मेलैमा



बाग्लुङ– लोकसंस्कृति, कला, उद्योग-व्यवसाय र पर्यटनको संयोजन एकै थलोमा प्रस्तुत गर्ने उद्देश्यले बाग्लुङमा 'चैतेदसैं मेला' हुने भएको छ । बाग्लुङ उद्योग-वाणिज्य संघले आन्तरिक तथा बाहिरी पर्यटक भित्र्याएर पर्यटन वर्ष-२०११ लाई समेत प्रवर्द्धन गर्न मेला आयोजना गर्न लागेको हो । 'चैते दसैं बाग्लुङे मेलैमा' भन्ने भनाइलाई यथार्थमा उतार्न संघले मेलाको आयोजना गर्न लागेको बताइएको छ ।

मेलामा विश्वकै होचा खगेन्द्र थापाको प्रदर्शनी र सम्मान, कुशल केसीले बनाएको कारको प्रदर्शनी, दिनेश बलामीको एफएम, कृषि तथा घरेलु प्रदर्शनी एवं औद्योगिक स्टल आदि राखिनेछ । उक्त अवसरमा राष्ट्रिय स्तरको खुला पुरुष तथा महिला भलिबल प्रतियोगिता, खुला राष्ट्रिय दोहोरी गीत प्रतियोगिता, बाल उद्यान र बाग्लुङ जिल्लाकै डकुमेन्ट्रीसमेत प्रदर्शन गर्ने कार्यक्रम छ । बाग्लुङको ढोरपाटन सिकार आरक्षण, घुम्टेको लेक, गाजा दह, बाग्लुङ कालिका आदि धार्मिक एवं पर्यटकीय स्थान तथा मगर संस्कृति पनि मेलाका प्रमुख आकर्षण हुने मेलाका प्रचार संयोजक राजेशचन्द्र राजभण्डारीले बताए ।

–प्रकाश बराल


Admission Open for
Pre BRITISH GURKHAS ARMY & SINGAPORE POLICE FORCE
For 2010/2011
Lincoln Sports Pvt. Ltd.
Gongabu Tel: 01-4354576
Jawalakhel Tel: 01-5008571
Mob. 9851011166, 9841330670

के तपाई दक्ष कलाकार बन्न चाहानुहुन्छ ?
गायन, वाद्यवादन, (बाँसुरी, तबला, हार्मोनियम, गितार, किर्वोर्ड हाइलेन), उद्घोषण, अभिनय आदि विधाहरूमा दक्ष प्रशिक्षकद्वारा धमाधम कक्षा सञ्चालन भइरहेको छ ।
सम्पर्क
संगित शिला प्रतिष्ठान
चावहिल-७
फोन नं. ४४८६९३७, मो. ९८४१३११५१०

थाहै नदिई जाँड रक्सी र चुरोटको कुलत छुटाउने
यौन शक्ति उत्तेजना नहुने, शीघ्रपतन रोक्ने, लिङ्गको साइज बढाउने Herbal Product को साथम Japani Oil
३ ईन्च सम्म उचाई बढाउने Height Plus
मोटोपना घटाउने/तौल बढाउने १२ Kg सम्म
Breast बढाउने घटाउने र टाईट गर्ने
चायाँ पोतोको ग्यारेण्टी उपचार
गोरो बनाउने र जवानी देखाउन रूप अमृत
फ्रि होम डेलिभरी
तुरुन्त केश झर्न रोकी उमार्ने
Gorkha Herbal
१००% ग्यारेण्टी ०% साईडईफेक्ट
Helpline: 4282138, 9841079654
9851026391, चितवन 9845279326

ब्युटीसियन कोर्स
नि:शुल्क
- नेपाल सरकारबाट मान्यता प्राप्त ।
- उत्कृष्ट एवं व्यवसायिक कोर्स ।
- रोजगारीको ग्यारेण्टी ।
- अनुभवी एवं दक्ष प्रशिक्षकहरूद्वारा तालिम दिईने ।
- विदेश जानेहरूको लागि Special Class
कोर्स: बेसिक, एड्भान्सड, डिप्लोमा, स्पेसल, हेयर ड्रेसिङ्ग, सर्ट कोर्सेस
ब्रीड अफ ब्युटि ट्रेनिङ्ग सेन्टर
फोन नं.: ०१-६२१८३९३
९८४९१३५०६१ / ९८०८१६२९७१
चाबहिल चोक, काठमाण्डौ

फ्रि वेटर तालिम
भत्ता रु ३०००।-
साथै अन्य होटल सम्बन्धी कोर्षहरुका लागि सम्पर्क
Wisdom Hotel Training Centre
Kalimati -13, Ktm, Nepal
01622587, 01-277104
9841327603

सफलता तपाईको हातमा
कक्षा ९ र १० फेल ? पढाई छुट्यो ?
No. चिन्ता !
जि.शि.का. बाट अनुमति प्राप्त
६ वर्षको अनुभव
प्राईभेट टेष्ट/ SLC - 2067 मा भर्ना खुल्यो ।
स्मल हेभन Open Inst. (P) Ltd. लगनखेल ☎ 2120693, 9841452755
स्मल वर्ल्ड Open Inst. (P) Ltd. कोटेश्वर ☎ 4601589, 9841306634
मछिन्द्रनाथको रथ राख्ने चौबाटो बाट पूर्व
प्रहरी बिटबाट पश्चिम हिमालयन कलेजसंगै

नेपालको एक मात्र
HABIBS Hair & Beauty Academy
Announces Admission Open for :
LIMITED SEATS
Advance Hair Styling
Advance Beauty Course
For More Details Please Contact:
Kasthamandap Bazaar Building, 2nd Floor
Kamaladi, Kathmandu, Ph: 4240431

## सचित्र



हाम्री आमा साह्रै नै बाठी छिन् :
विराटनगरको एक कार्यक्रममा प्रशंसकसँग नाच्दै हास्यअभिनेता हरिवंश आचार्य



बस कुर्दै हो ? :
प्राश्ना शाक्य, सुदिप गिरी, बाबु बोगटी, यशकुमार, हेमन्त शर्मा र राजेश घतानीको रमाइलो पोज ।



पार्लरको उद्घाटन :
जोरपाटीमा सञ्चालनमा आएको पार्लरको उद्घाटन गर्दै नायकद्वय आयुष रिजाल र रेश मरहठ्ठा बीचमा नायिका रञ्जना शर्मा ।



वाह, हट पोज :
चलचित्रमा अभिनय गर्ने क्रममा नायक विराज भट्ट तथा नायिका रेखा थापा ।



ऊ गाउने, म हाँस्ने :
गायक रामकृष्ण ढकाल श्रीमती नीलमका साथ ।

# सेन्सरले बनायो जोकर



मेरीबास्सै टिम गुल्मीको तम्घास पुगेको थियो । त्यहीं उनीहरू मेरीबास्सैको ९५ औं एपिसोड हेर्न बसे । आफैंले बनाएको श्रृंखला हेर्न बसेका कलाकारहरू त्यतिबेला जिल्लिए जब श्रृंखलाको मुख्य दृश्य टेलिभिजनबाट प्रसारण भएन । 'हामीले श्रृंखलामा देखाउँदै आएको कथाको निचोड जुन दृश्यमा समेटेका थियौं' माग्नेबूढाको भूमिकामा देखिने केदार घिमिरेले भने- 'त्यही दृश्य नै काटिएछ ।' माओवादी हिंसा र द्वन्द्वको समयमा नागरिक बेपत्ता भएको र त्यसको खोजिनीति प्रभावकारी नभएको कथामा आधारित थियो श्रृंखला । गणतन्त्रपछि पनि बेपत्ता नागरिकको खोजीमा सम्बन्धित निकायले चासो नदेखाएपछि यो मार्मिक पीडालाई हास्यव्यंग्यको समिश्रणबाट मेरीबास्सैले खोतल्ने प्रयास गरेको थियो । 'मैले पीडितहरूका बारेमा अनुसन्धान गरेर कथा तयार गरेको थिएँ' हास्य चरित्रमा देखिने केदारले गम्भीर हुँदै भने- 'कतिपय परिवारको दुई जनासम्म बेपत्ता छन्, उनीहरू तिनै बेपत्ताको प्रतीक्षामा आँसु चुहाएर बसेका छन् ।'

मेरीबास्सैको उक्त कथा नागरिक बेपत्ताको खोजीनीति प्रभावकारी ढंगले गर्नुपर्ने कुरामा केन्द्रित थियो । कथाअनुसार माग्ने बूढा बेपत्ता भएपछि उनकी श्रीमती र सालो बेपत्ताको खोजिनिती गरिदिन आग्रह गर्दै मानव अधिकारवादीकहाँ जान्छन् । 'मानवअधिकार' लेखिएको साइनबोर्ड त्रुटिपूर्ण भै मानवको अगाडि अधिकारको 'अ' जोडिएको हुन्छ जसले झट्ट हेर्दा 'अमानव धिकार' लेखिएको देखिन्छ । लंगडोका रूपमा प्रस्तुत गरिएको मानवअधिकारकर्मी वैशाखीको सहाराले मात्र हिंड्न सक्छ जसले साइनबोर्डमा अगाडिको 'अ' लाई धिकारको अगाडि लगेर जोडिदिन्छ । त्यसपछि आफूहरू मानवअधिकारवादी संस्थामै आएको पक्कापक्की भएपछि मैयाँ र बान्द्रेले बेपत्ता आफन्त खोजिदिन आग्रह गर्छन् । मानवअधिकारवादीले द्रुत गतिमा बेपत्ता खोजिदिने आश्वासन दिन्छन् । 'सम्बन्धित निकायले जस्तोसुकै आश्वासन दिए पनि त्यसको कार्यन्वयन प्रभावकारी रूपमा हुन सकेको छैन भन्ने यर्थाथ उक्त दृश्यमा समेटिएको थियो' सीताराम कट्टेल 'धुर्मुस' भन्छन्- 'गणतन्त्र आइसकेपछि पनि हजारौं बेपत्ता नागरिक कहाँ छन्, कस्तो अवस्थामा छन्, मरे कि जिउँदै छन् भन्ने कुरा पीडित परिवारले थाहा पाएका छैनन् ।' यसरी राज्यको विसंगत पाटो केलाउने हुदाँ दृश्य काटिएको उनको भनाइ छ । 'कथाको सार नै ओझेलमा परेपछि हामीहरू त हास्यव्यंग्यकार होइन जोकर जस्तै भयौं'– केदार घिमिरे भन्छन् ।

यो एउटा उदाहरण मात्र हो, हास्यव्यंग्यको माध्यमबाट समाजको विसंगत पाटो खोतल्ने कलाकारहरूसँग यस्ता थुप्रै पीडादायक क्षणहरू छन् । श्रृंखलाले देखाउन खोजेको मुख्य कुरा नै सेन्सर गरिने हुदाँ आफूहरू जोकर जस्तो मात्र भएको हास्य कलाकारहरूको गुनासो छ । 'हामी जोकर मात्र होइनौं नि' तीतो सत्यका निर्देशक तथा मुख्य कलाकार दीपकराज गिरी भन्छन्- 'सेन्सरका कारण हामीलाई जोकरको भूमिका मात्र दिएजस्तो भएको छ ।'

नेपाल टेलिभिजनबाट प्रसारण हुँदै आएको मेरीबास्सैदेखि जिरेखुर्सानीसम्म, तीतोसत्यदेखि झ्याइँकुटी झ्याइँसम्मले सेन्सरको मार खेप्दै आएका छन् । 'यसरी हुने सेन्सरविरुद्ध विगतदेखि नै लडिरहेका छौं' कलाकार गिरी भन्छन्- 'तर, श्रृंखलाको मुख्य दृश्य सेन्सर हुने क्रम अझै टरेको छैन ।'

गणतन्त्रको अभ्यास भैरहेको मुलुकमा कलाकारहरूले स्वाभाविक रूपमै केही खुलापन महसुस गरेका थिए । 'हामीले वातावरण सहज हुने अपेक्षा गरेका थियौं' झ्याइँकुटी झ्याइँका निर्देशक तथा कलाकार दमन रूपाखेती भन्छन्- 'हामीले स्वतन्त्रताको उपभोग गर्न पाएका छैनौं, राज्य र समाजको कुरीति एवं कुप्रथामाथि प्रहार गर्न अझै पनि बन्देज छ, खै त गणतन्त्र आएको ?'

राज्यको नीति-नियमदेखि हरेक कुरा जान्न पाउनु सर्वसाधारण जनताको नैसर्गिक अधिकार हो केदार घिमिरे भन्छन्– गणतन्त्रको अभ्यास भैरहेको नेपालमा यस्तो परिपाटी नभएको उनको भनाइ छ । खासगरी हास्य कलाकारहरू आफूलाई राज्य एवं समाजमा व्याप्त कुरीति, कुसंस्कार र विसंगति विरुद्ध आवाज उठाउने माध्यमका रूपमा लिन्छन् । अनुहारको हाउभाउद्वारा हँसाउने मात्र होइन समाजमा सकारात्मक सन्देश दिने पनि आफ्नो ध्येय भएको उनीहरू बताउँछन् । टेलिभिजनबाट सेन्सरको मार खेप्नुपरेपछि आफ्नो भूमिकामाथि नै प्रश्न उठेको हास्यकलाकारहरूको बुझाइ छ ।

सरकार नियन्त्रित नेपाल टेलिभिजनबाट प्रसारण हुँदै आएका हास्य श्रृंखलाका मुख्य दृश्य नै सेन्सर हुने भएकाले कलाकारहरूमा असन्तोष बढेको हो । श्रृंखलाले प्रस्तुत गर्न खोजेको कुरा नै सेन्सर भएपछि श्रृंखला अर्थहीन बन्ने मात्र होइन, आफ्नो लोकप्रियता समेत घट्ने उनीहरूको तर्क छ । जिरे खुर्सानीका निर्देशक तथा कलाकार जितु नेपाल भन्छन्– 'देखाउन खोजेको कुरा नै देखाउन नपाएपछि श्रृंखला कसरी लोकप्रिय हुन्छ त ?'

कथाको मुख्य विषय नै सेन्सर हुन थालेपछि कलाकारहरू सूचना तथा सञ्चार मन्त्री शंकर पोखरेलकहाँ डेलिगेसन पनि गएका थिए । उनले कलाकारहरूलाई समाधानको बाटो देखाइदिनुको साटो झनै निरुत्साहित पार्ने जवाफ दिएर फर्काए । पोखरेलले 'तपाईंहरूले हाम्रो के पोजेटिभ कुरा देखाउनुभएको छ र सहयोग गर्ने ?' भनेर जवाफ दिएका थिए ।

नेताहरू एक-अर्काप्रति आरोप-प्रत्यारोप लगाएर बस्छन् । उनीहरू सार्वजनिक मञ्चबाटै विपक्षी नेताको कटु आलोचना गर्छन् तर त्यही कुरा कलात्मक रूपले प्रस्तुत गरिंदा सेन्सर हुने गरेको दीपकराज गिरी बताउँछन् । केही समयअघि तीतोसत्यमा प्रधानमन्त्री माधवकुमार नेपालको भारत भ्रमणको विषय प्रस्तुत गरिएको थियो । भारत भ्रमण खासै उपलब्धीपूर्ण नभएको कथामा आधारित उक्त दृश्य सेन्सरमा पर्‍यो । आपत्तिजनक नभए पनि ६ मिनेट लामो दृश्य कटाइएपछि श्रृंखला नै खल्लो भएको गिरी बताउँछन् ।

लोकतन्त्रमा जे गर्न पनि वा जे भन्न पनि नेताहरूलाई मात्र छुट भएको अनुभव गर्न थालेका छन् हास्य कलाकारहरू । 'लोकतन्त्र त नेताहरूलाई मात्र आएको हो, जनताले त्यसको अनुभूति गर्न पाएका छैनन्'- कलाकार गिरी भन्छन् ।

–शिव मुखिया



# फेसनमा विज्ञानको प्रभाव

● रोजिन शाक्य

फेसनमा विज्ञानको प्रभाव पर्नेछ। फेसन र विज्ञान कुनै समयमा एक-अर्काको पर्याय बन्नेछन्- यस विषयमा यसअघि सम्भवतः कसैले सोचेका थिएनन्। फेसनको संसार आफैमा एक अलग र अद्भुत संसार हो जहाँ रचनात्मकता, कल्पनाशीलता र सिर्जनशीलताको मिलन भएर नयाँ आयाम सिर्जना हुन्छ। प्रविधिको प्रयोग र प्रभावबाट फेसन क्षेत्र अछूतो रहला भन्ने धेरैको अनुमान थियो, तर अहिलेको युग प्रविधिबिना असम्भव बन्न पुगेको छ। जीवनको हरेक क्षण, हरेक पक्ष कुनै न कुनै रूपबाट प्रविधिसित जोडिएको छ। दिनचर्यादेखि दैनिक आवश्यकताको अधिकांश पक्ष प्रविधिमाथि निर्भर छ। यो स्थितिमा फेसन, प्रविधिबाट अछूतो र अलग रहन सक्दैन। २० औं शताब्दीमा फेसन जगतमा फोटोग्राफीको माध्यमबाट विज्ञानले प्रवेश पाएको देखिन्छ। यसबाट फेसन व्यवसाय अझ प्रभावकारी बन्न पुग्यो। यो नयाँ विकल्पको माध्यमबाट डिजनाइनरहरूले आफ्ना सिर्जनालाई ग्राहकसम्म पुऱ्याए।

आजको स्थितिमा कम्प्युटर डिजाइनिङ फेसनजगतको महत्त्वपूर्ण पक्ष बनिसकेको छ। फेसन डिजाइनिङसित सम्बन्धित अधिकांश काम कम्प्युटरमार्फत् नै हुन थालेको पाइन्छ। यिनमा स्क्रिनरमा रेखांकन, ड्इङ, स्केचिङ, प्याटर्न, मेकिङ टेक्सचर, रंग संयोजन, तस्बिर र नमुनाको स्क्यानिङ, तस्बिरको फेरदबेल, शरीरको रचनाअनुसार कपडालाई ढाल्ने कार्य आदि समावेश छ। यसबाहेक फेसन उद्योगका मुख्य कार्यहरू कम्प्युटरबाटै हुने गरेको पाइन्छ। जस्तै- प्याटर्न तयार गर्ने काम ग्रेडिङ अर्थात् प्याटर्नलाई अलग-अलग आकारमा ढाल्ने, मार्किङ, प्याटर्नअनुसार कटाइ, वस्त्र निर्माण, वस्त्रको उत्पादन, डिजाइनको चित्रण, लागत एवं बिक्रीसम्बन्धी तथ्यांक तयार गर्ने आदि।

### साइफाइ प्रेरित क्लोदिङ

फेसन डिजाइनरहरू अन्तरिक्षमा पनि फेसनको सम्भावना देख्छन्। अतः साइफाइ (साइन्स फिक्सन) प्रेरित पोसाक र स्पेस सुटहरू देखा पर्न थालेका छन्। यसको उदाहरण हलिउडका साइन्स फिक्सन चलचित्रमा देखाइने वस्त्रहरू हुन्। यी पहिरन सोलारपावर आउट फिट हुनुका साथै रंग बदल्ने र पहिरन लगाउने व्यक्तिसितको संवादका लागि पनि उपयोगी देखाइएको हुन्छ। साइबर ट्रे विड्ग्स नामक एउटा सुटमा कार्बन फाइबर र एल्युमिनियमबाट एउटा डिजाइन बनाइएको छ जसमा जाडो-गर्मीमा पावर दिने क्षमता छ। यो पोसाकका लागि ब्याट्रीलाई बाहिरबाट पावरको आवश्यकता पर्दैन। यो पोसाकमा चराको जस्तै पखेटा छ। पखेटा खोलेर ७ पटक चलाए ५ देखि १० मिनेटका लागि चार्ज पुग्छ। चार्ज भएपछि यो पोसाक चम्किन्छ अनि हिटिङ र कुलिङ दुवै गर्छ। भविष्यको यो सुट युरोपियन फेसन मेकर लुमी टप सोफियाद्वारा बनाइएको हो। आफ्नो पहिरनलाई उज्यालोबाट चम्काउन चाहनेहरूका लागि यो एउटा चमत्कार हो।

यो पहिरन रेड, ब्लु, ग्रिन, एलोजस्ता रंगमा चम्केर पहिरिने व्यक्तिलाई पार्टीमा सबैको आकर्षणको केन्द्रविन्दु साबित गर्छ। भविष्यमा फेसनमा थप वैज्ञानिक चमत्कार अनुभव गर्न पाइनेछ। पर्यावरणप्रेमी पावर जेनरेटिङ ड्रेसेसमा सोलार एनर्जीको सहारामा पावर जेनरेट गरिन्छ। भविष्यमा यी कपडाको फाइदा दुई तरिकाले उठाउन सकिनेछ। पहिलो तन ढाक्नका लागि र दोस्रो हिंड्दाहिंड्दै, पार्कमा टहल्दै, मोबाइल वा आइपोडजस्ता ग्याजेट्स चार्ज गर्नका लागि। कुनै बीच (समुद्री किनार) मा यदि मोबाइलको ब्याट्री सकिए सन बाथ लिइरहेकी सोलार बिकिनी पहिरिएकी सुन्दर युवतीसित मोबाइल चार्जका लागि अनुरोध गर्न सकिन्छ।

अमान्डा पार्कर नाम गरेका डिजाइनरले डिजाइन गरेको पोसाक लगाएर हात-खुट्टा चलाए पावर जेनेरेट गर्न सकिन्छ। प्लेजो इलेक्ट्रिक मेटेरियलबाट बनेको यो पोसाकमा कुहिना र सोल्डरको जोर्नी हल्लिएपछि निस्कने बिजुली स्टोर हुन्छ। आवश्यक परेको समयमा त्यसको प्रयोग पनि गर्न सकिन्छ।

हाइटेक फेसनको अर्को एउटा अर्को पनि फन्डा छ- सर्किट बोर्ड ड्रेसेज। यो पहिरनमा कम्प्युटरको सर्किट बोर्ड हुन्छ जसलाई सहज रूपमा पहिरेर आफ्नो पूरा डाटा त्यसमा ट्रान्सफर गर्न सकिन्छ। सर्किट बोर्ड पहिरनजस्तै अर्को पनि पहिरन छ, जसमा फ्लेक्सिबल डिस्प्ले स्क्रिनको सुविधा पाइन्छ। डिजाइनरहरूको प्रयासबाट त्यस्तो खालको पहिरन सम्भव भएको छ जसमा डिस्प्ले स्क्रिनको सुविधा पनि छ। यसलाई विज्ञापनको माध्यमका रूपमा प्रयोग गर्न सकिन्छ।

### थर्मोक्रोमेटिक क्लोदिङ

आउँदो समयमा पोसाकमा प्रयुक्त हुने धागो, कपडा लगाउने व्यक्तिको मुडअनुसार रंग परिवर्तन गर्ने खालको भए पनि आश्चर्यचकित हुनुपर्दैन। जसरी आमजीवनमा सूर्यको प्रकाशबाट प्रभावित भएर घाम र छायाँमा आफ्नो रंग क्रमशः गाहिरो र हल्का हुने लाइट सेन्सेटिभ आई ग्लासको प्रयोग अहिले प्रचलनमा छ, त्यसरी नै तिनै लाइट सेन्सेटिभ आइग्लास जस्तै त्यस्ता कपडाको विकास गर्नेतर्फ पाइला अघि बढेको बताइन्छ।


इलेक्ट्रोमेट्रिक पोलिमर नामक मेटेरियलबाट बनाइने यी कपडा प्रकाशलाई एब्जर्व गर्ने क्षमता राख्ने खालको हुन्छन्। पोलिमर र अर्गानिक केमिस्ट्रीका प्रोफेसर जोर्जी स्टोजिङका अनुसार नाइलनजस्तो पोलिमर धेरै पातलो हुन्छ तर इलेक्ट्रोक्रोमेटिक पोलिमरलाई पातलो गर्न तिनमा केमिकल रियाक्सन आवश्यक हुन्छ। स्टोजिङले सहकर्मीहरूसित मिलेर यस्ता फाइबर विकसित गरिसकेको बताइन्छ। यस्तो फाइबर नारंगीबाट नीलो र रातोबाट नीलो रंगमा बदलिन्छ। यो कामका लागि सानो खालको ब्याट्रीद्वारा इलेक्ट्रिक करेन्ट दिएर पनि कपडाको रंग बदल्न सकिन्छ। विज्ञानको सहायता लिंदै डिजाइनरहरूले यस्ता वस्त्र पनि बनाएको देखिन्छ जसले शरीरको तापमानलाई नियन्त्रित गर्न एवं जीवाणुलाई मार्न सक्छ। यिनलाई धुनु पनि पर्दैन, यिनमा सेल्फ क्लिनिङ सुविधा पनि हुन सक्छ।

### स्मार्ट इन्टरेक्टिभ ड्रेसेज

फेसन र प्रविधिको मेल हो- स्मार्ट इन्टरेक्टिभ ड्रेस। यी पहिरनमा त्यस्ता मेटेरियल प्रयोग गरिएको हुन्छ जुन आफ्नो वरपरको वातावरणका कारण मात्र नभएर, कपडा लगाउने व्यक्तिको प्रतिक्रियाबाट पनि स्वयंमा परिवर्तन ल्याउन सक्षम हुन्छ। यसलाई आर्टिकदेखि सहारा मरुभूमिसम्म लगाउन सकिन्छ। यसले क्लाइमेटिक कन्डिसनलाई पनि झेल्न सक्छ। यस्ता बायो सुट नेनोटेक्नोलजीको सहायताबाट बनाइन्छ। अनब्रेकेबल, वासेबल र स्ट्रेचेबल हुनाले यिनलाई मोटो, दुब्लो जो कोहीले पहिरिन सक्छन्।

यो विज्ञानकै चमत्कार हो जसका कारण आफ्नो पहिरन डिजाइन गर्न ग्राहकले घर बसेरै सम्पर्क गर्न सक्छ। भिडियो कन्फरेसिङको माध्यमबाट तयार गरिएका र भएका नयाँ डिजाइन हेर्न सकिन्छ। यसबाट स्केच तयार गर्ने, परिधानको डिजाइन बनाउने र त्यसको फिटिङ जस्तै सम्पूर्ण काम वेभक्यामको सहायताबाट टेलिस्क्रिनमा गर्न सकिन्छ। चाहे डिजाइनिङ होस् वा फ्याब्रिकसम्बन्धी कुरा, सजावट होस् वा प्रिन्ट मात्र बोलेर निर्णय गर्न सकिन्छ। यो प्रविधिको उपयोग गर्दै डिजाइनरहरूले एउटा सहरमा बसेर अर्को सहरको वा अन्य देशमा बसेका आफ्ना क्लाइन्टलाई सेवा-सुविधा दिन सक्छन्। यस प्रकारबाट फेसन क्षेत्रमा विज्ञानको प्रभाव बढ्दै गएको देखिन्छ। फेसनले व्यक्तिको व्यक्तित्वमा सुधार तथा प्रभावकारिता बढाएको छ नै विज्ञानको प्रभाव र प्रयोगले फेसनलाई अझ उपयोगी र सान्दर्भिक बनाएको छ।





# प्रेम र यौन एकअर्काका परिपूरक

> यदि यौनसम्पर्कका माध्यमबाटै कसैको मनमा प्रेम उब्जाउन सकिने भए कसैसित प्रेम गर्न वा कसैको प्रेम प्राप्त गर्न व्यक्तिले लामो संघर्ष, मेहनत वा प्रतीक्षा गर्न आवश्यक हुँदैनथ्यो। प्रेम तनको नभएर मनको मामिला हो, जसलाई प्राप्त गर्न, महसुस गर्न समय सीमा तय गर्न सकिँदैन। यही कारणले गर्दा कैयन् प्रेम जोडीका बीच यौन त हुन्छ, किनकि तिनको सोचाइमा प्रेम सम्बन्ध कायम राख्न यौनसम्पर्क नै आवश्यक छ। तर पनि तिनको सम्बन्ध सुमधुर र स्थिर रहँदैन। किनभने यदि यौनसम्पर्क नै प्रेम हुँदो हो त व्यक्तिले पैसा तिरेर कहीँ पनि कसैबाट पनि प्रेम प्राप्त गर्न सक्छ तर त्यस्तो सम्भव छैन। यौनसम्पर्क छ तर प्रेम छैन भने प्रेमको आकर्षणसमेत रित्तिँदै जाने सम्भावना हुन्छ।

● रोजिन शाक्य

भनिन्छ, जहाँ आगो हुन्छ त्यहाँ उज्यालो पनि हुन्छ, जहाँ फूल हुन्छ त्यहाँ सुगन्ध पनि हुन्छ। दुवै एक-अर्काका हिस्सा हुन्, जसमा सम्भावनाहरू लुकेका हुन्छन्। यसरी नै जहाँ प्रेम हुन्छ त्यहाँ यौनको सम्भावना पनि हुन्छ। सत्य त यही हो कि यौनको मात्र सम्भावना नभएर प्रेमको कुनै मोडमा वा धरातलमा प्रेम यौनकै रूपमा व्यक्त हुन्छ र यदि यही यौन मात्र वासनाको पूर्तिका लागि गरिन्छ भने त्यहाँ प्रेम व्यक्त हुँदैन र यदि यौनले वासनाको रूप लिएको छैन भने त्यसले प्रेमलाई अझ प्रगाढ बनाउँछ। यौन प्रेमको चरम रूप हो भने प्रेम यौनको सुगन्ध। दुवै एक-अर्काको विपरीत भएर पनि एक-अर्काका पूरक हुन्। यौन शरीरको आवश्यकता हो भने प्रेम मनको आवश्यकता, तर यदि दुवै कुरा सही र सन्तुलित रूपमा बिना कुनै स्वार्थ, वासनाबिना क्रियाशील हुन्छन् भने त्यसले आत्मालाई तृप्त बनाउँछ। प्रश्न उठ्छ, के यौनबिना प्रेम अधुरो छ ? वा प्रेमबिना यौन सम्भव छ ? दुवै आवश्यक छन्, महिला-पुरुषको शारीरिक ढाँचा वा मनोविज्ञान दुवैले यही कुरा दर्साउँछ कि एक-अर्काको मिलनबाट नै भावना एवं सम्बन्धले पूर्णता प्राप्त गर्छ।

मनोवैज्ञानिक अनुसन्धानअनुसार महिलाहरू मानसिक एवं भावनात्मक लोकमा जिउँछन्, तर पुरुष शारीरिक एवं वैज्ञानिक आधारमा जिउँछन्। महिलाका लागि उनको कल्पना आधार हुन्छ भने पुरुषका लागि उसको मेहनत र क्रियाकलाप। महिलाको स्वभाव दिने र बाँड्ने हुन्छ भने पुरुषको स्वभाव प्राप्त गर्ने र त्यसमाथि रजाइँ गर्ने हुन्छ। यस्तै कारणले गर्दा महिला-पुरुष एक-अर्काका विपरीत हुन् र तिनको आवश्यकता, प्राथमिकता, इच्छा आदि पनि फरक छन्। तथापि दुवैमा एक-अर्काप्रति प्रेम, आकर्षण र वासना हुन्छ। यही कुराले विपरीत भएर पनि उनीहरू एक-अर्काप्रति आकर्षित हुन्छन्। प्रकृतिले महिलालाई दिएको कुरा पुरुषसित छैन र पुरुषसित भएको कुरा महिलासित छैन, अतः यी दुईबीचको आकर्षण प्राकृतिक रूपमा पनि स्वाभाविक छ। त्यसैले दुईबीच मिलन हुन्छ, आपसी मिलनबाट एक-अर्काको अधुरोपन पूरा गरी पूर्णता र तृप्ति हासिल हुन्छ। यो मिलन वा मिलनको कल्पना मात्रले पनि महिला-पुरुष दुवै रोमाञ्चित हुन्छन्, व्यक्ति प्रेमले भरिन पुग्छ। अतः यौनको आनन्द प्राप्त गर्न र प्रेम अनुभव गर्न महिला-पुरुष आ-आफ्नो तरिका अँगाल्छन्।

महिला-पुरुषको मनोविज्ञानलाई मध्यनजर गरेर कुरा गर्ने हो भने पुरुष यौनका लागि प्रेम गर्छ भने महिला प्रेम प्राप्त गर्न यौनका लागि स्वीकृति दिन्छिन्। दुवैसित एक-अर्कालाई पूर्णता प्रदान गर्न बहाना र माध्यम उपलब्ध छन। पुरुष प्रेम दर्साएर आफ्नो भागको यौनसुख हासिल गर्छ भने महिला यौनसुख अनुभव गरेर वा यौनलाई स्वीकार गरेर आफ्नो भागको प्रेम प्राप्त गर्छिन्। वास्तवमा यो प्रेम र यौनको आदान-प्रदानबाट महिला-पुरुष दुवैमा एक गहन तृप्ति जन्मन्छ, जसले प्रेमलाई अझ प्रगाढ र गहिराइमा लान्छ। प्रेम र यौन एक-अर्काका पूरक हुन्। अन्य अर्थमा हेर्ने हो भने पनि यौन प्रेमकै एक मजबुत पक्ष हो, जसका माध्यमबाट प्रेमीले आफ्ना भावनालाई यौनका माध्यमबाट अभिव्यक्त गर्छ वा गर्न सक्छ।

यौनको अर्थ सम्भोग मात्र नभएर शारीरिक क्रिया र इसारासित पनि सम्बद्ध छ, जसका माध्यमबाट व्यक्तिले आफ्नो प्रेम दर्साउँछ। जुन कुरालाई शब्दमा व्यक्त गर्न सकिँदैन, त्यसलाई शारीरिक क्रियाका माध्यमबाट व्यक्त गर्न यौनले अवसर प्रदान गर्छ। मनको सम्बन्धबिना तनको सम्बन्धको कुनै अर्थ हुँदैन, तर यदि आपसमा मानसिक सम्बन्ध राम्रो छ भने साथीको स्पर्श, चुम्बन, आलिंगन आदि आनन्ददायक अनुभव हुन्छ। आपसमा प्रेम छ भने त्यसलाई व्यक्त गर्न व्यक्तिले यी कुरालाई माध्यम बनाउँछ वा यी कुराले प्रेम सम्बन्धमा थाहै नपाई स्थान बनाउँछ।

प्रश्न उठ्छ, प्रेम भएर पनि यौन हुँदैन वा नहुने सम्भावना रहन्छ र ? आत्माको धरातलमा यसो हुनसक्छ, तर साधारण भौतिक वा सांसारिक धरातलमा यस्तो सम्भव छैन। महिला-पुरुषबीच स्वाभाविक आकर्षण हुन्छ, आकर्षण छ भने इच्छा हुन्छ र इच्छाले तृप्तिको बाटो खोज्छ, तर व्यक्तिले आफ्नो तृप्तिका लागि रोज्ने बाटो फरक हुने कुरा बेग्लै हो। किनभने बिना प्रेम यौनसम्पर्क गर्नु एक प्रकारको बलात्कार हो, तर जो आफ्नो प्रेमीसित यौनसम्पर्क गर्दैन वा गर्न सक्षम हुँदैन, उसले आफ्नो शारीरिक तृप्तिका लागि अन्य माध्यम रोज्छ। तन र मनले उसलाई आफ्नो इच्छा पूरा गर्न प्रेरित गर्छ। यसै कारणले जुन सम्बन्धमा आपसी प्रेम भएर पनि शारीरिक सम्बन्ध ठीक ढंगबाट स्थापित हुन सकेको हुँदैन, तिनका बीच अप्रत्यक्ष रूपमा एक-अर्काप्रति गुनासो रहन्छ। ढिलोचाँडो यो उनीहरूको व्यवहारमा पनि देखापर्छ र सम्बन्ध बिग्रने स्थितिसम्म पुग्ने सम्भावना हुन्छ। कैयन्का लागि प्रेमको अर्थ नै यौन हुन्छ, अतः उनीहरू यौनका लागि आफ्नो साथीबाट सन्तुष्ट भएर पनि बाहिर विकल्प खोज्छन् र यौनका नाममा प्रेम गर्छन्।

यदि यौनसम्पर्कका माध्यमबाटै कसैको मनमा प्रेम उब्जाउन सकिने भए कसैसित प्रेम गर्न वा कसैको प्रेम प्राप्त गर्न व्यक्तिले लामो संघर्ष, मेहनत वा प्रतीक्षा गर्न आवश्यक हुँदैनथ्यो। प्रेम तनको नभएर मनको मामिला हो, जसलाई प्राप्त गर्न, महसुस गर्न समय सीमा तय गर्न सकिँदैन। यही कारणले गर्दा कैयन् प्रेम जोडीका बीच यौन त हुन्छ, किनकि तिनको सोचाइमा प्रेम सम्बन्ध कायम राख्न यौनसम्पर्क नै आवश्यक छ। तर पनि तिनको सम्बन्ध सुमधुर र स्थिर रहँदैन। किनभने यदि यौनसम्पर्क नै प्रेम हुँदो हो त व्यक्तिले पैसा तिरेर कहीँ पनि कसैबाट पनि प्रेम प्राप्त गर्न सक्छ तर त्यस्तो सम्भव छैन। यौनसम्पर्क छ तर प्रेम छैन भने प्रेमको आकर्षणसमेत रित्तिँदै जाने सम्भावना हुन्छ।

यौनबिना प्रेम सम्भव छैन र प्रेमबिनाको यौन पनि सार्थक होइन। दुवै कुराको अतिले आपसी सम्बन्धलाई खराब गर्छ भने दुवैको कमीले पनि सम्बन्धमा तित्तता सिर्जना गर्छ। यौनसम्पर्क र प्रेम दुवै आवश्यक छ र त्यसको सन्तुलन पनि। प्रेमबिनाको यौनसम्पर्क मात्र शारीरिक क्रिया हो भने यौनसम्पर्कबिनाको प्रेम अधुरोपन। यी दुवै कुराको आवश्यकता कहिले, कहाँ र कति हुन्छ वा चाहिन्छ भन्ने कुराको निर्क्योल व्यक्ति स्वयंले गर्नुपर्ने हुन्छ। यसले सम्बन्धविच्छेद हुन पाउँदैन, मधुरता कायम रहन्छ।

उमेरका आधारमा यस विषयमा प्रकाश पार्ने हो भने यौनप्रतिको सोच र प्रेमको आवश्यकता, दुवैको परिभाषा परिवर्तित हुन्छ। विभिन्न शोधअनुसार १५ देखि २० वर्षको आयुमा प्रवेश गरेकाहरूका लागि यौन प्राथमिकता हो र प्रेम त्यसपछिको कुरा। २० देखि २७ वर्षकाहरूका लागि प्रेम-यौन दुवै सँगसँगै हो। २७ देखि ३५ वर्ष आयु भएकाहरू लागि पहिले प्रेम र त्यसपछि यौनसम्पर्क। ३५ देखि ४५ काहरूका लागि प्रेम प्राथमिकता र आवश्यकता हो, जुन मन-मस्तिष्कमा हाबी हुँदैन। ४५ देखि ५५ वर्षकाहरूलाई आपसी प्रेम नै सबथोक हुन्छ, तर व्यक्तिले आफ्नो जीवनकालमा प्रेम र यौन दुवैलाई आवश्यक तत्त्वका रुपमा महसुस गर्छ। यो अलग कुरा हो कि यसप्रति उसको सोच र आवश्यकता, उमेर, वातावरण, संगत र परिस्थितिअनुसार परिवर्तित हुँदै जान्छ। युवावस्थामा व्यक्ति यौनी कुरा गर्न, सुन्न, हेर्न रुचाउँछ, बुढेसकालमा भने प्रेम-मायाका आपसी सौहार्दप्रति रुचिकर बन्छ। दुवै स्थिति सही हो र स्वाभाविक पनि, जसबाट हरेक व्यक्ति गुज्रन्छ।

हामी हाम्रो वरपर प्रेमका सम्बन्धमा वकालत गर्ने व्यक्तिहरू पनि भेट्छौं भने कतिपय यौनका भोका व्यक्ति पनि भेट्छौं, अर्थात् केही व्यक्ति त्यस्ता हुन्छन् जो आफूलाई प्रेमसित मात्र मतलब भएको बताउँछन्। तिनलाई मात्र प्रेमसित सरोकार छ, यौनसित तिनलाई केही लिनु-दिनु छैन। कैयन् भने प्रेमप्रति भरोसा गर्दैनन्। तिनका अनुसार प्रेम बेकार कुरा हो, यौनमा नै वास्तविक आनन्द छ। प्रेम झन्झट हो, त्यसले बाँध्छ। यी दुवै सोच असत्य हुन्। विशेषज्ञहरूका अनुसार यौन व्यक्तिको अतिरिक्त ऊर्जाको अभिव्यक्ति हो। यदि व्यक्तिले कहिल्यै यौनसम्पर्क गर्दैन भने ऊभित्र कैयन् विकार उत्पन्न हुनसक्छ। यदि व्यक्ति शारीरिक अर्थात् हार्मोनल एवं मानसिक रूपबाट स्वस्थ छ भने उसलाई यौनसम्पर्कको आवश्यकता पर्छ। शरीरभित्रको ऊर्जाले बाहिर निस्कने मार्ग खोज्छ जुन यौनबाटै सम्भव छ। यौनसम्पर्कको इच्छा नभए त्यसलाई अस्वस्थताको संकेत मान्नुपर्छ। त्यसैले यदि कसैले उसलाई प्रेम मात्र पर्याप्त छ र यौन चाहिँदैन भन्छ भने उसले झूटो बोलेको मान्नुपर्छ। यदि कोही आफूलाई प्रेममाथि भरोसा नभएको र मात्र यौनमा विश्वास भएको बताउँछ भने पनि उसले झूटो बोलेको मान्नुपर्छ, किनभने यौन यदि शरीरको भोक हो भने प्रेम मनको र व्यक्ति आफ्नो मनको भोकबिना पनि रहन सक्दैन, तर प्रेममा धोका पाएको व्यक्तिले प्रेमसित भरोसा राख्दैन भने यो फरक कुरा हो तर पनि व्यक्तिले यौनसम्बन्ध राख्ने व्यक्तिसितको आफ्नो सम्बन्धमा कहीँ न कतै भावनात्मक लगाव राखेको हुन्छ। चाहे त्यो क्षणिक नै किन नहोस्। यौनलाई सबै कुरा मान्ने व्यक्तिले पनि आफूलाई बुझ्ने, स्वीकार गर्ने र प्रेम गर्ने व्यक्तिको चाहना राख्छ। उसले पनि यो कुरा बुझेको हुन्छ कि यौनले क्षणभरको आराम दिन्छ तर आत्मसन्तुष्टि दिँदैन।

प्रेम र यौन एक-अर्काका पूरक हुन्, तर हाम्रो समाजमा प्रेमलाई पवित्रता र यौनलाई हीनताको दृष्टिबाट हेरिन्छ। अतः प्रेम र यौनलाई एक-अर्काको पूरकका रूपमा स्वीकारिँदैन। सत्य त यही हो कि प्रेममा खुलापन भए त्यहाँ यौनलाई पनि पवित्र नजरबाट स्वीकार गर्ने भाव पैदा हुन्छ। प्रेमका गहिरा क्षणहरूमा यौन स्वतः नै अभिव्यक्त हुन्छ। जबसम्म व्यक्तिले यौनलाई घृणाको भावले हेर्छ तबसम्म प्रेम र प्रेमीलाई समाजले हात खोलेर स्वागत गर्दैन। जसले प्रेम गरेको छ, जसले यौन अनुभव सँगालेको छ, तिनीहरू सबैले बुझेका हुन्छन्– प्रेम र यौन दुवै आवश्यक छ र एक-अर्काका पूरक पनि हुन्।

## ● तालुमा आलु ●



प्रकाश ओझा

बगैचामा प्रेमी-प्रेमिका

प्रेमिका : रोहन, के तिमी विवाहपछि पनि मलाई यत्तिकै माया गर्छौ ?

प्रेमी : गर्छु नि, मलाई बिहे गरेकी युवती पहिलेदेखि नै मन पर्छन्।

०००

एउटा लामखुट्टे र कमिला एक-अर्कालाई खुब प्रेम गर्थे। यो कुरा कमिलाको बाबुले चाल पाएछ। त्यसैले उसले कमिलाको विवाह हात्तीसँग गरिदिएछ। एक वर्षपछि हात्ती र कमिला बजार गए। बजारमा कमिलाको भेट पूर्वप्रेमी लामखुट्टेसँग भएछ। हात्ती एकातिर गएको मौका पारी लामखुट्टेले कमिलासँग आफूसित भाग्ने प्रस्ताव राख्यो। कमिलाले भनी : नाइँ, अब म तिमीसँग जान्न। मेरो पेटमा हात्तीको बच्चा छ।

०००

एउटा मानिसले आफ्नी प्रेमिकालाई ओठमै किस गरिदिएछ।

केटी : तिमीले मलाई विवाहअघि नै किस गरेको......?

केटा : म त विवाहित नै हो नि प्रिये।

०००

प्रेमी : तिमीलाई फोन कसरी गरूँ त म ?

प्रेमिका : किन नि ?

प्रेमी : तिम्रो बुबाले फोन उठाए भने ?

प्रेमिका : डराउनु पर्दैन। मेरो बुबाले फोन उठाउनुभयो भने योगेश बोलेको भन, उहाँले बोलाइदिनुहुन्छ।

प्रेमी : योगेश, ऊ को नि ?

प्रेमिका : ऊ मेरो हुनेवाला श्रीमान् हो। त्यसैले बुबाले सजिलै फोन दिनुहुन्छ।

०००

एकपटक खप्परध्वज जंगलको बाटो भएर सहर जाँदै थियो। बीच बाटोमा पुगेपछि उसको गाडी अघिल्तिर एक्कासि एउटा बन्दुकसहितको मानिस आएर गाडी रोक्ने आदेश दियो।

बन्दुके : हेन्ड्स-अप, महिलामाथि हातपात गरेको छस् कि छैनस् ?

खप्परध्वज : छैन हजुर।

बन्दुके : गिद्ध दृष्टि लगाएको छस् कि छैनस् ?

खप्परध्वज : छैन हजुर।

बन्दुके : मौका पर्दा चौका हानेको छस् कि छैनस् ?

खप्परध्वज: छैन हजुर, म प्राकृतिक रूपमै नपुंसक हुँ।

बन्दुके : एक्लै-दुक्लै भेट्दा पुंसक हुन्छस् कि ?

खप्परध्वज : हुन्न हजुर हुन्न। टेस्ट गरी हेर्नुस्, नभए गोली ठोके हुन्छ।

बन्दुके : त्यसो भए मेरी प्रेमिकालाई पर सहरसम्म लिफ्ट देउ न यार।

## ● कविता ●

### समयको मान्छे



जाग्ने भए जाग साथी, माटो बोल्दैन क्यारे
आफूभित्रै उठ तिमी, अरू उठ्दैनन् क्यारे
मर्न यहाँ निश्चित छ, सक्छौ भने बाँच सधैं
काँडा यहाँ सधैंभरि, सक्छौ भने हाँस सधैं
अभावको कारागारमा बन्द हुनु रहर होइन
संसार सबै तिम्रै नै हो असम्भव केही छैन
सोंचभित्र ओज पसी चिन्तन हुन्छ गहिरो त्यहाँ
कम्पन सबल्बलाउनुपर्छ पाइला तिम्रो जान्छ जहाँ
हिंजो भोलि आज नै हो सास छोड्न आज नै छ
भीडबाट अघि लम्क, संसार फेर्नु आज नै छ
बाटा यहाँ धेरै नै छन्, अन्तर्मनको यात्रा गर
समयको मान्छे तिमी, समयलाई आफ्नो गर।

**कोपिला परियार**

### राम्रो हुन्न

खाली सिसी बोतलझैं फ्याँकिनु राम्रो हुन्न
हरघडी वैमनस्यतामै अल्झिनु राम्रो हुन्न
पल्टाउनेले पल्टाउन खोज्यो भन्दैमा
जता पल्टायो त्यतै पल्टिनु राम्रो हुन्न
आफै खाऊँ आफै लाऊँ भन्ने अभिप्रायले
खातिर स्वार्थसिद्धमै मोडिनु राम्रो हुन्न
गर्नु नै छ भने परहित भलो होस् नत्र
घमण्ड अहङ्कारले निचोरिनु राम्रो हुन्न।

**उदीर्ण के.सी.**

### ओइलाएको फूलजस्तो

कस्तो माया तिम्रो ओइलाएको फूल जस्तो
हजार जना तारे पनि म हिँड्दा चुँड्ने पुल जस्तो
सबैसँग ठीकठाक पार्ने तिम्रो बानी रैछ
जे सोंचे नि तिम्रो माया साउनको मूल जस्तो
संसारमा जसले पनि राम्री छु त भन्छ
आहा हेर कति राम्री बकुल्लाको हँलजस्तो
नङ मासुको सम्बन्ध छ ढाँटी-ढाँटी भने पनि
कति चोखी रैछ ऊ त कौरवको कुल जस्तो
कस्तो माया तिम्रो ओइलाएको फूल जस्तो
आहा हरे कति राम्री बकुल्लाको हँल जस्तो।

**टीकाराम अर्याल**

### टाउको दुखाउने काम गऱ्यौ

नदुखेको टाउको दुखाउने काम गऱ्यौ तिम्ले
अपराधलाई ढाकछोप गरी लुकाउने काम गऱ्यौ तिम्ले
कति सहनु मैले सहनुको पनि हद हुन्छ
कराउँदा कराउँदा घोक्रो सुकाउने काम गऱ्यौ तिम्ले
अर्ती दिँदा अर्ती लिने मान्छे कहाँ हौ र तिमी
थुक्क पाजी भनी थुकाउने काम गऱ्यौ तिम्ले
के गऱ्यौ, के गरेनौ यो राजुलाई था'छ सबै
अर्काको किलाको गाई फुकाउने काम गऱ्यौ तिम्ले।

**राजु खड्का**

### चोटहरू

बोल्न खोज्थें मनका कुरा, चलेनन् यी ओंठहरू
गल्ती मेरै थियो क्यारे पाएँ धेरै चोटहरू
सोच्थें म वरिपरि छैन कुनै निराशा
उराठलाग्दो दिन आयो सुक्न थाले बोटहरू
भन्थें सधैं मनभन्दा छैन ठूला चीजहरू
तर सबको नजरले ताक्दा रहेछन् नोटहरू
चुन्छु भन्थें बाटो राम्रो यात्रा सफल बनाउन
तर बैरी अगाडि गई खडा गरेछन् मोडहरू
साथीसँगी धेरै थिए भन्थे तिमी सफल हुनु
तर मलाई के थाहा तिनका मनमा रहेछन् खोटहरू
गल्ती मेरै थियो क्यारे पाएँ धेरै चोटहरू।

**विश्वास वाइवा**

## ● लघुकथा ●



### कालो चस्मा

पशुपति परिसरमा एउटा मानिस मागिरहेको थियो। 'अन्धोमाथि दया गर्नोस् हजुर ! भगवानको यो पवित्र धाममा पुण्य मिल्छ हजुरलाई।'

बटुवाहरू उसको करुण आर्तनादमा पग्लिएर केही सिक्का खसाल्दै हिँड्थे भने कोहीचाहिँ महानगरको यो दैनिकीलाई बेवास्ता गरी हिँडिरहेका थिए। केहीबेर अलि सुनसान भएको मौका पारी एउटा गूजडी अन्धो भए ठाउँ आयो र एक मोहर खिन्द्रिङ्ग झारेर त्यहाँ भएको (कुनै दयालु दानवीरले दिएको) २० रुपैयाँको नोट बिस्तारै तान्यो। अन्धोले ट्याप्प उसको हात समातेर सुस्तरी भन्यो, 'के हो यार ? बरु आउन तिमी पनि, पार्टनरसिपमा गरौं।' अवाक गँजडी अन्धोको कालो चस्माभित्र हेरेको हेऱ्यै भयो।

**दुर्गा वनवासी**

# मकवानपुरमा मेला र महोत्सवको रौनक

**शिवकुमार काशी**

मकवानपुर- सहर-बजारमा केन्द्रित हुने महोत्सव र मेलाहरू अब ग्रामीण क्षेत्रमा विस्तार हुँदै गएका छन्। मकवानपुरका विभिन्न पाँचवटा ग्रामीण क्षेत्रमा महोत्सव आयोजनाको तयारी हुँदै जाँदा गाउँमा रौनक सुरु भएको छ। सरकारले सन २०११ लाई पर्यटन वर्षका रूपमा मनाउने निर्णय गरेपछि मकवानपुरमा पर्यटकीय प्रवर्द्धनका लागि विभिन्न क्षेत्रमा छुट्टाछुट्टै महोत्सव गर्न लागिएको छ। यसै वर्ष हेटौँडामा तीनवटा भव्य मेला मध्यमाञ्चलस्तरीय औद्योगिक व्यापार मेला, क्यान इन्फोटेक तथा राप्तीरोड सडक महोत्सव सम्पन्न भैसकेका छन्।

**दामन-कुलेखानी महोत्सव**

नगरका रूपमा विकास भैरहेको मकवानपुरको उत्तरीक्षेत्रमा आगामी वैशाखमा दामन-कुलेखानी महोत्सव हुँदैछ। उक्त क्षेत्रको पर्यटन, कृषि, परम्परा एवं रीतिरिवाजका सम्बन्धमा प्रचार-प्रसार गर्न महोत्सव आयोजना गरिएको संयोजक रामप्रसाद ढकालले बताए। पर्यापर्यटन, कृषि उत्पादन, जडिबुटी र आर्थिक क्रियाशीलता बढाउने उद्देश्यले दामनमा पहिलो पटक हुन लागेको महोत्सवमा १ लाख अवलोकनकर्ता भित्र्याउने लक्ष्य छ। महोत्सव आगामी वैशाख २३ गतेदेखि ५ दिनसम्म चल्ने



प्रचारप्रसार उपसमिति संयोजक शम्भुसिंह कार्कीले बताए।

**युद्ध अन्त्यपछि फापरबारी**

मकवानपुरमा शशस्त्र द्वन्द्वको उद्गम मानिने पूर्वी क्षेत्रमा रहेको फापरबारीमा भने डेढ दशकपछि पुनः मेला हुँदैछ। परापूर्वकालदेखि नै चलिआएको मेला सशस्त्र द्वन्द्वका कारण रोकिएको थियो। सशस्त्र द्वन्द्वका बेला फापरबारीको झुरझुरेमा माओवादी र सेनाबीच भएको भीडन्तमा ठूलो मानवीय तथा भौतिक क्षति भएको थियो।

चैत ९ गतेदेखि १२ गतेसम्म महोत्सव सञ्चालन हुनेछ। सामाजिक, सांस्कृतिक विकास र फापरबारीका स्थानीय किसानहरूले उत्पादन गरेका कृषि सामग्रीहरूको प्रदर्शन महोत्सवको विशेषता रहनेछ। त्यसैगरी शान्ति-सुरक्षाका हिसाबले पनि फापरबारी कुनै समस्या छैन भन्ने सन्देशका लागि पनि महोत्सव आयोजना गरी आन्तरिक पर्यटक तान्ने प्रयास गरिएको प्रचार संयोजक शंकर पराजुलीले बताए। सदरमुकाम हेटौंडाबाट ४५ किलोमिटर पूर्वमा रहेको फापरबारी बजार पूर्वीक्षेत्रको प्रमुख बजार हो। महोत्सवमा मकवानपुर आसपासका २० जिल्लाका एकलाख दर्शकले अवलोकन गर्ने र १ करोडको व्यापार गर्ने अपेक्षा गरिएको छ।

**खैराङमा ग्रामीण पर्यटन महोत्सव**

पूर्व-पश्चिम महेन्द्र राजमार्गबाट लगातार ८ देखि १० घण्टा हिँडेर पुगिने मकवानपुरको विकट खैराङ गाविसमा पनि ग्रामीण पर्यटन महोत्सव हुँदैछ। पर्यटन वर्ष २०११ लाई सफल तुल्याउन आगामी चैत ३१ गतेदेखि वैशाख २ गतेसम्म खैराङ-९ भिम्बुङमा मेला हुन लागेको हो। मेलामा मकवानपुर, चितवन तथा धादिङका १५ हजार पर्यटक गाउँ भित्र्याउने लक्ष्य राखिएको छ। खैराङमा पाँच वर्षदेखि नयाँ वर्षको अवसर पारेर स्थानीय लेकाली युवा क्लबले सांस्कृतिक कार्यक्रम गर्दै आएको छ।

**डाँडाखर्कमा वैकुण्ठ महोत्सव**

जिल्लाकै सबैभन्दा विकट मानिने डाँडाखर्क गाविसको वैकुण्ठमा वैकुण्ठ महोत्सव हुँदैछ। स्थानीय गुरुङ जातिको



सांस्कृतिक चिनारीका रूपमा रहेको घाटुनाचका लागि लोकप्रिय मानिएको वैकुण्ठ महोत्सवमा सांस्कृतिक एवं कृषि प्रवर्द्धन गरिने आयोजक लालीगुराँस युवा क्लबका अध्यक्ष तथा महोत्सव आयोजक समितिका संयोजक राजेन्द्र घिसिङले बताए। महोत्सव आगामी वर्षको जेठ १०, ११ र १२ गते वैकुण्ठमा हुनेछ। त्रिभुवन राजपथको पालुङबाट डाँडाबास हुँदै वैकुण्ठ पुग्न लगातार १० घण्टा हिँड्नुपर्छ, तर यसपटक महोत्सवलाई मध्यनजर गरी वैकुण्ठसम्म नै मोटर पुऱ्याउने लक्ष्यका साथ ग्रामीण सडक निर्माण भैरहेको सडक उपभोक्ता समितिका अध्यक्ष बेलबहादुर मोक्तानले बताए। मेलामा ५० हजार पर्यटक भित्र्याउने लक्ष्य छ।

**धार्मिक गन्तव्य बनाउन पाथिभरा महोत्सव**

नगरक्षेत्रमै भए पनि चर्चामा आउन नसकेका कारण हेटौँडा- १ मा पाथीभरा महोत्सव हुँदैछ। महोत्सव चैत १० र ११ गते हुनेछ। विश्व शान्ति र राष्ट्रकल्याणका साथै नेपालीमात्रको सुख, शान्ति, संवृद्धिको कामनासहित महोत्सव आयोजना गर्न लागिएको हो। महोत्सवले धार्मिक गन्तव्यका रूपमा हेटौँडा क्षेत्रको विकासका लागि सघाउ पुग्ने अपेक्षा गरिएको छ। धार्मिक विषयसँग सम्बन्धित भ्रम तथा अज्ञानता हटाउन पाथिभरा महोत्सव लाभकारी हुने मूल आयोजक समितिका संयोजक शंकर सिलवालले बताए।

## ● सन्देश ●

भेटेको बेला एक वचन मीठो बोली र मुसुक्क हाँसो बाहेक अरू के नै दिन सक्छु र साथी, मजस्तो दुःखीको तर्फबाट ?

**अविनाश**

प्रिन्सेस, मुस्कानपुछि अधरको बटुवा जहाँ बसेको हुन्छ, आँसुको खोला बगेर धर्तीमा जहाँ खसेको हुन्छ, त्यो उदास मनको चौतारीले तिमीलाई नै सम्झिरहेको हुन्छु । त्यो एक्लो वरको छहारीले तिमीलाई नै सधैं ढाकेको हुन्छ ।

**अशोक कुमार**

मेरा आफन्त, इष्टमित्र, विशेषगरी इनरुवाका साथीभाइमा मीठो सम्झना ।

**विनोद खतिवडा**

लीला, तिम्रो जीवनमा नयाँ जोस एवं उमंग छाओस्, अनि तिमीले चालेका पाइलाहरूले सफलताको शिखर चुमुन् ।

**नारायण**

जमुना, तिम्रो जीवनमा नयाँ जोस एवं उमंग छाओस्, तिमीले चालेका पाइलाहरूले सफलताको शिखर चुमुन् ।

**ज्ञान**

साथीहरू ईश्वर, सिर्जना, सुनिता, विनीता, अनिता, शिला, सर्मिला, जुनु, दुर्गा, स्वयतम, रुथ, निमा, चन्द्र, कृष्णद्वय, राजकुमार, सन्तोष, उपेन्द्र, सञ्जीव, लक्ष्मी आदि सबैलाई धेरै-धेरै शुभकामना ।

**सपना गुरुङ**

एम.बी, धेरै माया अनि अविरल सम्झना । किन रिसाउनुभएको ? यो ठूलो दुनियाँमा दुई आत्माको सानो दायरामा केही गल्ती हुन्छन्, निरर्थक वा फोहोर सम्झेर पर फ्याँकिदिनुपर्छ ।

**एस**

प्रेम आँखाले होइन हृदयले देख्छ, त्यसैले प्रेम यात्राको गोरेटो एउटै भए पनि न त कहिल्यै भेट हुन सक्यो, मनको स्मृतिलभरि छापिएको तिम्रो तस्बिर नत निष्ठुरी भएर मेट्न सकियो, आफ्नै कहानी भयो अतीत त न वर्तमान भनी स्वीकार गर्न सकियो ।

**आशिष**

मुना, साँचो प्रेम कहिल्यै हार्दैन, तिमीलाई कस्तो लाग्छ ? म सदा-सदा तिम्रै प्रेमको प्रतीक्षामा रहनेछु, केवल तिम्रो प्रेम..., मलाई लाग्छ सबै कुरा सक्सेस हुन्छ यदि आँट र संघर्ष गरियो भने ।

**नवीन**

निर्मललाई जन्मदिनको हार्दिक शुभकामना । जीवनमा चालेका हरेक कदममा सफलता, दीर्घायु एवं सुस्वास्थ्यको कामना गर्दछौं ।

**स्मार्ट ग्रुप अफ पाटनका साथीहरू**



**सूचना**

**नयाँ वर्ष २०६७ का अवसरमा आफ्ना इष्टमित्रहरूलाई शुभकामना सन्देश पठाउन चाहने महानुभावहरूले आफ्नो सन्देश साप्ताहिकको कार्यालयमा चैत २१ गतेसम्म आइपुग्ने गरी पठाउनुहुन अनुरोध गरिन्छ ।**

**(सन्देश कुपन अनिवार्य)**

**सम्पादक**

## यो कस्तो मोड

घटना २०६५ साल साउनतिरको हो । गाउँमा लाखबत्तीको कार्यक्रम थियो, म पनि त्यो कार्यक्रममा उपस्थित थिएँ । अनायास यी आँखाको कुनै दुई अपरिचित आँखामाथि नजर पर्‍यो । धेरै बेरसम्म यी आँखाहरू टोलाइरहे र ती आँखालाई चिन्ने प्रयास गरिरहें । म झसंग भएँ र पुनः उनलाई हेर्दा उनी लाजले रातो बनेकी थिइन् । कार्यक्रमपश्चात् साथीहरूमार्फत् मैले उनलाई एकान्तमा भेट्ने मौका पाएँ । हामी दुवै नजिकै बस्यौं र परिचय गर्‍यौं । केही समयपछि पुनः भेट्ने वाचाका साथ हामी छुट्टियौं । उनीसँगको छोटो क्षण सम्झँदा मनभरि मायाका भावहरू अनौठो रूपमा बहिरहे ।

भोलिपल्टको दिनभर उनकै कल्पनामा डुबिरहें । साँझ ७ बजे हाम्रो भेट्ने योजना थियो । बेलुकी म उनीसँग भेट्न गन्तव्यमा पुगें । हामी सँगै बस्यौं अनि लामो समय कुराकानी गर्‍यौं ।

समय आफ्नै बेगमा चलिरह्यो, अनि मैले सोधेँ- 'के तिमीले आजसम्म कसैलाई प्रेम गरेकी छ्यौ ?' मेरो प्रश्नभित्र खै के थियो उनले एकछिन मेरो आखामा हेरिन् र लजाउँदै भनिन्- 'अहँ छैन, किन र ?'

त्यसपछि साहस नै गरेर मैले प्रेम प्रस्ताव राखें । त्यसलाई उनले सहर्ष स्वीकार गरिन् । हामीले एक-अर्कालाई साथ दिने वाचा गर्‍यौं । टाढा भए पनि चिठीपत्रमार्फत् भेट्ने निर्णयसँगै हामी छुट्टियौं । त्यसको भोलिपल्ट उनी घर गइन् ।

## ● जीवनको गोरेटोमा ●



त्यसपछिका दिनहरू बित्दै गए । हामीबीच पत्र आदान-प्रदान हुन्थ्यो । फोनमा पनि लामो कुराकानी हुन्थ्यो । म उनीबिना बाच्न नसक्ने भैसकेको थिएँ । उनीसँगको भेटको सम्झनामा बाँचिरहेको थिएँ ।

एक दिन उनलाई भेट्न लामो यात्राका साथ उनको गाउँमा जाँदा मेरो मुटुभित्र छुरा रोपियो । पाताल भासिएजस्तो भयो र आकाश खसेजस्तो पनि । जिन्दगीमा सजाएका सारा सपनाहरू ऐनाझैं चकनाचुर हुन पुगे । सँगै जिउने-मर्ने वाचा कसमहरूमाथि घात भयो । एउटा प्रेमको फक्रँदो फूल ओइलायो । अटल विश्वास लिएर गरेको प्रेममाथि विश्वासघात भयो ।

आखिर हाम्रो प्रेममाथि घृणाको तीर हान्ने शत्रुहरूकै विजय भयो । हामी छुट्टिंदा आलिंगनमा बाधिएर रोएका क्षणहरू, समाजले हामीलाई छुटय्राउन चालेका कदमहरू..., हामीलाई थाहा नहुँदै हामीबीच घटेको अद्भुत घटना..., उनको नयनभरिको आसुसँगै बाध्यतावश हल्लिन पुगेका हातहरू..., बस..., बस... ।

आज, नचाहेर पनि उनलाई भुल्ने असफल प्रयास गर्नु परिरहेको छ । उनकै असल वाणीहरू सम्झेर भरोसालाई अँगाल्नुपरेको छ । उनकै सम्झना, कल्पना अनि उनीसँगको अतीत सम्झँदै बाच्नुपरेको छ । भगवान्सँग मेरो यही प्रार्थना छ,- 'यो जुनीमा उनको साथ पाउन नसके पनि अर्को जुनीमा त अवश्य उनकै भएर जन्मन पाऊँ ।'

**– श्याम**

## कुपन सन्देश

**सन्देशका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ ।**

पाउने :

पठाउने :

सन्देश :

## साप्ताहिक साथीका लागि फर्म

**साप्ताहिक साथीका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ ।**

नाम : ..........................................................................

उमेर : ....................................... उचाइ : .................................

पेसा : .................................... शिक्षा : ................................

स्वभाव :.................................... वैवाहिक स्थिति : ....................

अभिरुचि : ....................................वर्ण : ..................................

इमेल : ..........................................................................

ठेगाना :..........................................................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..........................................................................

..........................................................................

आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ ।

## ● साथी ●



दुली अटल गजराज कम बोल्ने एवं सबैसँग मिल्ने स्वभावका छन् । ४५ वर्षीय गजराज ५ फिट २ इन्च अग्ला छन् । गैरसरकारी संस्थामा कार्यरत गजराजले एसएलसीसम्मको औपचारिक अध्ययन पूरा गरेका छन् । विवाहित गजराज संगीत, पत्रमित्रता, नृत्यमा अभिरुचि राख्छन् । गहुँगोरो वर्णका गजराजलाई साथी बनाउन चाहनेहरूले दौलतपुर कडहर्वा-६, सप्तरीमा पत्राचार गर्न सक्नुहुन्छ ।



पर्वत श्री न्यौपाने 'आयुष' हाल स्नातक तह अध्ययनरत छन् । २० वर्षीय पर्वत ५ फिट ५ इन्च अग्ला छन् । नम्र एवं असल स्वभावका पर्वत पत्रमित्रता, भ्रमण एवं संगीतमा अभिरुची राख्छन् । गहुँगोरो वर्णका पर्वत हालसम्म अविवाहित नै छन् । हरिहरपुर-९, सर्लाहीका पर्वत वर्तमान बाँच्न जान्ने मित्रको खोजीमा छन् । उनलाई साथी बनाउन चाहनेहरूले sunaulo_parbat@yahoo.com मा इमेल गर्न सक्नुहुन्छ ।

टेलरिङ पेसामा कार्यरत दीपक परियार ५ फिट ३ इन्च अग्ला छन् । २५ वर्षीय दीपक गहुँगोरो वर्णका छन् । मिलनसार स्वभावका दीपक स्वावलम्बी व्यक्तिका रूपमा चिनिन चाहन्छन् । मन मिल्ने राम्रा केटी साथीको खोजीमा रहेका दीपकलाई सिन्धुली-२ डुडभञ्ज्याङ, ९, विर्तटारमा पत्राचार गर्न सकिन्छ ।





राजनीतिमा अभिरुची राख्ने सुनील सापकोटा हाल बिएस्सी अध्ययनरत छन् । गहुगोरो वर्णका सुनील ५ फिट ६ इन्च अग्ला छन् । १९ वर्षीय सुनील मिलनसार स्वभावका छन् । निकोसेरा-३, ठिमी, भक्तपुरका बासिन्दा सुनील माया बाँड्ने, मिलनसार, मित्रतालाई निरन्तरता दिने विशेषगरी युवती साथीको खोजीमा छन् । उनलाई साथी बनाउन चाहनेहरूले nude_death@yahoo.com मा इमेल गर्न सक्नुहुन्छ ।



खुला हृदयका सञ्जय न्यौपाने ५ फिट १० इन्च अग्ला छन् । स्नातक तह प्रथम वर्षमा अध्ययनरत धेरै साथी बनाउने अभिरुची राख्छन् । अविवाहित न्यौपाने हाल १८ वर्षका भए । गहुँगोरो वर्णका सञ्जय पाल्लेखेत-५, डाँडागाउँ काभ्रेका बासिन्दा हुन् । सहयोगी, खुला विचार राख्ने, जातपातको भेदभाव एवं धनको घमण्ड नगर्ने तथा मिलनसार स्वभावका साथीको खोजीमा रहेका सञ्जयलाई lovingfriends_1992@yahoo.com मा इमेल गर्न सकिन्छ ।

# तपाईं वान साइडेड लभमा पर्नुभएको छ ?

वान साइडेड होइन सम्पादकज्यू, टु साइडेड डिप लवमा फसिसकेको छु फुत्कन मुस्किल छ हजुर ।

star_parbin@yahoo.com

परेको छु, टु साइडेड बनाइदिनुस् न प्लिज ।

**रुद्रप्रसाद दाहाल, मैनापोखरी, दोलखा**

थिएँ ऐश्वर्यासँग, विवाह गरिहाली । फेरि नम्रतासँग गरेको, बाबा... मेरो त भाग्य पनि कस्तो ?

**विनोद दाहाल, त्रिचन्द्र क्याम्पस**

कसरी थाहा पाउनु ?

resham_sunuwar@yahoo.com

किन नपर्नु नि, पहिले त मैले नै मन पराएको हो नि... तर उनले माया नगरेपछि के गर्नु त ? अनि भएन त वान साइडेड लभ ।

**राकेश श्रेष्ठ, पोखरा, लेकसाइड**

अहँ, विपनीमा त परेकोछैन, सपनीमा भने परेजस्तो लाग्यो ।

**नानु थापामगर (२०), तनहुँ**

अहिलेसम्म त परेको छैन तर पर्लाजस्तो छ । केही छैन कान ठाडो पारी बस्नुहोस्, म एक दिन न एक दिन तपाईंलाई खुसुक्क सुनाइहाल्छु नि ।

**शमशेर योञ्जन, जम्दह, सिरहा**

वान साइड लव होइन म्यारिज नै गरेको छु नि । म्यारिज गरेको २ वर्ष भयो, तर विलापमै परियो नि ।

**डी मानन्धर (२७), स्याङ्जा**

एकचोटि परेको छु ।

**किसान रुचाल, बयरघारी, स्याङ्जा**

लौन, केश फुलिसक्यो तर लव गर्न सकिएन । कुमारै मरिन्छ कि क्या हो ? मलाई पनि सिकाउनुपर्‍यो नि जुक्ति ।

**वैधनाथ कोइराला**

अँ... एकपटक परेको छ । त्यसबेला उनी कक्षा १० मा पढ्थिन् । विद्यालयमा हरेक दिन उनले हिँडेको, साथीसँग बोलेको, हाँसेको देखेर म लठ्ठ हुन्थेँ । उनको रूपको त झन् कुरै नगरौँ... तर के गर्ने ? म त्यसबेला कक्षा ६ मा पढ्थेँ ।

**यल्जी विवश (२४), ताप्लेजुङ**

वान साइडेड लवमा परियो भने के हुन्छ र ? बरु फाइदा हुने भए हामी पनि पर्नुपर्‍यो, बरु यसको आवेदन फारमचाहिँ कहाँ पाइन्छ कुन्नि... ?

**उत्तम भट्टराई (२२), तानसेन, पाल्पा**

एक समयमा त परेको थियो । पागल पनि भएँ, एकोहोरिएँ, उनको यादले धेरै सतायो तर के गर्ने, बुझ्ने कुरा नबुझेपछि.... ।

**सुबोध लामा, गोलबजार**

किन ? तपाईंले कुरा मिलाइदिन लाग्नुभएको हो ? आफैंचाहिँ नफकाउनुहोला नि ।

**हेमप्रभास, कटुन्जे**

राम्रीसँग मात्र लव गर्न मन लाग्छ तर राम्रा जति हाम्रा हुँदैनन्, अनि वान साइडेड लवमा परी, अनुहार हेरी, काली श्रीमतीसँग अँगालो मारेर बस्नुको विकल्प के छ र ?

**हरिजंग थापा**



## ● अब हाम्रो पालो ●

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. पढेर जानिन्छ कि परेर ?
२ वेश्यावृत्तिलाई कानुनी मान्यता दिनु हुन्छ कि हुँदैन ? किन ?
३. नेपालमा जातीय आधारमा राज्य बनाउनु कत्तिको उपयुक्त हुन्छ ? किन ?
४. कस्ता मान्छेले राजनीति गर्नुपर्छ ?
५. रोमान्टिक गीत राम्रा हुन्छन् कि ट्र्याजिक ? किन ?
६. नेपालले खेलकुदमा किन सधैं हार्छ ?
७. अश्लील भिडियोको बढ्दो चलनका सम्बन्धमा के भन्नुहुन्छ ?
८. तपाईं एक्लै हुँदा के सोच्नुहुन्छ ?
९. राजनीति राम्रो कि समाजसेवा ? किन ?
१०. तपाईंले पछिल्लो पटक कहिले झूटो बोल्नुभयो ?

## ● यौन जिज्ञासा र समाधान ●

**प्रश्न : म २३ वर्षीया युवती हु । मेरो विवाहका लागि घरमा कुरा चलिरहेको छ, तर मेरो स्तनवरिपरि लामा–लामा रौं छन् । मलाई डर छ, यसले कतै मेरो वैवाहिक जीवनमा असर त गर्दैन ? स्तनमा रौं किन आएको होला र यसलाई स्थायी रूपमा हटाउन के गर्नुपर्ला ?**

**–माही**



डा. राजेन्द्र भद्रा

**उत्तर** : हत्केला र पौतालाबाहेक हाम्रो शरीरभरि रौं हुन्छ भन्ने कुरा त हामीलाई थाहै छ । हाम्रो शरीरमा हुने रौंको विकास मुख्यतया एन्ड्रोजेन भन्ने हार्मोनमा भर पर्छ । आँखीभौं, परेला तथा छालामा हुने मसिना रौंको विकास एन्ड्रोजेनमा भर पर्दैन । काखीमुनि आउने तथा यौनकेश एन्ड्रोजेनमा भर पर्ने भए पनि निकै थोरै मात्रा पनि यसको विकासका लागि पर्याप्त हुन्छ । त्यसैले पुरुष तथा महिलामा यी रौं झन्डै-झन्डै उस्तै हुन्छन् । पुरुष तथा महिलामा यस्तो फरक यसैको कारणले हुन्छ । एन्ड्रोजेन बढी भए महिलाहरूमा पनि लोग्नेमान्छेको जस्तै अनुहार, छाती, पेटको तल्लो भागमा रौं आउनुका साथै टाउको केश पनि पुरुषहरूकै ढाँचाको हुन सक्छ ।

**के सबै महिलाको स्तन वरिपरि रौं हुन्छ ?**

हल्का मसिना रौं त स्तनको मुन्टोवरिपरि हुन्छन् नै, तर केही व्यक्तिमा केही लामा रौं हुन्छन् । रौंको रङ्ग शरीरको रङ्ग वा पृष्ठभूमिसँग मिल्ने भयो भने त्यो स्पष्ट रूपमा नदेखिने भएकाले कतिपयलाई खासै याद हुँदैन, तर रौंको लम्बाइ-मोटाइ तथा रङ्ग गाढा (कालो) किसिमको भए स्पष्ट रूपमा देखिन्छ । स्तनमा यस्तो किसिमको रौं हुनुलाई एकदमै असामान्य भन्न नमिले पनि सबै महिलामा त्यस्तो लामो रौं हुँदैन । यस्तो रौं आएपछि सामान्यतया त्यसै हराएर जाँदैन ।

**वैवाहिक जीवनमा असर ?**

यसरी स्तनको मुन्टोवरिपरि केही रौं छ भन्दैमा स्वास्थ्यमा खासै नकारात्मक असर भने पर्दैन, तर पनि यसले असजिलोपन त ल्याउँछ नै । कतिपय पुरुषलाई पनि यो चासोको विषय हुनसक्छ । तपाईंको प्रेमी वा श्रीमान्को प्रतिक्रिया कस्तो होला भनेर अहिले भन्न सकिने स्थिति भएन । तपाईंलाई थाहै होला, कतिपय श्रीमान् वा प्रेमीले कुनै अङ्ग-प्रत्यङ्ग असामान्य भएको स्थितिमा पनि उत्तिकै प्रेम र स्नेहसहित सफल वैवाहिक जीवनयापन गरिरहेका छन् भने अर्कातिर सानो कुरामा पनि निहुँ खोजेर श्रीमतीलाई प्रताडना दिने व्यक्तिहरू पनि छन् ।

विभिन्न कारणले महिलाको शरीरमा एन्ड्रोजेन बढी हुन सक्छ । हार्मोनको उत्पादन अनि उपापचयन (metabolism) मा हुने गडबडी यसको कारण हुनसक्छ । यसरी रौं बढी आउने कुरामा छारेरोगमा प्रयोग गरिने केही औषधी, स्टेरोइड औषधीहरू, एन्ड्रोजेन भएकै औषधीको प्रयोग कारक हुनसक्छ । यो वंशाणुगत पनि हुनसक्छ । तपाईंले शरीरको अन्य भागमा रौं बढी भएको कुरा गर्नुभएको छैन, त्यसैले त्यस विषयमा अहिलेलाई चिन्ता गर्नुपर्ने भएन, तर त्यस्तै वा अन्य केही लक्षण भए त्यसमा विशेष ध्यान दिनुपर्छ र आवश्यक भए मुख्य कारणको नै उपचार गर्नुपर्छ, किनभने कारणअनुसार त्यसको असर फरक-फरक हुन सक्छ ।

**समाधानको उपाय**

अब स्तनमा भएको रौं हटाउने उपायका सम्बन्धमा केही कुरा गरौं । जाति वा समुदाय हेरेर कुनै व्यक्ति (पुरुष वा महिला) को शरीरमा कति रौं सामाजिक रूपमा स्वीकार्य मानिन्छ भन्ने कुरा फरक पर्न सक्छ । तपाईंको सन्दर्भमा रौं हटाउने कुरा सौन्दर्य बढाउने कुरासँग सम्बन्धित छ । शरीरमा भएको रौं हटाउन विभिन्न उपाय प्रचलनमा आएका छन्, जसलाई अस्थायी र स्थायी गरेर दुईवटा वर्गमा विभाजित गर्न सकिन्छ । अस्थायी उपायमा एक त छालाभन्दा बाहिर आएको रौंको भागलाई हटाउने हो भने अर्को पूरै रौं हटाउने अर्थात् उखेल्ने हो । खौरने, छोट्ट्याउने, रौ पग्लाउने क्रिम वा पाउडरको प्रयोग तथा घर्षण विधि छालाबाहिरको रौं हटाउने उपाय हो । केही घण्टादेखि केही दिनका लागि यी उपाय उपयोगी हुनसक्छन् । चिम्टीले टिप्ने, धागोको प्रयोगले उखेल्ने वा उखेल्ने औजार प्रयोग गरेर रौं उखेल्न सकिन्छ । यस्ता विधी केही दिनदेखि केही साता उपयोगी हुनसक्छ । स्थायी उपायको कुरा गर्दा electrolysis, Laser को प्रयोग प्रमुख मानिन्छ । नियमित रूपमा खाने वा लगाउने औषधीहरू पनि आएका छन् । एक्स-रेको प्रयोग कतिपय विकसित देशमा प्रतिबन्धित भैसकेको छ भने नयाँ पद्धति जस्तै photodynamic therapy को विकास हुँदैछ । त्यसबाहेक अन्य उपायहरू जस्तै– electric tweezer, photoepilators, transdermal dectrolysis, microwaves को प्रभावकारिताका बारेमा भने यसै भन्न सकिने स्थिति छैन । रौं नहटाइए पनि भएका रौं स्पष्टसँग नदेखियोस भनेर ब्लचिङ्गजस्ता उपाय मात्र पनि गर्न सकिन्छ ।

व्यक्तिको आवश्यकता र रुचि हेरी विधिको छनौट गर्नुपर्ने हुन्छ । विधिअनुरूप रौं उम्रिएको छालामा केही असर पर्न सक्छ । स्तनमा यस्तो विधि अपनाउँदा यी कुरा विशेष ध्यान दिनुपर्छ । महिलाको शरीरमा यस्तो रौं हुनु नै हुँदैन भन्ने सोचलाई अहिले आमसञ्चारमा आएका विज्ञापनहरूले थप बढाएको छ । फेरि स्तन र त्यसमा पनि स्तनको मुन्टो सधैं छोपिने अङ्ग भएकाले सार्वजनिक जीवनमा खासै अप्ठ्यारो पर्दैन । तपाईंलाई साह्रै अप्ठ्यारो लागेको भए कुरा अर्कै हो र हटाउने नै निर्णय गर्नुभएको भए छाला विशेषज्ञ वा सौन्दर्य विशेषज्ञसँग सम्पर्क गर्न सक्नुहुन्छ ।


के तपाईंमा यौन सम्बन्धी समस्या छ ?
पुरुषहरूमा देखिने
शीघ्र पतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष, सरुवा यौनरोगका साथै उमेर अनुसार यौनाङ्ग विकास नहुनु ।
महिलाहरूमा देखिने
सेतो पानी बग्ने, योनी चिलाउने, यौन सन्तुष्टिमा कमी भएको महसुस हुने, स्तन सानो वा ठूलो हुने, तल्लो पेट दुख्ने तथा महिनावारी सम्बन्धी समस्याहरु ।
मानसिक
निराशा उदासिपन, मानसिक डर, भय, दिमागको वोधोपन ।
महिला वा पुरुषहरुमा हुने बाँझोपन (निःसन्तान) को गोपनियताका साथ उपचार
सम्पर्क स्थान: माता मनकामना आरोग्य केन्द्र तथा सेक्सोलोजिष्ट डाक्टर्स क्लिनिक
पुतलीसडक, काठमाडौं (साडी प्यालेस माथि) फोन: ४२४०३८१, ४२२५५३५
शाखा कार्यालय
पोखरा – ०६१–५३९१९४ | वुटवल – ०७१–५४८८९३
भरतपुर – ०५६–५२०९६८ | इटहरी – ०२५–५८४०८८
दाङ्– ०८२–५६२९८३, | हरिओन सर्लाही – ०४६–५३०४८४
हेटौडा – ०५७–५२६०४६ | सप्तरी, फत्तेपुर – ०३१–५५०११२



सुखी विवाहित जीवनको लागि
सेवाको १६ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएको यौन रोग, शीघ्रपतन, यौनदुर्बलता, स्वपनदोष, पिसाब सित धातु खस्ने, नपुंसकता, शुक्राणुको कमि, निःसन्तानपन आदिको सफल उपचारको लागि आज नै भेट्नुहोला ।
भेट्ने ठेगाना: फोन नं.: ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल (पारिपट्टी) काठमाडौं



The Flying Institute
announces Admission open for
Airhostess Training
Get trained from Nepal's No. 1 Cabin Crew instructor Ms. Shanta Shrestha
Call: 4465653, 9841278689
www.theflyinginstitute.edu.np
The Flying Institute P. Ltd.
Minbhawan, Kathmandu



सौन्दर्यका सामान
Height बढाउने (Yoko Japanese) - 1050/-
मोटोपन घटाउने (Sauna Belt)
अनुहार गोरो बनाउने (Roop Amrit)
स्तन बढाउने, घटाउने साथै टाईट गर्ने (Cream)
डण्डीफोर, चाया पोतो हटाउने (Cream)
धुम्रपान, जाँड रक्सी छुटाउने, चाउरीपना हटाउने
कपाल नझर्ने वा उमार्ने तेल (Herbal-44)
लिङ्ग बढाउने साथै गुप्ताङ्ग टाईट गर्ने ।
Free Home Delivery / 100% Guaranteed
Worldwide Shopping Centre
(शंखमुल मार्ग, तयारी पोशाक संघको अगाडी)
Newbaneshwor, 9808301235
Ph. 2290871, Mob. 9841506134



केश
झर्न तुरुन्तै रोकी उमार्ने तेल
Before Herbal44 Rs. 750/- After
बेदाग गोरो मुहारको लागि
रूपअमृत - Rs.1650/-
Anti Pimple
आस्था हेल्थ केयर
Tel.: 4498929, 9841330144
9845275046 Chitwan, 9842083409




Asian Sky Shop का सामानहरू र टि.भि.मा देखिाइने सामानहरू पाईन्छ ।
शक्ति सम्बृद्धिको लागि हर समस्या, हर रोगबाट छुटकारा दिलाउने नजर कबज साथमा त्रिस्ठल र हरेक लकेटहरु पाईन्छ । साथमा चुरोट, जाँड, रक्सीको नशाबाट छुटकारा दिलाइन्छ ।
Counselling for 9721526135
100% Sliming Center
If u want slim, Beauty, heighty, Smart, Active Personality Plz contact
Japanes Oil 499/-
मोटाउने दवाई पनि पाईन्छ ।
स्तन, गुप्ताङ्ग टाईट एक दम फिट 100 % ग्यारेण्टी
- 5 in a Magic Sofa & Air
- Foot Bath, Massager
- Body Bath Steamer
- AB King pro मोटोपना घटाउने
- Exercise सामानहरु
Home Delivery 9808503540
कपाल उमार्ने तेल
सेक्स पावर
Korean Spry & Je
Only Rs. 2999/-
चायाँ पोतोको अचुक उपचार
99% Guarented
No Side Effect
100 % Natural
Handsome Up
लिङ्गको लम्बाई र मोटाई बढाउने अमेरिकन प्रोडक्ट
हेल्दी होम
फिटनेश एण्ड ब्यूटी क्लब
गणेशस्थान रोड, गोंगबु
२४ घण्टा भित्र भ्याली बाहिर डेलिभरी गरिनेछ ।
बुढौयलीपन कम गराउने गुमेको सुन्दरता फिर्ता चाउरीपना हटाई गोरो बनाउने रुप अमृत, पेटको धर्सा मेटाउने
Slim Hip, Thai, Stomach
१ दिनमा नै ५ इन्च कम हुने
हट लाइन ०१-४३५४९८५ ९७२१५२६१३५
पहिले ९० के.जी. 51 cm
अहिले ६६ के.जी. 35 cm (मात्र केहि दिनमा)



होटल तालीम अन्तर्राष्ट्रिय मापदण्डको
✧Cook ✧Waiter ✧Bartender ✧Housekeeping ✧Front Office ✧Coffee Making ✧Bakery ✧Caregiver ✧Hotel Mgmt. ✧F&B Mgmt.
✧Airfare & Ticketing (Fare Calculation) ✧Abacus, Amadeus, Galileo, e-ticketing ✧Travel Operation ✧Tour & Travel Mgmt
✧3/4/5 Star होटलहरुमा तालिम दिइने
✧Abroad Study- UK, USA, Australia, Japan
Language: English & Japanese
बिदेश जानेहरूको लागि विशेष कोर्ष
Excel Academy of Tourism & Hotel Mgmt. Pvt. Ltd.
Ph: 4460956 Chabahil, Ktm (Near to Medicare)

## बाटो पत्ता लगाउनुहोस्




## गर्भधारण गर्ने भ्यागुता



सबै भ्यागुताले फुल पार्छन्। अधिकांश भ्यागुताको फुल पार्ने उपयुक्त स्थान जमेको पानी हो। पोथी भ्यागुताले पारेको फुलमा भालेले शुक्रकीट छर्किएको केही समयपछि चेपागाँडा निस्कन्छन्, तर अफ्रिकामा पाइने नेक्टोफ्रिनोइड्स भिभिपारा जातको भ्यागुताले भने मानिसले जस्तै नौ महिनासम्म गर्भधारण गरेर शिशु जन्माउँछ।

## साप्ताहिक कोठेपद



**दायाँ**

१. कुखुरालाई लाग्ने एक रोग (४)
२. अड्डा-अदालतमा रहने ढुकुटी (४)
३. सानोभन्दा सानो रूप (४)
५. सयको संख्या जनाउने शब्द (३)
६. धार्मिक कार्यमा बजाइने बाजा (४)
७. काठमाडौंको एक ठाउँ (३)
८. समुद्र (३)
९. सप्तपातालमध्ये एक (४)
११. मन्दिरको टुप्पा (३)
१२. गाउँको उल्टो (३)
१३. राम्रो, गुणी (३)
१६. प्रथम किराँती राजा (४)
१७. धाक, फुर्ती (३)
१८. नीलो कपडा (४)
१९. आगो बाल्ने ढुंगा (४)
२०. आदिमानवको वैज्ञानिक नाम (६)
२१. नवदुर्गामध्ये एक (४)

**तल**

१. लक्ष्मणको अर्को नाम (४)
२. अम्मलीलाई लाग्ने तिर्सना (४)
३. अटुट श्रृंखला, निरन्तर (४)
४. एक प्रकारको कपडा (४)
५. जरामा फल्ने तरकारी विशेष (४)
६. शुभकार्यका लागि बनाइने लड्डु (३)
७. कुण्ड, पोखरी (४)
८. अंग्रेजीमा क्रेन, चरा (३)
९. बाटो ढुकेर लुट्ने काम (४)
१०. गणेशको एक नाम (४)
१२. अंग्रेजीमा पछ्यौरा (२)
१३. बाफका रूपमा निस्किएको रस (३)
१४. चामलको एक परिकार (३)
१५. आवश्यकता, खाँचो (४)
१६. गौतमबुद्धकी पत्नी (४)
१७. धन सम्पत्ति, पैसा (३)
१८. आकाशगंगा (४)

## पत्याउनु हुन्छ?



माछाको एक प्रजाति मडस्किपर पानीमाथि उफ्रँदा आफ्नो गिलमा पानी राख्छ जसले उसलाई हावामा श्वास लिन सजिलो हुन्छ।



बैंककमा आयोजना हुने एक धार्मिक महोत्सवमा भिक्षुहरूले भालाले घोचेर टाटु बनाउँछन्। शरीरमा रंगको प्रवेशले उनीहरूमा ऊर्जा आउँछ भन्ने मान्यता छ।




माइकल राविलले कागजको सोली प्रयोग गरेर महिलाले पनि पुरुषले झैं उभिएर शौच गर्ने प्रविधिको विकास गरेका छन्। यो प्रविधिको विकासले महिलालाई सार्वजनिक स्थलमा शौच गर्न सजिलो हुनेछ।



ज्याकि बिबी नामक व्यक्तिले आफ्नो मुखमा ११ वटा ऱ्याटर जातको विषालु सर्पलाई च्याप्न सक्थे।

## १० वटा फरक खोज्न सक्नुहुन्छ ?





## सात तालको बेगनासमा महोत्सव

पोखरा- पोखरानजिकैको लेखनाथको बेगनासतालमा आयोजित दुईदिने बेगनास महोत्सवमा बेग्लै रौनक देखियो। पर्यटन वर्ष- २०११ लाई टेवा पुऱ्याउने लक्ष्यका साथ लेखनाथ नगरपालिकाको आयोजनामा गत शुक्रबार प्रारम्भ भएको बेगनास फेस्टिबलमा डुङ्गा सयर गर्न तथा विभिन्न परिकारको स्वाद लिन विदेशी पर्यटकहरू पनि त्यत्तिकै आएका थिए। स्थानीय व्यवसायीले आफ्ना होटल तथा रेस्टुराँलाई सडकमै उतारे।

महोत्सवले व्यवसायमा पुऱ्याएको आम्दानीले व्यवसायीहरू हौसिए। लेखनाथका सात तालको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित आयोजित महोत्सवमा बेगनास तालको ताजा माछाको परिकार खानेहरूको हानथाप त्यत्तिकै देखियो। बेगनास तालको तिलबिया माछाको व्यापार महोत्सवमा बढेको थियो। महोत्सवका अवसरमा तालमा लोपोन्मुख सहर, सिल्भर, बिगहेड, रहु, नैनी जातका माछाका १ लाख भुरा छाडियो।

अरू बेला प्रतिघण्टा २ सय ५० लाग्ने डुङ्गा सयरमा विशेष छुटका साथ १ सय ५० मा झारिएको महोत्सवमा यो छुटको सदुपयोग गर्नेहरू पनि बढे। महोत्सवमा डुङ्गा दौड प्रतियोगिता मुख्य आकर्षण बन्यो। दौडमा पुरुषतर्फ २९ जना र महिलातर्फ १८ जनाको सहभागिता थियो। यस्तै विभिन्न परिकारका स्टलहरू, मह, कफी, कुखुरा तथा जडीबुटी प्रदर्शनी, वेशभूषा तथा झाँकी प्रदर्शनी, पर्यटकलाई माछा एङलिङ गर्ने कार्यक्रम पदयात्रामार्गको जानकारी तथा स्थानीय विविध सांस्कृतिक कार्यक्रमले महोत्सवको रौनक बढायो। महोत्सवको करिब ५० हजार दर्शकले अवलोकन गरी १० लाखभन्दा बढीको कारोबार भएको आयोजकहरूको दाबी छ।

**-शिव शर्मा**

## धुलिखेलमा महोत्सव

हरेक १२ वर्षमा धुलिखेलमा मनाइने हरिसिद्धि जात्रा यसपटक चार दिन चल्नेछ। जात्रा चैत ६ गते सुरु हुनेछ। यही जात्राका दर्शकलाई लक्षित गरी चैत ५ देखि सात दिनसम्म धुलिखेल महोत्सव पनि हुन लागेको छ। धुलिखेलको पर्यटकीय महत्त्वको प्रचार गर्न महोत्सव गर्न लागिएको हो। महोत्सव धुलिखेल बसपार्कमा हुँदैछ।

धुलिखेलले पिकनिक र सेमिनारका लागि ख्याति कमाएको छ। कोलाहलमुक्त वातावरणका कारण धुलिखेलमा औपाचारिक बैठक बस्ने क्रम बढ्दो छ। हजार सिंढीलगायतका क्षेत्र भने पिकनिक मनाउन जाने आन्तरिक पर्यटकहरूले भरिभराउ हुन्छन्। पूर्वी नेपाल, चीनको कोदारी र काठमाडौं जोड्ने मिलन बिन्दु हुन लागेको धुलिखेलमा महोत्सवको चहलपहल बढेको छ। बनेपा-बर्दिबास सडक बनेपछि धुलिखेल पूर्वी नेपालबाट राजधानी प्रवेश गर्ने मुख्य नाका हुनेछ।

## रेस्लिङको धमाका

# प्रोरेस एक्स्पोमा ५ देशका १७ रेस्लर

साप्ताहिक समाचार

टेलिभिजन च्यानलमा रेस्लिङ हेर्नुभएको छ भने कार्यक्रमको प्रोमोमा 'डन्ट ट्राई एट दिस होम' पक्कै पनि देख्नुभएको छ, सुन्नुभएको छ। केही हिंस्रक, बढी आक्रामक शारीरिक कलाको सम्मिश्रण हो, रेस्लिङ। अहिले यो खेल दर्शकलाई पर्याप्त मनोरञ्जन दिने गतिलो माध्यम बनेको छ। विशेषगरी वर्ल्ड रेस्लिङ इन्टरटेन्मेन्ट-डब्लुडब्लुईले अहिले संसारभरि ख्याति कमाएको छ। त्यही डब्लुडब्लुईका अनुभवी रेस्लर बिग भिटो पहिलोपल्ट नेपाल आएका छन्।

प्रोरेस एक्स्पो-२०१० अन्तर्गत काठमाडौंको भृकुटीमण्डपमा शनिबार सम्पन्न प्रतिस्पर्धामा अमेरिकी खेलाडी भिटोले आफ्नो स्टन्ट कला प्रदर्शन गरे। उनी भिडेका थिए, रेस्लिङलाई नेपाल भित्र्याउने भरत बिसुराल अर्थात् हिमालयन टाइगरसँग। नेपाली भूमि टेकेकै अवसरमा भिटोलाई हिमालयन टाइगर चुनौती दिन एयरपोर्ट पुगेका थिए। उनलाई त्रिभुवन विमानस्थलमै भिटोले मुक्का र लात बजारे। रेस्लिङमा यस्तो दृश्य सामान्य हो, तर संवेदनशील क्षेत्र मानिने एयरपोर्टको दृश्यले ठूलै सनसनी मच्चाएको थियो।

रेस्लिङका अनेक नियम हुन्छन्। व्यावसायिक रेस्लिङको पटकथा रिङबाहिर म्याचअघि नै निश्चित गरिएको हुन्छ। त्यसमा रेस्लर कलाकार मात्र हुन्छन्। देशमा व्यावसायिक रेस्लिङको पहिलो प्रतिस्पर्धामै भिटोविरुद्ध एयरपोर्टको पिटाइको बदला लिने हिमालयन टाइगरको योजना थियो। ५ हजार दर्शकले भरिएको हलमा प्रोरेस एक्स्पोको अन्तिम भिडन्तमा उनी भिटोविरुद्ध रिङमा उत्रिएका थिए।

'नेपाल, नेपाल' दर्शकको चर्को हुटिङले हिमालयन टाइगरलाई समर्थन गरिरहेको थियो। टाउको यता-उता तर्काएर हुटिङबाट रिसाएको रूप देखाउँदै भिटो नेपाली रेस्लरमाथि जाइलागे। मानव शरीरको स्टन्टले खेल रोमाञ्चक मोडमा पुगेको थियो। भिटोले फ्रुटीको खोल पञ्जामा राखेर प्रहार गर्दै हिमालयन टाइगरलाई रिङमा ढालेलगत्तै नेपाली रेस्लरले झेल्ली गरेको मानेर दर्शकले एक्कासि भिटोमाथि मिनरल वाटरका बोतल र प्लास्टिकका कुर्सी प्रहार गर्न थाले। रेस्लिङमा झेल्ली गर्नु ठूलो कुरा होइन, तर यो नियम पहिलोपल्ट विदेशी खेलाडीको प्रतिस्पर्धा प्रत्यक्ष हेर्ने मौका पाएका नेपाली दर्शकले बुझेनन् र रिङमा कुर्सीको वर्षा नै गरे। अन्ततः खेल नै अवरुद्ध भयो। भिटो र हिमालयन टाइगरको म्याचको निर्णय दर्शकले हेर्न पाएनन्। आयोजकलाई दर्शकको आक्रमणबाट पाहुना खेलाडी जोगाउन हम्मेहम्मे नै परेको थियो।

खेल बिथोलिनुअघि नेपाली रेस्लरको प्रतिस्पर्धाले हल तात्तिएको थियो। अजिंगर, मिस्टर बाबाबोल, स्नो लायन, वरियर, कोब्रा, लिजार्ड किङ, म्याक्स बी, मिस्टर आरके, राइनो र मिस्टर यतिको कलामा दर्शक मन्त्रमुग्ध थिए। मोटा शरीरका विदेशी खेलाडी पनि आकर्षणको केन्द्रमै रहे। जापानी रेस्लरद्वय किकु जिरो र फुगो फुगो यउमेजीसँगै इटालीका फेरनिज हेल स्टोर्म र स्पेनका मार्क हनिबल फर बाडागरको प्रस्तुति पनि उत्कृष्ट रह्यो। त्यसमा निकै मोटी स्पेनी महिला खेलाडी किरा ब्रुक्स सेतो र कालो धर्के टिसर्ट लाएर रेफ्रीको भूमिकामा थिइन्। हिमालयन टाइगरकी श्रीमतीको बघिनी रूपी ग्ल्यामरस ड्रेसले पनि कार्यक्रमको रौनक बढाएको थियो।

प्रोरेस एक्स्पोको दोस्रो चरणका भिडन्तहरू शनिबार पोखरामा हुँदैछ। सुविधासम्पन्न रंगशाला निर्माणका लागि रकम जुटाउने अभियानमा पोखराले रेस्लिङ आयोजना गर्न लागेको हो। पोखरा रंगशाला परिसरमा पनि ५ विदेशी र ११ नेपाली रेस्लरको स्टन्ट हेर्न पाइनेछ। काठमाडौंमा अनिर्णित हिमालयन टाइगर र बिग भिटोको प्रतिस्पर्धाको छिनोफानो पनि पोखरा रंगशालामा हुने अपेक्षा गरिएको छ।


तस्बिर : सुन्दर श्रेष्ठ

## कान्तिपुर परिसरमा
# योगशिविर

**कान्तिपुर समाचारदाता**

यो साता कान्तिपुर परिसर योगमय भयो। पतञ्जली योगपीठ नेपाल तथा कान्तिपुर पब्लिकेसन्सको सहकार्यमा गत साताभरि कान्तिपुरकर्मीहरूले योग गरे। उक्त योगशिविरमा कान्तिपुर टेलिभिजन, कान्तिपुर एफएम र कान्तिपुर पब्लिकेसन्सका कर्मचारीहरूको उपस्थिति थियो। गत शनिबार प्रारम्भ भएको उक्त योगशिविर बिहीबारसम्म चलेको थियो। कान्तिपुरकर्मीहरूलाई पतञ्जली योगपीठ नेपालका प्रमुख लवदेव योगी, उपप्रमुख डा. चन्द्रमणि योगी, महिला क्षेत्रीय प्रभारी बबिता कार्की र टीपी धमला काठमाडौं-१ का अध्यक्ष मदनमोहन केसी आदिले योग तथा प्राणायामका विधि सिकाएका थिए।


तस्बिर : नवराज

'कान्तिपुर पब्लिकेसन्सले सधैं जनताको पक्षमा काम गरेकाले यो परिसरमा योग सिकाउन पाउँदा म हर्षित छु,' नेपाल प्रमुख लवदेवले भने- 'पतञ्जली योगपीठ नेपालको उद्देश्य रोगविहीन नेपाल हो भने कान्तिपुरको उद्देश्य असल शासनको देश हो। यी दुई संस्थाको उद्देश्य मिलेकै कारण हामी यहाँ योग सिकाउन पाउँदा हर्षित छौं।'

# नीलिमा भइन् उत्कृष्ट डिजाइनर



**साप्ताहिक समाचार**

काठमाडौं– देशभरिका १ सय ३९ जना फेसन डिजाइनबीचको रमाइलो प्रतिस्पर्धामा काठमाडौंकी नीलिमा मादेन उत्कृष्ट घोषित भएकी छिन्। गत शनिबार राजधानीमा सम्पन्न आईईसी डिजाइनर कन्टेस्टमा मादेनले डिजाइन गरेको पहिरनले अन्य डिजाइनरलाई पछि पारेको हो। आईईसी फेसन कलेजको डिप्लोमा तहको प्रोजेक्ट वर्कका रूपमा आयोजित प्रतिस्पर्धामा डिजाइनरहरूले विभिन्न संस्कृति झल्काउने पहिरन प्रदर्शन गरेका थिए। प्रतियोगीहरूले विभिन्न थिममा आधारित पहिरनलाई विभिन्न मोडलमार्फत प्रस्तुत गरेका थिए। प्रतियोगितामा धरानकी मिलन राईले फस्ट रनर्स-अप तथा काठमाडौंकी दीप्ति मास्केले सेकेन्ड रनर्स-अपको उपाधि हासिल गरे।


भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

प्राइभेट Test/SLC-2067

विगत ९ वर्षदेखि प्राइभेट Test / SLC मा सबैभन्दा बढी विद्यार्थीहरू सहभागी गराँउदै पास गराउन सफल।

कक्षा ८ पास गरी तथा कक्षा ९, १० वा Test/ SLC फेल भई विविध कारणले पढ्न नपाएकाहरूका लागि कक्षा ९ नपढी सिधै १० कक्षाको मात्रै पढेर SLC Exam दिन पाइने एक वर्षे प्राइभेट Test/ SLC कक्षामा नयाँ भर्ना खुल्यो। सिट सिमित। Medium- अंग्रेजी, नेपाली दुवै। Time- बिहानी, दिवा, रात्री।

६ महिना मै +2

तथा Math/Science/Test नदिईकनै S.L.C. पास !!

Arts Commerce Science

सिट सिमित भएकोले चाडो भर्ना हुनु होला !!

(Nios Delhi Board)

कक्षा ७,८,९ फेल भए पनि SLC दिन पाईने, +2, 'A'Level फेल भएता पनि ६ महिनामै +2 पास गर्न सकिने, कुनै ५ विषय मात्र पास गरे पुग्ने, TU, KU तथा विश्व भरी मान्यता प्राप्त, जागीरे तथा गृहणीले घरमै पढेर पनि परीक्षा दिन सकिने, नेपाली तथा अंग्रेजीमा परीक्षा दिन पाईने।

अंग्रेजी, Japanese, फ्रेन्च, जर्मन, Spanish कोरियन, हिब्रु, भाषाहरु साथै Tution for SLC, +2, CBSE, 'A' Level, IA, ICom, BA, BBS, BBA, TOEFL, IELTS & All Computer Courses.

डिप्लोम्याटिक एकेडेमी
कुमारीपाटी: 5549139, 9851021665

ओरियन एकेडेमी
सामाखुशीपुल: 4388400 9851021071
चावाहिल: 4460091, 2290690
नयाँ बानेश्वर: 4484634, 2160822
पोखरा: 9846147694





# विश्वकपमा पैसाको बहार

विश्वको सर्वाधिक लोकप्रिय खेल फुटबल र त्यसमा पनि विश्वकै सर्वाधिक प्रतिष्ठित विश्वकप फुटबल प्रतियोगितामा पैसाको बहार नहुने कुरै भएन। फुटबलको सर्वोच्च निकाय फिफाले समेत आफ्नो संस्था चलाउने रकमको जोहो विश्वकप फुटबल प्रतियोगिताबाटै गर्छ। आयोजकले प्रतियोगिताबाट आफूले गरेको लगानीमा फाइदा पनि यही प्रतियोगिताबाटै खोजिरहेको हुन्छ। विश्वकप प्रतियोगितामा सारा विश्वका खेलकुद प्रेमीको ध्यान आकृष्ट हुने हुँदा बहुराष्ट्रिय कम्पनीहरू करोडौं डलर तिरेर विश्वकपसँगै आबद्ध हुन खोज्छन्। प्रतियोगिताको आयोजनाले सबै क्षेत्रलाई फाइदा मात्र दिने हुनाले जसको पनि ध्यान विश्वकपमै हुन्छ।



● विश्वकप फुटबल विशेष ●



खेलाडीका कारण विश्वकप प्रतियोगिताले सफलता पाउने हुनाले फिफाले २००६ मा आयोजना गरेको विश्वकपमा खेलाडीहरूलाई प्रदान गरिने पारिश्रमिकमा ६० प्रतिशतले वृद्धि गरेको थियो। यो वृद्धिले गर्दा फ्रान्सले अन्तिम चरणको छनौट खेलमा थिएरी हेनरीको हातको सहयोगमा गोल भए पनि फ्रान्सले विश्वकपको टिकट पाउने क्रममा आफ्नो पोल्टामा ९० लाख डलर पारेको छ। फिफाले गरेको पुरस्कार राशिको घोषणाअनुसार छनौट भएका टिमलाई विश्वकपको फाइनल चरणको तयारी गर्न १० लाख डलर प्रदान गरिएको छ। यो तयारीपछि पहिलो चरणको खेल खेल्ने क्रममा उनीहरूलाई थप ८० लाख डलर प्रदान गरिन्छ।

पहिलो चरणबाट दोस्रो चरणमा गएका १६ टिममध्ये प्रत्येक टिमलाई ९० लाख डलर प्रदान गरिन्छ भने क्वाटरफाइनलमा पुगेका ८ टिममध्ये प्रत्येक टिमलाई १ करोड ८० लाख डलर दिइन्छ। क्वाटर फाइनलबाट सेमिफाइनल पुग्ने प्रत्येक टिमले २ करोड डलर पाउँछन्। आगामी विश्वकपको उपविजेता टिमले २ करोड ४० लाख डलर पुरस्कार पाउनेछ भने विजेता टिमले ३ करोड डलर पुरस्कार पाउनेछ।

विश्वकपको सफलतामा आफ्नो राष्ट्रको प्रतिष्ठा जोडिने हुनाले फाइनल चरणमा प्रवेश पाएका विभिन्न राष्ट्रले नगद पुरस्कारको घोषणा गरेका छन्। स्पेनले सन् २००८ मा युरोकप जित्दा आफ्ना खेलाडीलाई २ लाख ५० हजार युरो नगद पुरस्कार दिएको थियो। अहिले स्पेनको फुटबल एसोसिएसनले पुरस्कार राशिमा दोब्बर वृद्धि गरेर ५ लाख ५० हजार युरो दिने घोषणा गरेको छ। स्पेनले विश्वकप जित्ने खेलाडीहरूलाई नगद पुरस्कार दिने घोषणा गरेलगत्तै इङ्ल्यान्ड र ब्राजिलका फुटबल संघले पनि त्यस्तै घोषणा गरेका छन्। सम्भवतः डेभिड बेकह्याम विना उत्रिने इङ्लिस टिमले विश्वकप जितेको खण्डमा प्रत्येक खेलाडीले ४ लाख ५० हजार युरो नगद पुरस्कार पाउनेछन् भने ब्राजिलियन खेलाडीहरूले कप उचाले ३ लाख युरो पाउनेछन्।

यसबीच जर्मनीले पनि आफ्ने खेलाडीहरूको मनोबल बढोस् भनेर खेलाडीहरूका लागि नगद पुरस्कारको घोषणा गरेको छ। जर्मनीले आफ्ना खेलाडीले विश्वकप जितेको खण्डमा २ लाख ५० हजार युरो दिने घोषणा गरेका छन्।

● मैदान बाहिर ●



# ब्रिटिस प्लेयर्सको साधनमोह



बिटेनका प्रोफेसनल प्लेयर्सहरूको आम्दानी अन्य खेलाडीहरूको तुलनामा राम्रो मानिन्छ। फुटबल खेलेर र विभिन्न उत्पादनको ब्रान्ड एम्बेसडर हुने आम्दानी बढी भएपछि उनीहरूको गर्ने खर्च पनि बढी नै हुन्छ। अहिले ब्रिटेनका अधिकांश खेलाडीले आफ्नो आम्दानी खर्च गर्ने माध्यम सवारी साधनलाई बनाउन थालेका छन्। त्यसैले डेभिड बेकह्यामदेखि एस्ले कोलसम्मका ब्रिटिस फुटबलरहरूको मुख्य ध्यान नयाँ-नयाँ मोडलका महँगा सवारी साधन खरिद गर्नुमा छ।

पछिल्ला पाँच वर्षमा १६ करोड ८५ लाख पाउन्ड स्टर्लिङ आम्दानी गरेका डेभिड बेकह्यामले यो अवधिमा ४० प्रकारका सवारी साधन फेरिसकेका छन्। सवारी साधन फेर्ने क्रम बढी भए पनि उनीसँग अझै पनि क्याडिल्याक स्क्यालाडी, पोर्च ९११ क्याब्रिओलेट, रोल्स रोय ड्रोफेड कोप, रेन्ज रोभर स्पोर्ट्स र ज्याङलर जीप साथमा छ। बेकह्यामले अमेरिकाको ग्ल्यालेक्सी क्लबबाट प्रोफेसनल फुटबल खेल्न थालेपछि अहिले इङ्ल्यान्डमा बाह्ये रुनीको चर्चा बढी हुन थालेको छ। इङ्लिस प्रिमियरमा सर्वाधिक आम्दानी गर्ने रुनीले पछिल्लो ६ वर्षमा १९ किसिमका सवारी साधन परिवर्तन गरेका छन्। अझै पनि रुनीसँग एस्टोन मार्टिन भ्यानकिस, बीएमडब्लु एम ३, मिनी जीप, फोर्डका, मर्सिडिज सीएलके, ल्याम्बोर्गिनी गालार्डो स्पाइडर, पोर्च ९११ तथा क्याडिल्याक स्क्यालाडी कार छ। इङ्ल्यान्डका अर्का खेलाडी जाने टेरी पनि सवारी साधनका सौखिन हुन्। उनीसँग अहिले एस्टोन मार्टिन, रेन्ज ओभर स्पोर्ट्स, बीएमडब्लु एक्स ५, पोर्च ९११ र टर्बो जीप छ।



इङ्लिस फुटबलर एस्ले कोलले हालै जेम्स बोन्डले चढ्ने किसिमको एस्टोन मार्टिन डीबीएस भी १२ कार किनेर आफ्नो सवारी साधनको संख्या बढाएका छन्। सवारी साधनका सौखिन खेलाडीहरू आफ्नो साधनमा हुइँकिन पछि पर्दैनन्। यस्तै तीव्र गतिमा सवारी साधन गुडाउँदा जर्मेन डियोफ सवारी साधन चलाउन प्रतिबन्धमा परेका छन्। केही महिनाअघि रेन्ज ओभर स्पोर्ट्स, एस्टोन मार्टिन भी ८ र एस्टोन मार्टिन डीबी ९ किनेका डियोफका साधनहरू अहिले ग्यारेजमा थन्किएका छन्।

## एसीसी यू-१६ इलाइट कप
# पहिलो प्रयासमा उपविजेता



**राजु घिसिङ**

काठमाडौं- पहिले नै चिकित्सकीय प्रविधिबाट परीक्षण गरिएकाले खेलाडीको उमेरमा विवाद रहेन। एसीसी यू-१६ इलाइट कपमा नेपाली किशोर टिमको प्रदर्शन कुन स्तरको हुन्छ भन्नेमा निश्चितता पनि थिएन। किनभने १६ वर्षमुनिका सबै खेलाडीको यही प्रतियोगिता नै अन्तर्राष्ट्रिय क्रिकेटमा पहिलो पाइला टेकाइ थियो। थोरै खेलाडीले राम्रो खेलेर भए पनि अन्ततः किशोर टिमले नेपाललाई फाइनलसम्म डोऱ्यायो।

फाइनलमा ६८ रनको हार बेहोरे पनि किशोर खेलाडीहरू स्यावासीका पात्र भए। यू-१५ र यू-१७ लाई विस्थापित गर्दै एसियन क्रिकेट काउन्सिल (एसीसी) ले नयाँ प्रतियोगिताको रूपमा यू-१६ इलाइट कप सुरु गरेको हो। पहिलो संस्करणको नतिजा नेपालका लागि उपलब्धिपूर्ण मानिएको छ।

नयाँ खेलाडीको अहिलेको अनुभव भविष्यमा काम लाग्नेछ। तल्लो स्तर र कम उमेरदेखि नै निरन्तर क्रिकेट खेल्दै जाने भएकाले उनीहरू निखारिंदै जानेछन्। पहिलो प्रयासमै उपविजेता भएका उनीहरू अनुभवी हुँदै भविष्यमा आत्मविश्वासी खेलाडी बन्न सक्नेछन्। त्यसले अन्तर्राष्ट्रिय क्रिकेटमा नेपालको छवि चुल्याउन सहयोग पुऱ्याउनेछ। अहिलेका लागि उनीहरूलाई आशाका किरण भने फरक पर्दैन।

च्याम्पियन बनेको सिंगापुर साँच्चिकै राम्रो र नेपालभन्दा बलियो टिम थियो। गत वर्ष काठमाडौंमै एसीसी यू-१५ इलाइट कप जितेको सिंगापुर टिमका ६ खेलाडी फेरि नेपाली मैदानमा उत्रिएका थिए। उनीहरूको अनुभव र उत्कृष्टताका आधारमा सिंगापुरले अन्तर्राष्ट्रिय क्रिकेटमा दोस्रो उपाधि जितेको हो। बढी उमेरका खेलाडी खेलाएको प्रमाणित भएपछि आयोजक नेपालसहित सहभागी आठमध्ये सात राष्ट्र अयोग्य घोषित गरेपछि सिंगापुर यू-१५ इलाइट कप च्याम्पियन भएको थियो।

सबै किसिमको क्रिकेटमा सिंगापुरसँग नेपालको यो पहिलो हार हो। त्यसैले पनि नपाली टिम फाइनलसम्म पुगेकोमा प्रशिक्षक रोय डायसले सन्तुष्टि व्यक्त गरे। फाइनलमा १ सय ४७ रनको चुनौती पाएको नेपालले गतिलो सुरुवात गरे पनि २२ ओभर खेल्दै मात्र ७८ रनमा सबै विकेट गुमाएको थियो। परम्परागत कमजोर ब्याटिङले फेरि निरन्तरता पायो र फाइनलमा तीन ब्याट्सम्यानले मात्र रनको दोहोरो अंक भेटाएका थिए।

नेपाली टिमको प्रमुख हतियार फेरि एकपल्ट बलिङ रह्यो। बलिङ र ब्याटिङ दुवैको नेतृत्व निश्चल पाण्डेले गरे। दुई अर्धशतकको सहयोगमा उनले जम्मा १ सय ६८ रन मात्र बनाए। चितवनका ठिटोले प्रतियोगितामा सर्वाधिक १५ विकेट पनि लिए। उनी लिगका तीनै खेलमा म्यान अफ द म्याच मात्र भएनन्, म्यान अफ दि सिरिज र बेस्ट बलर पनि चुनिए। ब्याटिङमा उनलाई दीपेन्द्र चन्द र शरद खड्काले साथ दिने प्रयास गरे। बलिङमा सुसनभरि श्रेष्ठ र विवेक चौधरीले निश्चललाई सघाए। नेपाली टिमका बाँकी खेलाडीको प्रदर्शन उल्लेखनीय रहेन।

जम्मा ८ टिम सहभागी प्रतियोगितामा नेपाल र सिंगापुर अपराजित टिमका रूपमा फाइनल पुगेका थिए। लिग चरणमा हङकङलाई ६ विकेट, कुवेतलाई १ सय १ रन र बहराइनलाई ८५ रनले हराएको नेपालले सेमिफाइनलमा मलेसियाको चुनौती ३२ रनले समाप्त पारेको थियो। भारतीय मूलका खेलाडीले भरिएको सिंगापुरले लिगमा मलेसियालाई ५३ रन, १ सय ७५ रन, साउदी अरेबियालाई ५ विकेट र अन्तिम चारमा हङकङलाई १ सय ३३ रनले पराजित गरेको थियो। चार अर्धशतक आत्मसात् गरेका सिंगापुरका विकास राजगोपाल बेस्ट ब्याट्सम्यान चुनिए।

यू-१६ विजेता बन्न सकेको भए नेपालले एसीसीको उमेर समूहका सबै प्रतियोगिताको उपाधि चुम्ने थियो। त्यो उपलब्धिमा नेपाली किशोर टिम चुक्यो। सातपल्ट उमेर समूहमा च्याम्पियन रहेको नेपालले २००५ र २००६ मा यू-१५, २००९ मा यू-१७, २००१, २००३, २००५ र २००७ मा यू-१९ मा सफलता पाएको थियो। एक महिनाअघि मात्र नेपालको सिनियर टिमले वर्ल्ड क्रिकेट लिग डिभिजन फाइवको उपाधि जितेको कीर्तिपुरमा यसअघि नेपालले कुनै पनि प्रतियोगिताको नकआउट चरणमा हार खेपेको थिएन।

# क्रिकेट, पैसा र रोमान्स

**राजु घिसिङ**

३ खर्ब ३ अर्ब ९६ करोड ८० लाख रुपैयाँ ब्रान्ड मूल्य । एक खेलको नतिजाका लागि बढीमा साढे तीन घण्टाको प्रतीक्षा । खेलाडीको मूल्य करोडौं । खेलका प्रत्येक ओभर र विकेटमा डिस्को जक्कीको म्युजिक मिक्सिङसँगै चियर लेडीको ग्ल्यामरस डान्स ।

क्रिकेटको कान्छो संस्करण 'ट्वान्टी-२०' प्रतियोगिता 'इन्डियन प्रिमियर लिग-आईपीएल' को तेस्रो संस्करणका रोमाञ्चकता हुन् यी । गत वर्ष दक्षिण अफ्रिकामा सफलतापूर्वक आयोजना गरेपछि शुक्रबार प्रारम्भ भएको तेस्रो संस्करणसँगै आईपीएल अर्थात् रंगीन क्रिकेटको दुनियाँ भारत फर्किएको छ ।






| टिम | प्रमुख खेलाडी |
|---|---|
| रोयल च्यालेन्जर्स बैङलोर | ज्याक्स कालिस, अनिल कुम्बले, केभिन पिटरसन, विराट कोहली |
| चेन्नाई सुपर किङ्स | महेन्द्रसिंह धोनी, माइकल हस्सी, मुथैया मुरलीधरन, सुरेश रैना |
| डेक्कन चार्जर्स | एडम गिलक्रिस्ट, हर्सेल गिब्स, एन्ड्रयु साइमन्ड्स, रोहित शर्मा |
| दिल्ली डेयरडेभिल्स | गौतम गम्भीर, तिलकरत्ने दिल्सन, वीरेन्द्र सहवाग, एबी डे भिल्लर्स |
| किङ्स-११ पञ्जाब | कुमार संगकारा, सन मार्स, युवराज सिंह, ब्रेट ली |
| कोलकाता नाइट राइडर्स | सौरभ गांगुली, क्रिस गेल, ब्रेन्डन म्याकलम, इशान्त शर्मा |
| मुम्बई इन्डियन्स | सचिन तेन्दुलकर, लसिथ मालिंगा, किरोन पोलार्ड, सनथ जयसूर्या |
| राजस्थान रोयल्स | शेन वार्न, ग्रेम स्मिथ, शन टट, युसुफ पठान |

डलरको वर्षा गरिएको आईपीएलको पहिलो संस्करण सन् २००८ मा भारतमै भएको थियो । चुनावी दौडमा रहेकाले सरकारले सुरक्षा दिन अस्वीकार गरेपछि पोहोर भारतबाट सारेर दक्षिण अफ्रिकामा सञ्चालन गरिएको थियो । दक्षिण अफ्रिकी भूमिमा पनि आईपीएलले भव्य सफलता पाएको थियो ।

२० ओभरको क्रिकेटको लोकप्रियता ह्वात्तै शिखरमा पुर्‍याउने प्रमुख माध्यम नै आईपीएल बनेको छ । ठूलो लगानी, पिचबाहिरको रंगीन गतिविधि एवं 'बोर्ड अफ कन्ट्रोल फर क्रिकेट इन इन्डिया-बीसीसीआई' को रवाफिलो कार्यले नै स्वप्निल क्रिकेटको दुनियाँ अर्थात् आईपीएल सम्भव भएको हो ।

फ्रान्चाइज सिस्टमको टिममा व्यापारिक घराना र बलिउड स्टारको लगानीले पनि आईपीएलको आकर्षण बढाएको छ । बलिउडका कलाकारको उपस्थिति र प्रस्तुतिले खेलको रोमाञ्चकता बढाउने गरेको छ । डीवाई पटिल स्टेडियममा भएको भव्य उद्घाटन बलिउड नायिका दीपिका पादुकोणसँगै अमेरिकी गायक लियोनेल रिचीको प्रस्तुतिले रंगीन बनाएको थियो ।

यसपालि ५५ फेसन-शो, ५० पार्टी, ३२ मोडललाई ५० डिजाइनरले आईपीएलको अवसरमा साथ दिनेछन् । जम्मा ४३ दिन लामो प्रतिस्पर्धामा आठ टिमले एक दर्जन स्थानमा ६० खेल खेल्नेछन् । खेलको रौनक बढाउन बलिउडका फिल्म देखाइने थ्री-डी प्रविधियुक्त सिनेमा हलमा पनि यसको प्रदर्शन प्रारम्भ गरिएको छ ।

अर्को वर्ष हुने चौथो संस्करणमा दुई टिम थपिनेछन् । १ सय व्यावसायिक ब्रान्डको सहभागिताले पनि आईपीएलको महत्व बढाएको छ । ब्रान्डको यो संख्या गत वर्षभन्दा ५० प्रतिशत बढी हो । बीसीसीआईले उपलब्ध गराएका खेलाडीलाई प्रत्येक टिमले लिलामी प्रक्रियाबाट मूल्य बढाबढका आधारमा अनुबन्ध गर्ने गरेका छन् ।

यसपल्टको लिलामी प्रक्रियामा न्युजिल्यान्डका बलर शेन बोन्ड र वेस्ट इन्डिजका अलराउन्डर किरोन पोलार्डले सर्वाधिक मूल्य पाएका थिए । सार्वजनिक नगरिएको समान ७ लाख ५० हजार अमेरिकी डलर अर्थात् करिब साढे ५ करोड रुपैयाँमा बोन्डलाई कोलकाता नाइट राइडर्स र पोलार्डलाई मुम्बई इन्डियन्सले अनुबन्ध गरे ।

यसपल्ट ५१ विदेशी खेलाडी थपिएका छन् । लिलामी प्रक्रियामा ९७ खेलाडी थिए । पाकिस्तान ट्वान्टी-२० क्रिकेटको विश्वविजेता हो । भारत-पाकिस्तानको राजनैतिक तनावका कारण पाकिस्तानी खेलाडी अनुबन्ध गर्ने जोखिम मोल्न कुनै पनि टिमले चाहेनन् ।

आ-आफ्ना राष्ट्रिय टिमको खेल रहेको स्थितिमा भने कुनै पनि खेलाडी आईपीएल छाडेर देशका लागि खेल्न जान्छन् । अन्तर्राष्ट्रिय क्रिकेटबाट संन्यास लिइसकेका खेलाडी पनि आईपीएलको व्यावसायिक प्रतिस्पर्धामा सामेल हुने गरेका छन् । त्यसैले आईपीएल अन्तराष्ट्रिय क्रिकेटका नयाँ र पुराना खेलाडीहरूको जमघटको अवसर पनि हो ।

यो प्रतिस्पर्धा लिग कम नकआउटका आधारमा हुन्छ । प्रत्येक टिमले जितमा २ र अनिर्णित अवस्थामा १ अंक पाउँछन् । हारमा भने अंक प्राप्त हुँदैन । स्कोर बारबरीको स्थितिमा खेलको छिनोफानो गर्न 'सुपर ओभर' खेलाइनेछ । लिगमा सबैले ७-७ खेल खेल्नेछन् । त्यसमध्ये शीर्ष चार स्थानमा रहेका टिम अन्तिम चार अर्थात् सेमिफाइनलमा छनौट हुनेछन् । अप्रिल २५ मा फाइनल नवी मुम्बईको डिवाई पटिल स्टेडियममा हुनेछ । डेक्कन चार्जर्स डिफेन्डिङ च्याम्पियन हो भने २००८ मा राजस्थान रोयल्सले आईपीएल जितेको थियो ।






# फेसनमा अन्तर्आत्माको यात्रा











फेसन डिजाइनरहरूको सिर्जनशीलता एवं कल्पनशीलता, मोडलहरूको आकर्षक बिरालो चाल र त्यसमा नृत्यको सुन्दर संयोजन गत शुक्रबार होटल सोल्टीको मेघा मल्हार प्रेक्षालयमा भव्य रूपमा सजाइएको र्‍याम्पमाथि एउटा फरक र विशिष्ट प्रस्तुतिको अनुभव गर्न पाइयो। 'जर्नी अफ सोल' अर्थात् अन्तर्आत्माको यात्रा शीर्षकको उक्त फेसन शोमा स्वर्गको स्वप्नील संसार, पृथ्वीको जीवन, पानीको चञ्चलता, वायुको गति, अग्निको राप र नर्कको दुःखलाई विभिन्न स्वरूपमा प्रस्तुत गरिएको थियो। राउन्ड टेबल सिटिङ अरेञ्जमेन्टमा उपस्थिति बाक्लिँदै गएपछि बिस्तारै संगीतको सुमधुर आवाज गुञ्जिन थाल्यो। उक्त संगीतलाई पछ्याउँदै मञ्चको एउटा कुनामा एक जना नृत्याङ्गनाले केही समयसम्म कत्थक नृत्यको सुन्दरतालाई जीवन्त रूपमा प्रस्तुत गरिन्।

यात्रा प्रारम्भ भएको थियो स्वाप्निल र मनोहारी स्वर्गको परिकल्पनाले। सो परिकल्पनालाई चरितार्थ गर्न डिजाइनरहरू खुश्बु अग्रवाल, पंकजा भण्डारी र नर्मदा खरेलले मूलतः ह्वाइट र पिंक कलरलाई प्राथमिकता दिएको पाइयो। स्वर्गको स्वप्निल संसारको भ्रमणपछि यो यात्राले पृथ्वीमा अवतरण गर्‍यो। पृथ्वीको प्राकृतिक सुन्दरता र जैविक विविधता मात्र नभएर मानव अतिक्रमणबाट पृथ्वीमा परेको प्रभावलाई समेत फेसन डिजाइनरहरू चन्दा थापा, सुरुचि शाक्य, रमिला प्रधान तथा सिम्पी अग्रवालको समूहले आफ्नो सिर्जनामार्फत् प्रस्तुत गर्ने प्रयास गरेका थिए। लर्डबुद्ध एजुकेशन फाउन्डेसनको आयोजनामा सोही संस्थाअन्तर्गतको सफ्ट सेन्टरका फेसन डिजाइनिङका विद्यार्थीहरूले तयार पारेको पहिरनशैलीलाई मञ्चमा मोडलहरूमार्फत उतार्ने कार्य भने कोरियोग्राफर कातिया मेरेउल्टले गरेकी थिइन्।

अन्तर्आत्माको यात्राअन्तर्गतको तेस्रो चरणमा पानीको चञ्चलतामार्फत जीवन सञ्चालनमा यसको महत्त्वलाई पहिरनमार्फत दर्साउने काम भयो, जसलाई जीवन्त बनाउन फेसन डिजाइनरहरू हेम गुरुङ, सोनी महर्जन, मनिला राजवंशी र मुना सुनुवारको समूहले मेहनत गरेका थिए। हावाको गति, शीतलता, उपयोगिता र महत्त्व दर्साउने डिजाइनहरू पूनम थापा, हेमाकुमारी थापा र विवेक गौचनको समूहद्वारा तयार परिएका पहिरन शैलीले कार्यक्रमको चौथो चरणमा प्रवेश पायो। सिफन र पारदर्शी फ्याब्रिक, पेस्टल कलर शेड्ससँगै रफलको प्रयोग गरी तयार गरिएका पहिरनशैलीले हावाको शीतलतालाई अनुभव गराएको थियो। त्यसपछि र्‍याम्पमा अग्निको ज्वाला अनुभव गर्न पाइयो। रातो पहेंलो र सुन्तला रंगको संयोजनमा अग्निको ज्वाला प्रस्तुत गरिएका पहिरनशैलीलाई सार्थकता प्रदान गर्ने क्रममा डिजाइनरद्वय सुनिका गुरुङ र रेहनुमा सिद्दिकीको जोडीले तयार गरेका सिर्जनामा शिल्क, स्टिफ र साइनी फ्याब्रिकका साथमा ग्लसी ड्रेपिङको बाहुल्यता झल्किन्थ्यो। स्वर्गको सुन्दरताको चित्रणका साथ प्रारम्भ भएको फेसनमय अन्तर्आत्माको यात्राले अन्ततः नर्कको नारकीयपन र कालो पक्षलाई उजागर गरी विश्राम लियो।

यसपटक भने डिजाइनहर डिन्जु सुब्बा र शान्ति महर्जनले नर्कको वातावरण सिर्जना गरेका थिए। तिनका सिर्जनामा ब्ल्याक, ब्राउन र ग्रे कलरको बाहुल्यता थियो। राक्षसी चरित्रलाई चित्रण गर्न मोडलहरूको मेकअपमा पनि विशेष ध्यान पुर्‍याइएको थियो।

करिब सवा घन्टाको फेसनरूपी यात्रालाई थप रोमाञ्चक बनाउन साल्सा डान्स एकेडेमीका कलाकारले प्रस्तुत गरेका कत्थक एवं हिपहप नृत्यको फ्युजन तथा साल्सा नृत्यले पनि दर्शकको वाहवाही पाएको थियो। साप्ताहिकको सञ्चार सहभागितामा साइन इभेन्ट्सले व्यवस्थापन गरेको उक्त फेसन सन्ध्याको अन्तमा भने सरप्राइज प्याकेजका रूपमा नायिका एवं मोडल नम्रता श्रेष्ठलाई कार्यक्रमको प्रमुख अतिथिका रूपमा प्रस्तुत गरियो। त्यसपछि नम्रताको हातबाट 'हावा' शीर्षकमा पहिरन सिर्जना गरेकी हेमाकुमारी थापाले कार्यक्रमको मोस्ट क्रिएटिभ डिजाइनरको एवार्ड थापिन्। डिजाइनहरू खुश्बु अग्रवाल, पंकजा भण्डारी तथा नर्वदा खरेलको समूहले भने 'स्वर्ग' शीर्षकअन्तर्गतको सिर्जनाका लागि बेस्ट सिक्वेन्सको एवार्ड प्राप्त गरे।

–रोजिन शाक्य


चैत २७ गतेदेखि
नेपालका प्रमुख सहरहरूमा एक साथ प्रदर्शन हुँदैछ




Work & Study in JAPAN
Japanese Language/IELTS (Free Books, CDs, Lab Practics, Weekly Tests)
Languages: English, French, German,Korean, Hebrew, Chinese, Spanish, Italian, & more
Load Shadding: No Problem
COMPUTER COURSES
Software, Hardware, and Networking
Basic, Office, Graphics, webpage, Accounting, Programming,PHP
Osish Language & Computer Center (OLC)
New Baneshwor (Opp. New Baneshwor Dept. store) Tel: 4785226 | New Baneshwor (Opp. BICC water Tank) Tel: 4483414 | Adwait Marg (Bagbazar) Tel: 4232866 | Lagankhel (Bus Park) Tel: 5004018

मोबाईल तालिम
(मोबाईल फोन Chinese मोबाईलको सफ्टवेयर गराईन्छ)
रेडियो क्यासेट DVD, VCD, TV
कम्प्यूटर हार्डवेयर, सफ्टवेयर
एसी/फ्रिज
हाउसवायरिङ्ग
मोटरवाईण्डिङ्ग
Guarantee
लोडसेडिङ्ग नो प्रोब्लम
१३ वर्ष पूरानो
३३% छुटमा
Job को लागि सहयोग
तालिमको लागि सम्पर्कः
राज ईलेक्ट्रोनिक्स
शिव दर्शन हल अगाडी
नयाँ बानेश्वर फोनः ४४९५५८१
कालिमाटी ०१-६२२४७९८
नोटः विदेश जानेलाई विशेष कोर्ष

के तपाई रोजगारीको खोजीमा हुनुहुन्छ ?
युवा स्वरोजगारमा आश्चर्यजनक सफलता
DIGITAL EDITING & ANIMATION
कुनै पनि कार्यको सस्तो र छिटो Video Editing गरिन्छ।
फोटोग्राफी भिडियोग्राफी
नेपालमै नं. 1 Study Center World Wide Valid Certificate
KANTIPUR PHOTOGRAPHY
पुतलीसडक चोक, काठमाडौं
४४४३३१९, ९८४१-३२२७७७

फोटोग्राफी भिडियोग्राफी
❊ फोटो/भिडियो एडिटिङ
❊ फोटो/भिडियो प्रत्रकारिता
❊ फोटो ल्यामिनेशन
अरुण दत्तद्वारा वि.सं. २०५३ देखि निरन्तर
Hurry UP
नेपाल फोटोग्राफी ट्रेनिङ ईन्स्टिच्यूट
मान्यता प्राप्त पहिलो फोटो भिडियो ईन्स्टिच्यूट साझा भण्डार भोटाहिटि
Nepalpti@yahoo.com, 4216291

Consultancy Sale
Well Running Educational Consultancy
Centrally Located at New Baneshwor
Option for Franchisee/ Complete Sale
2 Phone Lines with Epabx System
Ample Parking with Affordable Rent
Carpeted 7 Rooms with Power Backup
LCD Computers with Hi-Tech Furnitures
Multiple Training Options with Kitchen
Proper Networking with Net Connection
Both Franchise Partner as well as Buyers will be well Entertained...
Those Serious Parties can call us for the Location visit to monitor the above stated Infrastructure.
Genuine Inqury: 9851055733

If U Can Talk then
Earn 17000+ Per Month
Luxurious Office+ Vehicle
Work 1/2 Hours Only Per Day
Three Generation Royalty Income
A Step 2 Make UR Dream Come True
Flexible Working Hour + Huge Income
Own Ur Business Without Investment
Life Insurance + Academic Scholarship
Free luxurious Bunglow + Foreign Tour
Both Freshers + Highly Skilled Can join
Shaping Minds Group-Business Club
Putalisadak 2222605 4233478 | New Baneshwor 4782162 4781431 | Kumaripati 5008632 2292244

होटल तालिम
(१००% रोजगारी मुलक)
कुक (इण्डियन, चाईनिज, कण्टिनेन्टल, इटालियन, मेक्सिकन) वेटर,वारमेन,क्याप्टेन,होटल सुपरभाइजर, रिसेप्सनिष्ट,हाउसकिपीङ्ग आदि।
✱५ तारे होटलमा कार्यरत अनुभवी प्रशिक्षक बाट तालिम दिइने।
✱टाढाबाट आएका र बिदेश जानेहरुको लागि स्पेशल कोर्षको व्यवस्था।
✱Ex-practical को लागि होटलहरुमा पठाईने। सक्षम नभएमा पुनः कक्षा गराएर सक्षम बनाईने।
अन्तराष्ट्रिय होटल तालिम प्रा.लि.
बालाजु चोक (Vision Institute) सँगै
फोन: 01-4384548

Shaping Minds Group
Kumaripati 5008632 2292233/44
Putalisadak 2222605 4233478
Baneshwor 4782162 4781431
Itahari 025-584310
Career Oriented Training
* Banking Training - 42 Days - 2 Hrs Daily
* Diploma in Fashion Design - 12 Months
* Diploma in Interior Design - 12 Months
* Hardware Training - 8 Weeks - 2 Hrs Daily
* Secretarial Training - 8 Weeks - 2 Hrs Daily
* Accounting Package - 8 Weeks - 2 Hrs Daily
* Diploma in Cook Training - 8 Weeks - 2 Hrs
* Personality Development - 8 Weeks - 2 Hrs
* Special English Course - 8 Weeks - 2 Hrs Daily
* IELTS / TOEFL / SAT / GRE / GMAT - 8 Weeks - 2 Hrs
Projector Base Education from Experts in Affordable Cost

Drive Your Career in 5 star Hotel
Internship & Job Opportunities
ADMISSION OPEN
Advance Level Courses Details
2 Years Hotel Management
18 Months F & B Management
1 Years Kitchen Management
6 Months Advance Cook/Bartender
5 Months Advance Bakery/Pastry
Basic Level Courses
Cook/Waiter/Bar/Front Office/ Housekeeping
Global Institute of Hotel Mgmt & Tourism Technical Center P. Ltd
4484098, 2134544
नयाँबानेश्वर मिनभवन शान्तिनगर गेट सँगै

होटल तथा पर्यटन तालिम
* Tour and Travel Mgmt.
* Tour Operation
* Airlines Ticketing (Manual, Amadeus, Abacus & Galileo)
* Hotel Management
* F & B Management
* Cook
* Front Office
* Bartender
* Housekeeping
* Waiter
* Bakery
* Coffee Making
10th Year of Establishment
South Asia Tourism HRD Program मा आधारित तालिम
Compare our quality with the others
सम्पर्कः- सांग्रीला पर्यटन तथा होटल तालिम केन्द्र प्रा. लि.
नयाँ बानेश्वर चोक
(अन्तर्राष्ट्रिय सभा केन्द्रको पानी ट्यांकीको पश्चिम)
4472553 / 4475113
Affiliated to CTEVT
Member HAN REBAN ATHTIN


कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित। अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल**।